# जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को अध्ययन प्रतिवेदन, २०७८



नेपाल सरकार
प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पूर्वाधार विकास महाशाखा
सिंहदरवार, काठमाडौं ।

# हाम्रो भनाई

मुलुकको दीर्घकालीन विकासको लक्ष्य हासिल गर्नतथा समयको परिवर्तनसँगै बढ्दो जनअपेक्षा पुरा गर्नका लागि नेपाल सरकारबाट समय समयमा राष्ट्रिय नीतिहरूको तर्जुमा तथा कार्यान्वयन हुँदै आइरहेको छ। नीतिको उद्देश्य प्राप्तिका लागि नीति कार्यान्वयनको अवस्था, कार्यान्वयनमा देखिएका समस्या तथा समाधानका उपाय समेत पहिल्याई अघि बढ्नुपर्ने हुन्छ।

यसै सन्दर्भमा जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को तर्जुमा प्रक्रिया, कार्यान्वयन अवस्था र प्राप्त उपलब्धिको लेखाजोखा गर्ने एवं आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रहरूको पहिचान गर्ने मुख्य उद्देश्यका साथ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नेपाल सरकारका राष्ट्रिय नीतिको अध्ययन सम्बन्धी अवधारणा पत्र मिति २०७७/०९/१३ गते स्वीकृत गरी पूर्वाधार विकास महाशाखाबाट जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को अध्ययन प्रतिवेदन तयार गरिएको छ।

नीतिको अध्ययनबाट तर्जुमामा सम्पूर्ण पक्षलाई समेटन नसकेको, जोखिम न्यूनीकरण एवम् पूर्वतयारीको विषय कम प्राथमिकतामा परेको, नदी नियन्त्रण कार्यमा तीन तहको कार्यक्रमबीच पर्याप्त समन्वय नदेखिएको, आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा कार्यक्रमको नीतिसँग तादात्म्य राख्न नसकेको, जल उत्पन्न प्रकोप सम्वन्धी विषयको लागि एकल जिम्मेवारी भएको विशिष्टीकृत निकाय नरहेको, दुबै छिमेकी मुलुकसँग जलजन्य प्रकोपको सूचना आदान प्रदान गर्न औपचारिक संयन्त्र स्थापित नभएको लगायत समग्र पक्षहरुको विश्लेषणका आधारमा यो नीतिलाई परिमार्जन गर्नुपर्ने देखिएको छ। यस अध्ययनबाट जल उत्पन्न प्रकोप व्यवस्थापनका विभिन्न सवालहरु साथै संघीयता अनुकूलको कार्यान्वयनयोग्य नीति तर्जुमा गरी कार्यान्वयन गर्न नीति तर्जुमा गर्ने निकायलाई पृष्ठपोषण प्राप्त हुन सक्दछ। यसैगरी जल उत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धी विषयमा अध्ययन अनुसन्धान गर्न चाहनेहरुका लागि जानकारीमूलक सन्दर्भ सामग्रीको रुपमा समेत उपयोगी हुन सक्ने अध्ययन कार्यदलको अपेक्षा रहेको छ।

अध्ययन प्रतिवेदन तयारीका क्रममा पृष्ठपोषण दिनु हुने प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव डा. वैकुण्ठ अर्याल प्रति कृतज्ञता व्यक्त गर्दछौ। अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिनु हुने नेपाल सरकारका पूर्व सचिव डा. तीर्थ राज ढकाल प्रति हार्दिक आभार व्यक्त गर्दछौ। तथ्याङ्क तथा सूचना संकलनमा आवश्यक दस्तावेज एवम् अभिलेख उपलव्ध गराइ सहयोग गर्ने राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयर जलस्रोत तथा सिँचाइ विभागलाई धन्यवाद दिन चाहन्छौ। प्राथमिक सूचना तथा तथ्याङ्क संकलनका लागि मुख्य सूचनादाता अन्तर्वार्ता र समूह केन्द्रित छलफलमा आफ्ना अमूल्य भनाई राखी यो अध्ययनलाई सारगर्भित बनाउन सहयोग गर्नुहुने सम्पूर्ण सहभागी धन्यवादका पात्र हुनुहुन्छ। अन्तमा अध्ययन कार्यदलमा रही कार्य गर्नु हुने र कार्यालयका सबै कर्मचारीसाथीहरु प्रति अध्ययन कार्यमा पुर्‍याउनु भएको योगदानका लागि समेत हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

**अध्ययन कार्यदल**

# विषय सूची

**कार्यकारी सारांश**

**परिच्छेद — १ परिचय**

१.१ पृष्ठभूमि.......................................................................................१

१.२ अध्यनको उद्देश्य............................................................................... ३

१.३ अध्ययनको सीमा............................................................................... ३

**परिच्छेद — २ समीक्षा**

२.१ संवैधानिक व्यवस्था............................................................................... ४

२.२ कानुनी तथा नीतिगत व्यवस्था............................................................... ४

२.३ आवधिक योजना............................................................................... ६

२.४ वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य............................................... ८

२.५ नीति तर्जुमा प्रक्रिया............................................................................... १०

**परिच्छेद — ३ अध्ययनको विधि**............................................................... ११

**परिच्छेद — ४ नतिजा**

४.१ नीति तर्जुमा प्रक्रिया विश्लेषण............................................................... १२

४.२ नीति कार्यान्वयनको अवस्थाको विश्लेषण............................................... १६

४.३ उपलब्धिको विश्लेषण............................................................................... २७

४.४ प्राथमिक तथ्याङ्क विश्लेषण............................................................... ३३

४.५नीतिको तर्जुमा तथा कार्यान्वयनमा देखिएका समस्याहरू.................................... ४३

**परिच्छेद — ५ निष्कर्ष तथा सिफारिस**

५.१ निष्कर्ष............................................................................................... ४६

५.२ सिफारिस............................................................................................... ४८

**सन्दर्भ सामग्री**

**अनुसूचीहरु**

# कार्यकारी सारांश

सार्वजनिक नीति मार्फत सरकारले नागरिकको बहुआयामिक हित प्रवर्द्धन गर्न नागरिक प्रतिको बृहत् दायित्व निर्वाह गर्ने सङ्कल्प गरेको हुन्छ। सरकारले तर्जुमा गर्ने राष्ट्रिय नीतिमा जनचाहना प्रतिबिम्बित भएको हुनुपर्छ भन्ने मान्यता रहि आएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नेपाल सरकारका राष्ट्रिय नीति मध्येबाट छनौट गरिएका केही राष्ट्रिय नीतिको अध्ययन सम्वन्धी मिति २०७७/०९/१३ मा स्वीकृत अवधारणा पत्र बमोजिम अध्ययनको लागि पूर्वाधार विकास महाशाखाबाट जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ छनौट भएको हो। उक्त नीतिको तर्जुमा प्रक्रिया, कार्यान्वयन अवस्था र प्राप्त उपलब्धिको लेखाजोखा गर्ने एवं आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रहरूको पहिचान गर्ने मुख्य उद्देश्यका साथ अध्ययन कार्यदल समेत गठन गरी उक्त अध्ययन कार्यदलबाट प्रतिवेदन तयार गरिएको छ।

यो अध्ययन महाशाखामा कार्यरत जनशक्तिबाट सूचना तथा तथ्याङ्क संकलन गरी उक्त जनशक्तिकै ज्ञान, सीप र क्षमताको उपयोग गर्दै नेपाल सरकारलाई अतिरिक्त व्ययभार नपर्ने गरी गरिएकाले यसमा साधन श्रोत र विज्ञता समेतको सीमितता रहेको छ।जल उत्पन्न प्रकोप व्यवस्थापन नीति,२०७२ को अध्ययनका लागि प्राथमिक स्रोत (मुख्य सूचनादाता अन्तर्वार्ता, समूह केन्द्रित छलफल) तथा द्वितीय स्रोत (संविधान, सम्बन्धित नीति तथा कानून, आवधिक योजनाहरू, वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य तथा वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धी दस्तावेज,अभिलेख) बाट सूचना तथा तथ्याङ्क (Secondary Data) संकलन गरी विश्लेषण गरिएको छ।

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को तर्जुमाका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिवको संयोजकत्वमा जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०६२ को कार्यान्वयन अवस्थाको विश्लेषण, जल उत्पन्न प्रकोप व्यवस्थापनको विद्यमान अवस्था र यस क्षेत्रमा आएका नवीन मान्यता तथा प्रविधिहरुको अध्ययन गरी मस्यौदा तयार गर्न समिति गठन भएको थियो। उक्त समितिले तयार गरेको मस्यौदा उपर विभिन्न पक्षसँग राय सुझाव लिएको भएतापनि जल उत्पन्न प्रकोप व्यवस्थापनमा प्रत्यक्ष संलग्न रहेका उपभोक्ता समूहका प्रतिनिधि, निजी क्षेत्र र सामाजिक संस्थासँग पर्याप्त मात्रामा छलफल तथा अन्तरक्रिया नभएको देखिन्छ।

जल उत्पन्न प्रकोप व्यवस्थापनका लागि नदी नियन्त्रण, टारवजार संरक्षण, नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण लगायतका कार्यक्रम संचालनमा रहेका छन्। पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली व्यवस्थापन कार्यका लागि विभिन्न स्थानमा स्वचालित जलमापन केन्द्र स्थापना भएका छन्। जनताको

तटवन्ध, सीमा नदी डुबान कटानको नियन्त्रणका लागि संयुक्त समिति, जल उत्पन्न प्रकोप व्यवस्थापनका लागि जनचेतना अभिवृद्धि, बाढी अनुमान तथा विश्लेषण र नक्साङ्कन, पहिरो जोखिम क्षेत्रको सीमाङ्कन जस्ता कार्यक्रम कार्यान्वयनमा रहेका छन्। कार्यक्रम कार्यान्वयनबाट तटबन्ध निर्माण, जग्गा उकास, ठूला पहिरो नियन्त्रण तथा सीमा नदीहरुमा हुने डुबान र कटान नियन्त्रणमा उल्लेख्य उपलब्धि हासिल भएको देखिन्छ।

नीति तर्जुमाको समयमा सघन एवम् बृहत् सहभागिताको कमीका कारण अन्तरसम्वन्धित नीतिगत विषयहरुलाई समेट्न नसकेको देखिन्छ। संघीय शासन प्रणालीको अवलम्बन पश्चात् नयाँ संविधानले तय गरेको तीन तहको एकल तथा साझा अधिकार क्षेत्र सम्बन्धी विषय र नीति कार्यान्वयन संयन्त्रका बारेमा पर्याप्त छलफल नभएकोले विषयवस्तुमा थप स्पष्टता देखिंदैन। आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य र बार्षिक बजेट तथा कार्यक्रमवीच राष्ट्रिय नीतिको अन्तरसम्बन्धलाई आंशिक रुपमा मात्र सम्वोधन गरेकोले अपेक्षाकृत अन्तरसम्वन्ध स्थापित हुन सकेको देखिंदैन। नीति कार्यान्वयनको लागि कार्यक्रममा विनियोजित बार्षिक बजेट मध्ये करीव ९०% खर्च भएतापनि नदी नियन्त्रण कार्यक्रमहरुमा माग बमोजिम बजेट उपलव्ध हुन सकेको छैन्। साथै बाढी पहिरो जस्ता विपद् पूर्व तयारीका लागि भने बजेटको कमी रहेको देखिन्छ।

जल उत्पन्न प्रकोप नियन्त्रणको कार्यलाई अघि बढाउन एकल निकाय नरहनु, संघीय एकाइबीच कार्यमा दोहोरोपना कायम रहनु, विपद् न्यूनीकरणको पूर्व तयारी कार्यक्रममा बजेटको न्यूनता रहनु, नीति कार्यान्वयनका लागि लागत नलाग्ने कार्य समेत हुन नसक्नु, एकीकृत विकास व्यवस्थापन र एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणालाई अपेक्षित रुपमा अवलम्बन नहुनु, प्रविधिमा समयानुकूल सुधार गर्न एवम् नयाँ प्रविधि प्रयोगमा ल्याउन नसक्नु, जोखिमको आधारमा जमिनको पूर्णरुपमा वर्गीकरण हुन नसक्नु, नदीको उपल्लो तटीय र तल्लो तटीय क्षेत्रमा हुन सक्ने जोखिम न्यूनीकरणको पर्याप्त संरचना नहुनु, नीतिको उद्देश्य पुरा गर्न कानूनको पर्याप्त व्यवस्था हुन नसक्नु, पूर्वसूचना प्रणाली र पूर्व चेतावनी प्रणालीलाई राष्ट्रिय प्रादेशिक र जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रहरुसँग अन्तर आवद्वता कायम गर्न नसक्नु जस्ता समस्याले नीति कार्यान्वयनमा अवरोध सिर्जना गरेका छन्।

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति तर्जुमाका क्रममा लाभग्राहीसँग अपेक्षित रुपमा छलफल नहुँदा नीतिमा अपनत्व रहेको देखिएन। नीति तर्जुमाका क्रममा कार्यान्वयन कार्ययोजना तयार हुन नसक्दा कार्यान्वयनमा गति प्रदान गर्न नसक्नु, आवश्यक कानूनी तथा संस्थागत व्यवस्था अपेक्षित रुपमा तयार नहुनु, आवधिक र वार्षिक योजनाले नीतिले लिएका अधिकांश पक्षलाई आत्मसात नगरिनु,

कार्यान्वयनका लागि आवश्यक बजेट र जनशक्ति कमी हुनु, संविधान बमोजिम प्रदेश तथा स्थानीय तहसँग साझा अधिकार सूचीसँग सम्बन्धित नीतिगत विषयको स्पष्टता भैनसक्नु, नीति कार्यान्वयनका लागि एकल समर्पित निकाय नहुनु जस्ता कारणहरुले गर्दा नीतिको कार्यान्वयन औसत मात्र भएको देखिन्छ। हाल जलविद्युत, खानेपानी, सिँचाइ लगायतका कार्यमा समेत बाँध बनाउने गरिएतापनि बाँधको सुरक्षा तथा पूर्वतयारी र सीमापार जलसूचना आदान प्रदान (Cross Border Water Information Sharing) को विषयलाई नीतिले समेटेको देखिदैन। साथै जल उत्पन्न प्रकोप विपद् व्यवस्थापनको एउटा मुख्य पक्ष भएतापनि विपद् व्यवस्थापन सम्बन्धी विद्यमान नीति, कानून र कार्यान्वयन कार्ययोजनासँग तादात्म्य रहेको देखिएन।

यस नीतिको प्रभावकारी कार्यान्वयन गर्दै अघि बढन तथा संघीय शासन प्रणाली अनुरुप नयाँ नीति तर्जुमा गर्ने क्रममा देहायका विषयहरुमा ध्यान दिनुपर्ने देखिन्छः

- सरकारको नीतिगत घोषणालाई यथोचित तालमेल मिलाई तीनै तहको स्पष्ट कार्य जिम्मेवारी बाडफाँट र आपसी समन्वय हुने गरी नीति तर्जुमा एवम् कार्यान्वयन संयन्त्रको विकास गर्ने,
- विपद् व्यवस्थापनको क्षेत्रका कानुनी र नीतिगत व्यवस्थासँग तादात्म्य मिलाई यसका संस्थागत र संरचनागत व्यवस्थासँग अन्तर आवद्धता कायम गर्ने,
- प्रभावकारी विपद् व्यवस्थापन एवम् जोखिम हस्तान्तरणका लागि Forecast Based Financing, Infrastructure Insurance लगायतका वैकल्पिक वित्त व्यवस्थापनका विधिहरुको प्रयोग गरी जल उत्पन्न प्रकोप सम्बन्धी जोखिम न्यूनीकरण गर्दै स्रोत साधन व्यवस्थापन गर्ने,
- नदीको उपल्लो तटीय र तल्लो तटीय क्षेत्रमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न Cross Border Water Induced Disaster Risk Information Sharing and Coordination Mechanism बनाउँनु पर्ने,
- दीर्घकालीन नीति, आवधिक र वार्षिक योजना बीच सामन्जस्यता कायम गर्ने एवम् तिनै तहको प्रभावकारी समन्वय र सहकार्यका लागि उपयुक्त समन्वय संयन्त्रको व्यवस्था गरिनुपर्ने,
- पूर्वसूचना प्रणाली र पूर्व चेतावनी प्रणालीलाई आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग अन्तर आवद्धता कायम गर्ने,
- जल उत्पन्न प्रकोप नियन्त्रणका क्षेत्रमा उपलव्ध परम्परागत र नयाँ प्रविधिको प्रयोगमा बढावा दिने,
- एकीकृत विकास व्यवस्थापन र एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणालाई अवलम्बन गर्दै Build Back Better Approach अनुसार पुननिर्माण र पुनस्थापना कार्यक्रम सञ्चालन गर्ने ।

- मुलुकलाई विपद् उत्थानशील राष्ट्र बनाउँन नेपालले अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिवद्वता हासिल गर्न सक्ने गरी नयाँ नीतिको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने।

अन्तमा कुनै पनि सार्वजनिक नीतिले परिकल्पना गरेको लक्ष्य प्राप्तिका लागि सोहि बमोजिम आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम तथा बजेटले समेटदै अघि बढाउनुपर्ने हुन्छ। तर विगत ६ आर्थिक वर्षको बजेट कार्यक्रम र ३ वटा आवधिक योजनाको विश्लेषण गर्दा यसको कमी रहन गएको पाइयो। साथै नदी नियन्त्रणका लागितटवन्ध निर्माणका कार्यलाई निरन्तर रुपमा अघि बढाउँदै संरक्षण कार्य समेत एकसाथ अघि बढाउनु पर्ने देखिन्छ जसबाट समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्दछ। तसर्थ जल उत्पन्न प्रकोप व्यवस्थापन नीतिलाई सबै सरोकारवालाको संलग्नता र सहभागितामा संवैधानिक व्यवस्था अनुरुप संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी स्पष्ट गर्दै All of the society अवधारणाको अवलम्बन गरी परिमार्जन गर्नु आवश्यक देखिन्छ।

# परिच्छेद -१: परिचय

## १.१पृष्ठभूमि

संविधानले परिलक्षित गरेको गन्तव्यमा पुग्न र मुलुकको दीर्घकालीन विकासको लक्ष्य हासिल गर्नका लागि नेपाल सरकारले समय समयमा विभिन्न प्रकारका राष्ट्रिय नीतिहरूको तर्जुमा गरी कार्यान्वयन गर्दै आइरहेको छ। राष्ट्रिय नीति विद्यमान रहने तर आवधिक योजना, नीति तथा कार्यक्रम, बजेटवीचको अन्तरसम्बन्ध, नीतिले लिएको उद्देश्य तथा नीति कार्यान्वयनको अवस्था, रणनीति, कार्यनीति अनुसार कार्य भए नभएको तथा तिनको कार्य प्रभावकारिता, नीति कार्यान्वयनमा रहेका समस्याको पहिचान र समाधानको सम्बन्धमा कममात्र अध्ययन भएको पाईन्छ। यसै सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपाल सरकारका राष्ट्रिय नीतिको अध्ययन सम्बन्धी अवधारणा पत्र मिति २०७७/०९/१३ गते स्वीकृत गरी यस आर्थिक वर्षमा चारवटा राष्ट्रिय नीति छनौट गरि अध्ययन गरिएको हो। यसक्रममा पूर्वाधार विकास महाशाखाबाट जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको छ।

नेपाल समुद्री सुविधाबाट बन्चित भए पनि जलसम्पदाको दृष्टिले विश्वको एक समृद्ध देश मानिन्छ। यहाँ सानाठूला गरी ६००० भन्दा बढी नदीनाला छन्। यी नदी तथा हिमनदीका कारण वर्षायाममा विभिन्न प्रकोपहरू जस्तै; मनसुनी वर्षा, हिमनदी विष्फोटन, भू-क्षय, बाढी, पहिरो, नदी कटान, गेग्रान बहाव आदि जस्ता विभिन्न जल उत्पन्न प्रकोपहरू नियमित रुपमा आउने गरेका छन्। यी प्रकोपहरूको कारणबाट विभिन्न भौतिक संरचना जस्तै, सडक, नहर, जल विद्युत, आवास, खानेपानी आदि संरचनाहरूको हानी नोक्सानी, कृषियोग्य भूमिको विनाश,सांस्कृतिक सम्पदाको विनाश, एवम् जनधनको क्षति जस्ता नकारात्मक प्रभावहरू परिरहेका छन्।

जल उत्पन्न प्रकोपको न्यूनीकरणको लागि तत्कालीन जलस्रोत मन्त्रालय अन्तर्गत नेपाल सरकारका सम्वन्धित निकायहरूको सहभागिता तथा जापान अन्तर्राष्ट्रिय सहयोग नियोगको सहयोगमा २०४८ सालमा जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि केन्द्रको स्थापना भएको थियो। यसै केन्द्रको उद्देश्य तथा उपलब्धिहरूलाई संस्थागत गर्न २०५६ माघ २४ गते जल उत्पन्न प्रकोप नियन्त्रण विभागको स्थापना भएको हो। नेपाल सरकारको मिति

२०५८।१०।११को निर्णयानुसार जल उत्पन्न प्रकोपका विषयलाई जलस्रोत मन्त्रालय अन्तर्गत एउटै निकायबाट हेर्ने व्यवस्था गर्ने हेतुले साविकमा सिँचाइ विभागको नदी नियन्त्रण महाशाखाबाट सम्पादन भई आएको नदी नियन्त्रण सम्वन्धी कार्यलाई जल उत्पन्न प्रकोप व्यवस्थापन विभागमा समाहित गरियो। सोही विभाग अन्तर्गत विभिन्न जिल्लाहरूमा डिभिजन तथा सव डिभिजन कार्यालयहरू स्थापना गरी जल उत्पन्न प्रकोप न्यूनीकरणका कार्यहरू सञ्चालन भएको थियो।

हाल जल उत्पन्न प्रकोप नियन्त्रण विभाग जलस्रोत तथा सिँचाइ विभागको एक महाशाखाका रुपमा रहेको छ भने जिल्ला स्थित कार्यालयहरू प्रदेशमा समायोजन भएको अवस्था छ। अहिले नदी नियन्त्रणका कार्य संघ, प्रदेश र स्थानीय तीन तहबाटै सम्पादन हुँदै आइरहेको छ। नेपालको भू-वनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी वर्षा र जलवायु परिवर्तन आदिका कारणबाट नेपालका विभिन्न नदी नालाहरूका जलाधार क्षेत्रमा पहिरो र भू-क्षय बढ्न गई हरेक वर्ष जनधनको उल्लेख्य मात्रामा क्षति हुने गरेको छ। वर्षेनी हुने जनधनको क्षतिलाई न्यूनीकरण गर्न विभिन्न सार्वजनिक, सामुदायिक तथा निजी क्षेत्रको संलग्नता र समन्वयबाट गरिनुपर्ने जल उत्पन्न प्रकोप व्यवस्थापन कार्य राष्ट्रिय जलस्रोत रणनीति तथा राष्ट्रिय जल योजनाले जल उत्पन्न प्रकोप क्षेत्रमा अङ्गीकार गरेको उद्देश्य समेत समेटेर तर्जुमा भएको जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को कार्यान्वयनको अवस्था र उपलब्धिको समीक्षा गर्दै कार्यान्वयनमा देखा परेका समस्याहरू पहिचान गरी सुधारका लागि सुझाव दिने यस अध्ययनको उद्देश्य रहेको छ।

यस क्रममा नीति जारी भइसकेपछि जल उत्पन्न प्रकोप व्यवस्थापनका लागि आवधिक योजना (तेह्रौं, चौधौं र पन्ध्रौं), नीति कार्यक्रम, बजेट वक्तव्य र वार्षिक बजेटमा उल्लेख भएका विषय तथा कार्यक्रमबाट तथ्याङ्क तथा सूचना संकलन गरी नीतिको कार्यान्वयन अवस्थाको विश्लेषण गरिएको छ। नीति तर्जुमा, कार्यान्वयन देखि लाभग्राही समेत सबै सरोकारवालाबाट सूचना तथा तथ्याङ्क संकलन गर्ने उद्देश्यका साथ नीतिसँग सम्बन्धित क्षेत्रका विज्ञ, नीति तर्जुमाको नेतृत्वदायी निकाय, सरोकारवाला/लक्षित वर्गसँग छलफल गरी नीतिमा उल्लिखित दृष्टिकोण, अवधारणा, उद्देश्य, नीति प्रस्ताव तथा कार्यनीतिको मूल्याङ्कन गर्ने कार्यका लागि समूह केन्द्रित छलफल (Focus Group Discussion-FGD) तथा मूख्य सूचनादाता अन्तर्वार्ता (Key Informant Interview-KII) गरी प्राथमिक सूचना तथा तथ्याङ्क संकलन तथा विश्लेषण गरिएको छ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को तर्जुमा प्रक्रिया, कार्यान्वयन अवस्था र प्राप्त उपलब्धिको लेखाजोखा गर्नु एवं आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रहरूको पहिचान गर्नु रहेको छ। यस अध्ययनका विशिष्टीकृत उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- नीति कार्यान्वयनको अवस्था र उपलब्धिको समीक्षा गर्ने।
- नीतिको तर्जुमा प्रक्रिया तथा नीतिका विविध पक्षबीचको अन्तरसम्बन्धको विश्लेषण गर्ने।
- नीति कार्यान्वयनमा देखा परेका समस्याको पहिचान गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने।

## १.३ अध्ययनको सीमा

अध्ययन कार्यदलबाट सूचना तथा तथ्याङ्क संकलन गरी उपलव्ध ज्ञान, सीप र क्षमताको उपयोग गर्दै नेपाल सरकारलाई अतिरिक्त व्ययभार नपर्ने किसिमले यो अध्ययन कार्य गरिएकाले यसमा साधन श्रोत र विज्ञता समेतको सीमितता रहेकोछ। यस अध्ययनका अन्य सीमाहरू देहाय वमोजिम उल्लेख गरिएको छ :

- जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को असर तथा प्रभावको विश्लेषण नगरिएको।
- अध्ययन मुख्य रुपमा द्वितीय सूचना तथा तथ्याङ्कमा आधारित रहेको तर प्राथमिक तथ्याङ्क मुख्य सूचनादातासँगको अन्तर्वार्ता र समूह केन्द्रित छलफलद्वारा लिइएको।

# परिच्छेद -२: समीक्षा

## २.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ को (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी व्यवस्था रहेको छ। उक्त धारा अन्तर्गत (छ) को (४) मा जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने र (छ) को (९) मा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनस्थापना गर्ने व्यवस्था रहेको छ। संविधानको अनुसूची - ५ को संघको अधिकार सूचीको क्रमसंख्या (७) मा अन्तर्राष्ट्रिय सीमा नदी सम्बन्धी विषय उल्लेख भएको छ भने क्रमसंख्या (११) मा जलस्रोतको संरक्षण र बहुआयामिक उपयोग सम्बन्धी नीति र मापदण्ड सम्बन्धी विषय संघको एकल अधिकार अन्तर्गत रहेको छ।

त्यसैगरी अनुसूची ७ को संघ र प्रदेशको साझा अधिकार सूचीको क्रमसंख्या (१३) मा प्रदेश सीमा नदी, क्रमसंख्या (१७) मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ सम्बन्धी विषय संघ र प्रदेशको साझा अधिकार अन्तर्गत रहेको छ। साथै संविधानको अनुसूची - ८, स्थानीय तहको एकल अधिकार सूचीको क्रमसंख्या (२०) मा विपद् व्यवस्थापन सम्बन्धी विषय र अनुसूची -९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको क्रमसंख्या (९) मा विपद् व्यवस्थापन सम्बन्धी अधिकार रहेको छ।

## २.२ कानुनी तथा नीतिगत व्यवस्था

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ जारी हुनु पूर्व जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०६२ कार्यान्वयनमा रहेको थियो। नेपाल सरकारले अङ्गीकार गरेको एकीकृत जलस्रोत विकास एवम् व्यवस्थापन रणनीति अनुरुप जल उत्पन्न प्रकोप व्यवस्थापनलाई समग्र नदी बेसिनको विकास तथा व्यवस्थापन कार्यको एक अंशको रुपमा पर्यावरणीय दृष्टिकोणका अतिरिक्त आर्थिक दृष्टिकोणले पनि सम्भाव्य र दिगो बनाउँदै नेपाल सरकारका केन्द्रीय एवम् स्थानीय निकाय, गैरसरकारी संस्था, स्थानीय समुदाय आदिका अतिरिक्त निजी क्षेत्रलाई पनि सहभागी गराउन साविक जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०६२ खारेज गरी नयाँ नीतिको रुपमा जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ आएको देखिन्छ।

जल उत्पन्न प्रकोप व्यवस्थापन नीतिसँग विभिन्न ऐन, नियम, कार्यविधि र मापदण्ड अन्तरसम्बन्धित रहेका छन्। राष्ट्रिय जलस्रोत नीति, २०७७, जलचर संरक्षण ऐन, २०१७ जलस्रोत ऐन, २०४९, भू तथा जलाधार संरक्षण ऐन, २०३९, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६, सिँचाइ तथा जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी उपभोक्ता संस्था मार्फत् निर्माण कार्य संचालन गर्ने/गराउने कार्यविधि, २०६९ प्रमुख हुन्। जल उत्पन्न प्रकोपको जोखिम न्यूनीकरण एवम् प्रभावकारी व्यवस्थापन गर्ने उद्देश्य लिएको राष्ट्रिय जलस्रोत नीति, २०७७ ले उक्त उद्देश्य पूरा गर्न १७ वटा कार्यनीतिहरू उल्लेख गरेको छ।

नेपाल भित्रको भूसतह, भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवम् जलस्रोतको लाभदायक उपयोगको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदूषण मुक्त राख्ने सम्बन्धमा व्यवस्था गर्न जलस्रोत ऐन, २०४९ जारी भएको छ। यो ऐनमा जलश्रोतको स्वामित्व, उपयोग, उपयोगको प्राथमिकता, संरचनाको सुरक्षा तथा जलश्रोतको उपयोग गर्दा वातावरणमा प्रतिकूल असर पार्न नहुने जस्ता प्रावधानहरू रहेका छन्। जलचर संरक्षण ऐन, २०१७, मा फिस ल्याडर निर्माण गर्ने, बाँध भत्काउन नहुने जस्ता व्यवस्थाहरु रहेका छन्। बाढी पहिरो भू-क्षय जस्ता प्राकृतिक प्रकोपको नियन्त्रण गरी भू तथा जलाधार संरक्षण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न र सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्ने लगायत विषयमा भूतथा जलाधार संरक्षण ऐन, २०३९, ले समेत विविध व्यवस्था गरेको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, ले प्रधानमन्त्रीको अध्यक्षतामा विपद् व्यवस्थापन परिषद् र गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समितिको गठन गर्ने व्यवस्था गरेको छ। कार्यकारी समितिलाई नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा वसोवास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने लगायतका काम, कर्तव्य र अधिकार रहेको छ। साथै सोही ऐनको दफा १० मा गृह मन्त्रालय अन्तर्गत एक राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण रहने व्यवस्था रहेको छ। प्राधिकरणको काम, कर्तव्य र अधिकार मध्ये नदी नियन्त्रण, बाढी, पहिरो, भूकम्प, भूमण्डलीय तापमान वृद्धि, जलवायु

परिवर्तन, भू-उपयोग र विभिन्न प्रकोप तथा विपद्का सम्भावित कारण र न्यूनीकरणका उपायहरुको विषयमा अध्ययन, अनुसन्धान गर्ने गराउने कार्य पनि रहेको छ। यसैगरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ ले पाँच सदस्यीय विशेषज्ञ समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ। उक्त समितिको काम, कर्तव्य र अधिकारमा प्रकोपको स्वरुप अनुरुप जोखिमको आँकलन, नक्साङ्कन, विश्लेषण गरी विपद् जोखिमबारे क्षमता अभिवृद्धि, विपद् व्यवस्थापन सूचना प्रणाली र सूचना प्रवाह सम्बन्धी विषयमा सुझाव दिने लगायत रहेको छ।

सिँचाइ तथा जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी उपभोक्ता संस्था मार्फत निर्माण कार्य संचालन गर्ने/गराउने कार्यविधि, २०६९ को चार कार्यक्षेत्र मध्ये नदी, तटबन्ध तथा जल उत्पन्न प्रकोप नियन्त्रण तथा न्यूनीकरण सम्बन्धी कार्य एक रहेको छ।

## २.३ आवधिक योजना

पहिलो पञ्चवर्षिय योजना अवधिदेखि नै जल उत्पन्न प्रकोपको रुपमा बाढी तथा पहिरो व्यवस्थापनका विषयहरूलाई कुनै न कुनै रुपमा योजनाले समेटेको देखिन्छ। नवौं योजनाले वाणगँगा नदी नियन्त्रण, वागमती तटबन्ध निर्माण आयोजना, बक्राहा नदी नियन्त्रण योजना जस्ता नदी नियन्त्रणका कार्यक्रमहरू साथै जल उत्पन्न प्रकोप नियन्त्रण प्राविधिक केन्द्रको बारेमा उल्लेख गरेको देखिन्छ। दशौं योजनाले सिँचाइ तथा जल उत्पन्न प्रकोप नियन्त्रणलाई छुट्टै अध्याय १७ मा उल्लेख गरेको छ। बाह्रौं योजना देखि चौधौं योजनासम्म जल उत्पन्न प्रकोप नियन्त्रणलाई छुट्टै अध्याय तथा चालु पन्ध्रौं योजनाले जलस्रोत अन्तर्गत जल उत्पन्न प्रकोप व्यवस्थापनका लागि विभिन्न उद्देश्य, रणनीति तथा कार्यनीतिहरुको व्यवस्था गरेको छ।

## क) तेह्रौं योजना

जल उत्पन्न प्रकोपबाट सिर्जना हुने सामाजिक तथा आर्थिक क्षति नियन्त्रण गर्ने दीर्घकालीन सोच राखेको तेह्रौं योजनाले जल उत्पन्न प्रकोप न्यूनीकरण गर्दै मानव बस्ती, खेतीयोग्य भूमि तथा विकासका पूर्वाधार संरक्षण गर्ने उद्देश्य लिएको छ। जल उत्पन्न प्रकोप नियन्त्रण सेवामा जनताको पहुँच अभिवृद्धि गर्ने लगायतका आठ (८) वटा रणनीति लिएको यस योजनाले नदी नियन्त्रण र जग्गा उकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा जनसहभागिता परिचालन गरी सञ्चालन गर्ने व्यवस्था गरेको छ।

साथै उकास भएको जग्गामा वृक्षारोपण, सजिवन खेती लगायतका जीविकोपार्जन र वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरेको छ। यस योजनाले अठार (१८) वटा कार्यनीतिहरू समेत उल्लेख गरेको छ। जल उत्पन्न प्रकोप नियन्त्रणका लागि प्रकोप न्यूनीकरण सहयोग कार्यक्रम, पहिरो तथा गेग्रान बहाव व्यवस्थापन कार्यक्रम, स्थल विशेष प्रकोप नियन्त्रण कार्यक्रम, जनताको तटबन्ध कार्यक्रम, बस्तीटार वजार संरक्षण कार्यक्रम जस्ता प्रमुख कार्यक्रमको रुपमा उल्लेख गरेको छ।

## ख) चौधौं योजना

जल उत्पन्न जोखिम प्रतिरोधी एवम् व्यवस्थित नदी तथा भू-प्रणालीको सुनिश्चितता गर्ने सोंच राखेको चौधौं योजनाले बाढी, पहिरो जस्ता जल उत्पन्न प्रकोप हुनुअघि नै रोकथाम गर्नु र यस्ता जोखिम र यसबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्ने उद्देश्य लिएको छ। नीतिगत एवम् संस्थागत व्यवस्था सुधार गरी जल उत्पन्न प्रकोप व्यवस्थापनलाई प्रभावकारी बनाउने लगायत दुई रणनीति लिएको यस योजनाले जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को प्रभावकारी कार्यान्वयन गर्ने लगायतका दश (१०) वटा कार्यनीतिहरु उल्लेख गरेको छ।

यसैगरी जनताको तटबन्ध कार्यक्रम, पहाड तथा उच्च पहाडी क्षेत्रका ठूला मझौला नदीहरूबाट हुने कटान तथा डुबान समस्यालई सुव्यवस्थित र योजनाबद्ध ढङ्गले, गुरुयोजना तयार गरी समाधान गर्न सोअनुरुप स्थायी समाधान कार्यक्रम सञ्चालन, नारायणी, कर्णाली र महाकाली नदीमा केन्द्रीयस्तरको नदी नियन्त्रण आयोजना, तराई, मधेश बाढी नियन्त्रण एवम् बस्ती संरक्षण विशेष कार्यक्रम जस्ता प्रमुख कार्यक्रम यस योजनामा उल्लेख गरिएका छन्।

## ग) पन्ध्रौं योजना

जलाधार व्यवस्थापन तथा जल उत्पन्न विपद् न्यूनीकरण एवम् व्यवस्थापनबाट आर्थिक तथा सामाजिक क्षति न्यूनीकरण गर्ने उद्देश्य पन्ध्रौं योजनाले लिएको छ। जलाधार व्यवस्थापनलाई प्रभावकारी बनाउनुको साथै डुबान तथा बाढी पहिरोजन्य विपद्को दिगो एवम् भरपर्दो व्यवस्थापनका लागि संरचनागत तथा गैरसंरचनागत प्रविधिको उपयोग र जनचेतना अभिवृद्धिका कार्य गर्ने रणनीति लिएको यस योजनामा योजनाबद्ध नदी नियन्त्रण तथा व्यवस्थापनको लागि गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने विषय उल्लेख गरेको छ। तराई क्षेत्रमा हुने डुबान

समस्यालाई समन्वयात्मक र दिगो रुपमा समाधान गर्दै प्राकृतिक तटबन्धलाई प्रोत्साहन गर्ने लगायतका ६ वटा कार्यनीतिहरु लिएको छ।

समग्रमा जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ मा १६ वटा नीतिहरू रहेकोमा तेह्रौं आवधिक योजनामा जल उत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रमहरू गुरुयोजना बनाउने, ठूला नदी र पहिरोको प्रकोप नियन्त्रण, उकास जग्गाको समुचित उपयोग, प्रकोप व्यवस्थापनमा सहभागिता, नयाँ तथा उपयुक्त प्रविधिको पहिचान विकास तथा विस्तार, अनुसन्धान तथा विकासको कार्य जस्ता १० वटा बुँदा/विषयहरु प्रत्यक्षरुपले उल्लेख गरेको देखिन्छ। यस योजनामा जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली, अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा मापदण्ड, स्रोत साधनमा दोहोरोपना हुन नदिने नीतिका विषयलाई सम्वोधन गरेको देखिदैन।

## २.४ वार्षिक नीति, कार्यक्रम र बजेट वक्तव्य

यस नीतिको तर्जूमा पश्चातको अवधिका वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका विषयहरूको संक्षिप्त समीक्षा देहाय वमोजिम गरिएको छः

आ.व.२०७२/७३ को नीति तथा कार्यक्रममा बाँके, बर्दिया र सुर्खेत लगायतका जिल्लाहरू र सिन्धुपाल्चोक जिल्लाको जुरेमा गएको बाढी पहिरोबाट क्षतिग्रस्त क्षेत्रको पुनःस्थापना तथा जोखिमयुक्त बस्ती संरक्षण कार्य सम्पन्न गर्ने, नवलपुर जिल्लाको सुस्ता क्षेत्रको संरक्षण गर्नुका साथै पुल निर्माण गर्ने कार्यलाई अगाडि बढाउने, हिमताल र हिमनदीको संरक्षण गरी जल उत्पन्न प्रकोप नियन्त्रण र नदी प्रणाली लगायत जलस्रोतको संरक्षण गर्ने कार्यक्रम उल्लेख गरिएको छ। यसैगरी जल उत्पन्न प्रकोप व्यवस्थापन गर्न जोखिमयुक्त ठूला र मझौला पहिरोको नियन्त्रण कार्यक्रमलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गर्ने विषय उल्लेख छ।

आ.व. २०७३/७४ को नीति तथा कार्यक्रममा जल तथा मौसम भविष्यवाणी स्वचालित प्रणालीमा विकास गर्ने, उच्च जोखिम रहेका महत्वपूर्ण नदी प्रणाली क्षेत्रमा बाढी अनुगमन सूचना प्रणाली बिस्तार गर्ने, प्राकृतिक प्रकोपजन्य जोखिम व्यवस्थापन गर्न ठूला नदीबाट कार्यान्वयन शुरु गरिएको जनताको तटबन्ध कार्यक्रम स्थानीय जनसहभागिता मार्फत्

अभियानको रुपमा कार्यान्वयन गर्ने एवम् नदी नियन्त्रणमा जैविक इन्जिनीयरिङ विधि प्रयोग गरी हरित विकासलाई अघि बढाइने विषय उल्लेख गरिएको छ।

आ.व. २०७४/७५ को नीति तथा कार्यक्रममा जल उत्पन्न प्रकोप व्यवस्थापन गर्न जोखिमयुक्त ठूला र मझौला पहिरोको व्यवस्थापन कार्यक्रमलाई विशेष प्राथमिकताका साथ कार्यान्वयनमा जोड दिइने, विपद्को जोखिमलाई न्यून गर्न बहुप्रकोप पूर्व सूचना प्रणालीलाई विस्तार र सुदृढीकरण कार्यक्रम अन्तर्गत मौसम मापन केन्द्रहरू, स्वचालित जल सतह मापन केन्द्र र चट्याङ मापन केन्द्रको जडान कार्य सम्पन्न गरिने विषय उल्लेख गरिएको छ।

आ.व. २०७५/७६ को नीति तथा कार्यक्रममा ठूला नदी नियन्त्रण र किनारा संरक्षण गरी नदी किनारामा विद्युत प्रसारण लाइन र सडक निर्माण गर्ने नीति लिइएको छ। साथै आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममा मानव बस्ती, कृषियोग्य जमिन र अन्य राष्ट्रिय महत्वका स्रोत र सम्पदालाई क्षति हुनबाट बचाउन कोशी, त्रियुगा, कमला, नारायणी र कर्णाली लगायतका नदी किनारमा तटबन्ध निर्माण गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गर्ने, नदी प्रणाली व्यवस्थित गर्दा उपलब्ध हुने नदी उकास जमिनलाई उत्पादनशील ढङ्गले प्रयोग गर्ने लगायतका कार्यक्रमहरु उल्लेख भएका छन्।

आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा हिमताल र हिमनदीको संरक्षण गरी जल उत्पन्न प्रकोप नियन्त्रण, मानव बस्ती, कृषियोग्य जमिन र अन्य स्रोत सम्पदालाई क्षति हुनबाट बचाउन कोशी, कमला, नारायणी र कर्णाली नदी नियन्त्रणका विशेष कार्यक्रम सञ्चालन गर्ने, नदी नियन्त्रणमा स्थानीय सामग्रीको प्रयोग गरी जैविक प्रविधि अवलम्बन गर्ने लगायतका कार्यक्रमहरु नीति कार्यक्रममा उल्लेख छन्। त्यसैगरी महाकाली, कर्णाली, नारायणी, कमला र कोशी लगायतका ठूला नदी र अन्य जोखिमयुक्त नदी नियन्त्रणका कार्यक्रम सञ्चालन गरिने, सीमा क्षेत्रमा हुने नदी कटान र डुबानको समस्या समाधान गर्न द्विपक्षीय संयन्त्रलाई क्रियाशील बनाइने, नदी नियन्त्रण र पहिरो व्यवस्थापनमा बायोइञ्जिनीयरिङ प्रविधिको प्रयोगमा जोड दिइने लगायतका कार्यक्रमहरु रहेका छन्।

## २.५ नीति तर्जुमा प्रक्रिया

प्रस्तुत नीतिको मस्यौदा तयार गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिवको संयोजकत्वमा एक समिति गठन गरी विगतको समीक्षा, विद्यमान अवस्था र आगामी आवश्यकतालाई सम्बोधन गर्दै सरोकारवालासँगको सहभागितामा विस्तृत र कार्यान्वयनयोग्य नीति तर्जुमा गर्ने कार्य अघि बढाइएको थियो। समितिले सबै पक्षहरुलाई समावेश गरी नीतिको मस्यौदा तयार गरी विभिन्न तहमा छलफल तथा अन्तरक्रिया सञ्चालन गरिएको थियो। यसै क्रममा मिति २०७२।३।२१ मा तत्कालीन जल उत्पन्न प्रकोप व्यवस्थापन विभागले एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरी कृषि तथा जलश्रोत समितिका सभापति, विकास समितिका सभापति, अन्तर्राष्ट्रिय सम्वन्ध तथा श्रम समितिका सभापति, वातावरण संरक्षण समितिका सभापति लगायत सिँचाइ, गृह, वन तथा भू-संरक्षण, भूमिसुधार, नापी सम्वद्ध सरोकारवाला निकायहरूसँग व्यापक छलफल गरी राय सुझावहरु लिइएको थियो।साथै नीतिको मस्यौदा उपर विज्ञहरुको सुझाव समेत लिइएको थियो।

त्यसैगरी सिँचाइ मन्त्रालयबाट मिति २०७२।४।२० मा राष्ट्रिय योजना आयोगको सचिवालय, अर्थ मन्त्रालय, कृषि विकास मन्त्रालय, कानुन, न्याय, संविधान तथा संसदीय व्यवस्था मन्त्रालय, वन मन्त्रालय, विज्ञान तथा वातावरण मन्त्रालय, सहरी विकास मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय लगायतका सम्वन्धित सरकारी निकायबाट प्राप्त राय सुझावलाई आवश्यकता अनुसार समावेश गरी परिमार्जन गरिएको थियो।

# परिच्छेद-३: अध्ययनको विधि

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को अध्ययनका लागि देहाय वमोजिमका प्राथमिक र द्वितीय स्रोतबाट सूचना तथा तथ्याङ्क संकलन गरिएको छ:

## ३.१ प्राथमिक तथ्याङ्क सङ्कलन

मुख्य सूचनादाता अन्तर्वार्ता (Key Informant Interview- KII) र समूह केन्द्रित छलफल (Focus Group Discussion- FGD) विधिको प्रयोग गरी नीति अध्ययनको लागि प्राथमिकतथ्याङ्क (Primary data) संकलन गरिएको छ।

- समूह केन्द्रित छलफल (Focused Group Discussion-FGD):
  - नीति तर्जुमा प्रकृया, कार्यान्वयन, स्रोत व्यवस्थापन, उपभोक्ता समूह एवम् विकास समन्वयसँग सम्बन्धित निकायका पदाधिकारीहरुसँग समूह केन्द्रित छलफल गरिएको छ।

- मुख्य सूचनादाता अन्तर्वार्ता (Key Informant Interview-KII):
  - निर्धारित प्रश्नावलीका आधारमा मुख्यसूचनादाता अन्तर्वार्ता मार्फत् सूचना तथा तथ्याङ्क संकलन गरिएको छ।

## ३.२ द्वितीय तथ्याङ्क सङ्कलन

यस नीतिको अध्ययनको लागि संविधान, सम्बन्धित नीति तथा कानुन, आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य तथा वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धी दस्तावेजहरूको संकलन तथा अध्ययन गरी द्वितीय तथ्याङ्क (Secondary data) संकलन गरिएको छ।

# परिच्छेद-४: नतिजा

यस नीतिको अध्ययनको क्रममा प्राथमिक स्रोतको सूचना तथा तथ्याङ्कको रुपमा नीति तर्जुमा तथा कार्यान्वयनमा संलग्न पदाधिकारी एवम् लाभग्राही समावेश गरी मुख्य सूचनादाता अन्तर्वार्ता (Key Informant Interview) र समूह केन्द्रित छलफल (Focus Group Discussion) (FGD) बाट तथ्याङ्क तथा सूचना संकलन गरिएको छ। द्वितीय स्रोतको सूचना तथा तथ्याङ्कको रुपमा संविधान, सम्बन्धित नीति तथा कानुनहरु, आवधिक योजनाहरू, वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य तथा वार्षिक बजेट तथा कार्यक्रमको अध्ययन गरी आवश्यक सूचना तथा तथ्याङ्क संकलन गरी कार्यान्वयनको अवस्था र प्राप्त उपलब्धिको विश्लेषण गरिएको छ।

## ४.१ नीति तर्जुमा प्रक्रिया विश्लेषण

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०६२ अनुरुप विभागले १० वर्ष देखि आफ्ना कार्यक्रमहरू संचालन गर्दै आएको परिप्रेक्ष्यमा वातावरणमा आएको परिवर्तन, बढ्दो जनसंख्याको चाप, नदीको बहाव क्षेत्रको अतिक्रमण गरी वसोवास गर्ने प्रवृत्तिको विकास, पहाडको भिरालो जमिनमा वसोवास गर्ने प्रवृत्ति लगायतका कारणले वर्षेनी ठूलो मात्रामा राष्ट्रले मानवीय तथा भौतिक क्षति व्यहोर्दै आएको छ। यस्तो क्षतिको मात्रा हरेक वर्ष बढ्दो क्रममा रहेको देखिन्छ। माथि उल्लिखित कुरालाई मनन् गरी जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०६२ मा समसामयिक सुधार र परिमार्जन गरी जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको हो।

## क) नीति तर्जुमाको चरणमा गरिएको अन्तरक्रिया, छलफल तथा राय सुझाव संकलन

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को तर्जुमाका लागि तत्कालीन सिँचाइ मन्त्रालयका सहसचिवको संयोजकत्वमा एक समितिको गठन गरी मस्यौदा तयार गरेको थियो। यस समितिले जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०६२ को कार्यान्वयन अवस्थाको विश्लेषण, जल उत्पन्न प्रकोप व्यवस्थापनको विद्यमान अवस्था र यस क्षेत्रमा विकास भएका नवीन प्रविधिहरुको अध्ययन गरी नीतिको मस्यौदा तयार गरी विभिन्न पक्षहरुसँग अन्तर्क्रिया तथा छलफल कार्क्रमहरु सञ्चालन गरी राय सुझावहरु लिएको थियो। तर जल उत्पन्न प्रकोप व्यवस्थापनमा प्रत्यक्ष संलग्न रहेका उपभोक्ता समूहका प्रतिनिधिहरुसँग अन्तर्क्रिया गरी राय

सुझाव लिएको देखिन आउन। त्यसैगरी मस्यौदा समितिले नीति तर्जुमाका क्रममा निजी क्षेत्र र सामाजिक संस्थाहरुसँग पनि अन्तर्क्रिया गरी राय सुझाव लिएको देखिदैन। तर नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागहरु, संसदका विभिन्न समितिहरुसँग भने छलफल आयोजना गरी सुझाव लिएको पाइन्छ। तसर्थ यो नीति सबै सरोकारवाला पक्षहरुको धारणालाई समेटी बृहत सहभागितामूलक प्रक्रियाबाट तर्जुमा भएको देखिदैन। तसर्थ यो नीति Whole-of-the-Government Approach को अवलम्बन गरी तयार भएको देखिन्छ।

## ख) जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ का महत्वपुर्ण व्यवस्थाहरु

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ ले मुलुकमा जल उत्पन्न प्रकोपबाट सिर्जित मानवीय, भौतिक तथा आर्थिक हानी नोक्सानीलाई उपयुक्त प्रविधिको माध्यमबाट जोखिम न्यूनीकरण गर्दै जाने दुरदृष्टि राखेको छ। यो नीति प्रकोप न्यूनीकरण, अनुकूलन, संस्थागत सुदृढीकरण, विकेन्द्रित तथा सहभागितामूलक कार्यपद्धति लगायतको अवधारणालाई आत्मसात् गरी तर्जुमा गरिएको छ। यस नीतिका ७ उद्देश्य, १६ नीति, ५८ कार्यनीतिहरु एवम् ५ अनुसूची हरु रहेका छन्।

यस नीतिका उद्देश्यहरुमा पूर्वाधारको उपयोगितालाई दिगो बनाउने, जोखिम क्षेत्रको वर्गीकरण गर्ने, उकास जग्गाको उपयोग गर्ने, तीन तहका सरकार, गैरसरकारी र निजी क्षेत्रको भूमिका स्पष्ट पारी समन्वयात्मक रुपले कार्य गर्ने, समुदायको चेतना विकास गर्ने, नियमित मर्मत संभार गरी संरचनाहरु दिगो बनाउने र संस्थागत विकास गर्ने रहेका छन्। यसका प्रमुख नीतिहरुमा जलाधार क्षेत्रको एकीकृत संरक्षणका लागि गुरुयोजना बनाउने, प्रकोप प्रभावितहरुको सहभागितामा आयोजना सञ्चालन गर्ने, एकीकृत जलस्रोत व्यवस्थापन तथा वेसिनको अवधारणा अनुरुप कार्यक्रम तर्जुमा गर्ने, पूर्वसूचना प्रणाली र चेतावनी प्रणालीको व्यवस्थापन गर्ने, जोखिम क्षेत्रको वर्गीकरण तथा प्रकोप नियन्त्रणका लागि नयाँ तथा उपयुक्त प्रविधिको उपयोग गर्ने, कटान तथा डुबान समस्या समाधान गर्ने, अनुसन्धान तथा विकासको कार्यलाई प्राथमिकता दिने,उकास जग्गाको उपयोग गर्ने, कानुनी एवम् संस्थागत व्यवस्थामा सुधार गर्ने, कार्यक्रमहरुमा दोहोरोपना आउन नदिने तथा समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गर्ने लगायत रहेका छन्।

तराई र पहाडमा गइरहने बाढी, पहिरो तथा भू-क्षयलाई न्यूनीकरण गर्नका लागि जलाधार क्षेत्र व्यवस्थापन (Watershed Management) गर्ने कार्य अन्य निकायबाट समेत हुदै आईरहेको छ। विभाग अन्तर्गत गरिने विभिन्न कार्यक्रम मार्फत् अन्य निकायबाट हुदै आइरहेको कार्यमा सकभर दोहोरोपना नहुने गरी आफ्ना कार्यक्रमहरू सहज, दिगो, नयाँ प्रविधियुक्त, जनसहभागितामूलक र प्राविधिक रुपले समेत प्रभावकारी रुपमा कार्य संचालन गर्न सहयोग गर्ने नीति अवलम्वन गरिएको छ। यस नीतिमा उल्लिखित अन्य महत्वपूर्ण व्यवस्था देहाय वमोजिम रहेका छन् :

- विभाग अन्तर्गत संचालन गरिने नदी नियन्त्रण र पहिरो नियन्त्रण कार्यमा जनसहभागितालाई विशेष जोड दिइएको।
- प्राविधिक दृष्टिकोणले विभिन्न नदीको बाढी पुनरावृत्तिकाल (Flood Return Period) अनुरुप नदीको वहाव क्षेत्र किटान गरी सोही अनुसार सुरक्षित बस्ती विकास र आर्थिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिने।
- पहाडमा जमिनको भिरालोपन (Slope) अनुसार जमिनको वर्गीकरण गरी सुरक्षित बस्ती विकास र आर्थिक विकासका क्रियाकलाप संचालन गरिने ।
- विभिन्न पहिरोहरूको वर्गीकरण गरी सोहि अनुरुप पहिरो नियन्त्रण र व्यवस्थापन कार्य संचालन गरिने।
- चुरे क्षेत्रमा बस्ती विकास र आर्थिक क्रियाकलापका कार्यहरू गर्न निरुत्साहित गरिने।
- अन्य सरकारी तथा गैर सरकारी निकायसँग समन्वय तथा सहकार्यमा कार्यक्रम संचालन गर्न सहयोग गर्ने।

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ मा नदीको बहाव क्षेत्र अतिक्रमण गर्ने प्रवृत्तिलाई कानुनीरुपमा नै निरुत्साहित गर्ने र पहाडी क्षेत्रमा मापदण्ड अनुरुपको भिरालो जमिनमा मात्र बस्ती विकास र आर्थिक क्रियाकलापका कार्यहरू गर्न प्रोत्साहन मिल्ने अपेक्षा गरिएको छ। फलस्वरुप जल उत्पन्न प्रकोपलाई धेरै हदसम्म नियन्त्रण तथा व्यवस्थापन गर्न यस नीतिबाट सहयोग पुग्ने विश्वास गरिएको छ।

## ग) नीतिका विविध पक्षवीचको अन्तरसम्वन्धको विश्लेषण

मुलुकमा जल उत्पन्न प्रकोपबाट सिर्जित मानवीय, भौतिक तथा आर्थिक हानी नोक्सानीलाई उपयुक्त प्रविधिको माध्यमबाट जोखिम न्यूनीकरण गर्दै जाने जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को दृष्टिकोण रहेको छ। उपयुक्त प्रविधिको प्रयोग, जल उत्पन्न प्रकोप प्रभावित क्षेत्रमा अनुकुलनका कार्यक्रम सञ्चालन, संस्थागत सुदृढीकरण र जनशक्तिको विकाससँग सम्वन्धित विषयलाई नीतिको अवधारणामा समेटिएको छ। यसै गरी नीतिमा पूर्वाधारको उपयोगलाई दिगो बनाउने, बाढी पहिरो तथा डुबानबाट प्रभावित क्षेत्रको वर्गीकरण, उकास जग्गाको उपयोग, सरोकारवाला सबै निकाय र क्षेत्रको समन्वय, सीमा नदीहरुमा हुने डुबान तथा कटान न्यूनीकरण र सचेतनामा अभिवृद्धि लगायतका उद्देश्य राखिएका छन्। उद्देश्य प्राप्तिका लागि प्रकोप प्रभावित समूहको सहभागितामा गुरुयोजना तयारी, पूर्व सूचना प्रणाली र चेतावनी प्रणालीको विकास, उकास जग्गाको समुचित उपयोग लगायतका १६ वटा नीतिहरु राखिएका छन्।

नीतिमा आपत्कालीन बचाउ कार्य, जल उत्पन्न प्रकोप नियन्त्रण र न्यूनीकरण कार्य, बाढी पहिरो क्षेत्रको वर्गीकरण, जल उत्पन्न प्रकोप प्रभावित उपभोक्ता समूह गठन तथा परिचालन, जनसहभागिता, वातावरण संरक्षण तथा समन्वय र सामञ्जस्यता समेतका कार्यनीति मार्फत् नीति कार्यान्वयनको व्यवस्था गरिएको छ। नीतिले प्रदेश र स्थानीय तहसँग समन्वय गरी नदी नियन्त्रण कार्य गर्ने उल्लेख गरे तापनि संविधान र कार्य विस्तृतीकरण प्रतिवेदन अनुरुप प्रदेश र स्थानीय तहसँग सम्बन्धित नदी नियन्त्रण र प्रकोप व्यवस्थापन कार्यको स्पष्ट नीतिगत र कार्य जिम्मेवार बाँडफाँट भएको छैन। साथै जल उत्पन्न प्रकोप विपद् व्यवस्थापनको एउटा मुख्य पक्ष भएतापनि विपद् व्यवस्थापन सम्बन्धी विद्यमान नीति, कानुन र कार्यान्वयन कार्ययोजनासँग तादात्म्य रहेको छैन। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुरुपका संस्थागत र कानुनी व्यवस्थालाई पूर्ण रुपमा आत्मसात् गर्न सकेको छैन।

यो नीतिमा उद्देश्य हासिल गर्ने रणनीतिहरु उल्लेख गरिएको छैन। सामान्यत: यस नीतिको दृष्टिकोण, अवधारणा, उद्देश्य, नीति तथा कार्यनीतिहरुबीचको तादात्म्य रहेको देखिन्छ। यद्यपि यस नीतिमा उल्लिखित दीर्घकालीन दृष्टिकोण तथा उद्देश्यहरु हासिल गर्न थप नीति तथा कार्यनीतिहरुको प्रस्ताव गर्न सकिने पर्याप्त ठाउँ भने देखिन्छ। नीति तर्जुमाको समयमा सघन तथा बृहत् सहभागिताको कमीका कारण कतिपय ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयको

कार्यक्षेत्र भन्दा बाहिरका तर यससँग अन्तरसम्वन्धित नीतिगत विषयहरुलाई समेट्न सकेको पाइएन। साथै नीति तर्जुमा गर्दा संघीय शासन प्रणालीको अबलम्बन पश्चात् नयाँ संविधानले तय गरेको तीन तहको अधिकारक्षेत्र सम्बन्धी विषय र नीति कार्यान्वयन संयन्त्रका बारेमा यथेष्ट मात्रामा मिहिन विश्लेषण भई विषयवस्तुमा थप स्पष्टता ल्याउन सकिएको देखिदैन। यसरी विभिन्न विषयहरु थप व्यवस्थित तवरले ल्याउन नसकेको भएतापनि नीतिको दृष्टिकोण, उद्देश्य, नीति तथा कार्यनीतिहरुबीच औसत रुपमा अन्तरसम्बन्ध रहेको देखिन्छ।

## ४.२ नीति कार्यान्वयन अवस्थाको विश्लेषण

बाढी पहिरो जस्ता जल उत्पन्न प्रकोपहरूको चुनौतीलाई सम्बोधन गर्न ६ वटा कार्यक्रमहरू (नदी नियन्त्रण कार्यक्रम, भारतीय अनुदान सहयोगमा सञ्चालित नदी नियन्त्रण योजना, टारवजार संरक्षण कार्यक्रम, नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रम, प्राथमिकता प्राप्त नदी वेशिन बाढी जोखिम व्यवस्थापन आयोजना र जोखिमयुक्त पहिरो व्यवस्थापन आयोजना) कार्यान्वयनमा रहेका छन्। जलाधार क्षेत्रको एकीकृत संरक्षणको लागि कार्यान्वयनमा रहेका गुरुयोजनामा नदी नियन्त्रण कार्यक्रम अन्तर्गत महाकाली नदी, कार्णाली नदी, बबई नदी, नारायणी नदी, कोशी नदी, भारतीय अनुदान सहयोगमा सञ्चालित नदी नियन्त्रण योजना अन्तर्गत बागमती तथा लालबकैया नदी, कमला नदी, टारवजार संरक्षण कार्यक्रम अन्तर्गत चैनपुर, बझाङ दुनै डोल्पा, बेनी म्यागदी, प्राथमिकता प्राप्त नदी वेशिन बाढी जोखिम व्यवस्थापन आयोजना अन्तर्गत मोहना, खुटीया नदी, मावा, रतुवा नदी रहेका छन्।

जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी आवश्यक पर्ने पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली व्यवस्थापन कार्यमा स्वचालित जलमापन केन्द्र अपग्रेडिङ्ग तथा स्थापना कार्यक्रम अन्तर्गत हालसम्म १०१ वटा स्वचालित केन्द्रहरू रहेका छन्। इम्जा र च्छोरोल्पामा संरचना निर्माण गरी पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको छ। जल तथा मौसम विज्ञान विभागले मनसुनको समयमा २४ घण्टा बाढी पूर्वसूचना सेवा उपलब्ध गराएको छ भने २४६ वटा बाढी प्रभावित क्षेत्रहरूमा Mass SMS पठाउँदै आइरहेको छ।

प्रकोप न्यूनीकरण र नियन्त्रण कार्यक्रमको तर्जुमा, निर्माण तथा व्यवस्थापनमा स्थानीय निकाय र प्रकोप प्रभावित उपभोक्ता समूहको प्रभावकारी संलग्नता बढाउन जनताको तटबन्ध कार्यक्रम कार्यान्वयन भइरहेको छ। आपत्कालीन कार्य तथा नदी नियन्त्रण कार्यमा उपभोक्ता समूहको संलग्नता हुने गरेको छ।

जल उत्पन्न प्रकोप नियन्त्रण तथा व्यवस्थापनमा निजी क्षेत्र, सहकारी तथा समुदायमा आधारित प्रकोप प्रभावित उपभोक्ता समूहको समेत नदी नियन्त्रण कार्यमा संलग्नता हुने गरेको तथा गैरसरकारी संस्थाहरुबाट समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (Community Based Disaster Risk Management) कार्य हुने गरेको छ।

छिमेकी मुलुक भई बग्ने सीमा नदीहरूमा हुने डुबान तथा कटानको समस्यालाई दुबै मुलुकको आपसी समन्वय तथा समझदारीका आधारमा समाधानका लागि Joint Committee on Water Resources (JCWR) र Nepal India Joint Committee on Inundation and Flood Management (JCIFM) गठन भइ क्रियाशील रहेका छन्।

जल उत्पन्न प्रकोपसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा मापदण्डको पालना गर्न विद्यमान कानुनी एवं संस्थागत व्यवस्थामा सुधार गर्न महाकाली सन्धि, कोशी तथा गण्डक सम्झौतासँग अन्तर सम्बन्धित विषय र जल उत्पन्न प्रकोपसँग सम्बन्धित बिषयहरूमा समन्वय गर्न JCWR (Joint Committee on Water Resources, JSTC (Joint Standing technical committee), JCKGP (Joint committee on Koshi and Gandak Project) जस्ता द्विपक्षीय संस्थागत संयन्त्रहरू स्थापना गरी समन्वय भइरहेको छ। गण्डक आयोजनामा Cross Drainage Structures को Congestion को कारणले भइरहेको डुबान (Inundation) सम्बन्धी समस्याको आपसी सहमतिमा समाधानको प्रयास भइरहेको छ।

कोशी सम्झौता बमोजिम भारतीय पक्षले गर्नु पर्ने Flood Embankment को मर्मत/संभारको मुद्दाउठान गरी आवश्यक मर्मत संभारको कार्यहरू भइरहेको छ। महाकाली नदीले कन्चनपुरको भूजेलामा भएको कटान सम्बन्धमा दुबै पक्षबाट संयुक्त निरीक्षण भई समाधानको प्रयास भइरहेको छ। महली सागर, बैरगनिया बाँध (Bairganiya Ring Bund),रातु तथा लखनदेही नदी डुबानको सम्बन्धमा द्विपक्षीय बैठकमा मुद्दाउठान भएको साथै पारस्परिक लाभको अन्तर्राष्ट्रिय मान्यता अनुरुप कार्यहरू गर्ने प्रयास भइरहेको छ। महली सागरमा संयुक्त सर्भे भएको छ। जल उत्पन्न प्रकोप नियन्त्रण कार्यको प्रभावकारिताका लागि नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रम कार्यान्वयन भएको तथा Geo-bag, Bamboo Porcupine प्रयोग गरी काम भएको छ।

जल उत्पन्न प्रकोप व्यवस्थापन क्षेत्रमा अनुसन्धान तथा विकासको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउन देहायका कार्यक्रमहरू सञ्चालन गरिएका छन्:-

क) विकास कार्यमा कन्चनपुर जिल्लाको सुन्दरी खोलाको दायाँ किनारामा Bamboo Porcupine Revetment र Stud को निर्माण कार्य भएको।

ख) अनुसन्धान कार्यमा नारायणी नदीमा जलवायु परिवर्तनका कारण नदीको रुपान्तरण प्रक्रियाबारे अध्ययन भएको छ। नख्खु खोलामा पहिरो संवेदनशीलता मानचित्र र संभावित बहाव क्षेत्र Runout Zone बारे अध्ययन भएको छ। त्यसैगरी बागमती सिँचाइ आयोजना र बक्राहा नदीमा River Bed Sedimentation र यसको प्रभावका बारेमा अध्ययन भएको छ। मोहना नदीमा नदीको रुपान्तरण प्रक्रियाबारे अध्ययन भएको छ। बुढी केशलिया र रतुवा मावा नदीमा River Training कार्यको सूची तयार गरी डिजिटलीकरण गरिएको छ।

चालु आ.व.मा पनि थप केन्द्रबाट अनुसन्धान तथा विकासका कार्यहरु भैरहेका छन्। जसमा विकास कार्य अन्तर्गत बक्राहा नदीमा Sediment Measuring Structure निर्माण गरेको छ। साथै अनुसन्धान कार्य अन्तर्गत खाँडो नदीमा Satellite Remote Sensing and GIS Technique प्रयोग गरी नदीको Shifting पहिचान गरिएको र बाढी जोखिम नक्सा र lifeline को vulnerability विश्लेषण गरिएको (सौराहामा एक पाइलट अध्ययन भएको) छ।

यस नीतिको उद्देश्य हासिल गर्न आवश्यकता अनुसार कानुनी र संस्थागत सुधार गरिने उल्लेख गरिएको छ। जल उत्पन्न प्रकोप व्यवस्थापनको आपत्कालीन कार्यको कार्यविधि २०७३, राष्ट्रिय जल योजना २००५ अनुसार एकीकृत जलश्रोत व्यवस्थापनको अवधारणा बमोजिम नदी वेसिन अनुसार संस्थागत व्यवस्थाको लागि सँगठन तथा व्यवस्थापन सर्भेक्षण गरी मन्त्रालयमा पेश भएको छ।

स्थानीय रुपमा जनस्तरबाट जल उत्पन्न प्रकोपको कारण आपत्कालीन समयमा अपनाउनुपर्ने उपायका सम्बन्धमा जनचेतना अभिवृद्धि गरिनुका साथै आपत्कालीन उद्धार अभ्यासमा प्रत्येक वर्ष Roving Seminar हुने गरेको तथा डकुमेन्ट्री तयार गरी जनस्तरमा जनचेतना अभिवृद्धि गर्ने गरिएको छ। जल उत्पन्न प्रकोपको रोकथाम र त्यस्तो प्रकोपबाट गरिने आकस्मिक उद्धार तथा राहतका लागि देशका विभन्न ठाउँहरूमा निर्माण सामग्री, उपकरण लगायतका उद्धार तथा राहत सामग्रीहरूको व्यवस्था गर्न उद्धार तथा भण्डारण केन्द्रको स्थापनामा आपत्कालीन कार्यको पूर्व

तयारीको लागि बोरा जाली तथा जिआइ तार जालीको भण्डारण प्रत्येक कार्यालयमा हुने गरेको छ।

जलप्रवाह मार्ग र बाढी प्रभावित क्षेत्रमा निर्माण गरिने विशेष गरी प्रकोप नियन्त्रण गर्ने भौतिक संरचनाहरूको लागि निश्चित मापदण्ड निर्धारण गर्न Water Ways Length, Scour Depth, Height and Slope of Embankment हरूको मापदण्ड तथा DPR तर्जुमाको चरणमा निर्धारण गरी कार्यान्वयन गर्ने गरिएको छ। प्रकोप नियन्त्रणका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रुपमा बायोइन्जिनीयरिङ्ग सहितका उचित संरचनात्मक तथा जनचेतनामूलक उपायहरू अवलम्बन गर्न एवम् बायोइन्जिनीयरिङ्गको लागि विरुवा उत्पादन गर्न गिरुबारी, नवलपरासी तथा राप्ती नगरपालिका चितवनमा नर्सरी स्थापना गरिएको छ। लोथर जलाधार, मनहरी तथा मुग्लिङ नारायणघाट अन्तर्गत बायोइन्जिनीयरिङ्ग कार्य भएको छ।

बाढी जोखिम नक्सा (Flood Hazard Map) तयार गर्ने कार्यक्रम अन्तर्गत ओरही, बिरिङ्ग, बक्राहा, बाणगँगा, बलान, बुढी खोला, चौघर, चिसाङ्ग, दोधा, पूर्वी राप्ती, गागन, जलाद, झिम, कर्णाली, कान्द्रा, कन्काई, कमला, खाँडो, खुटिया, लखनदेही, लालबकैया, मोहना नदीहरूको Flood Analysis को काम सम्पन्न गरी Mapping को काम भइरहेको छ।

विस्तारै सर्ने पहिरो (Landslide), भीर पाखा भत्किने पहिरो (Slope Failure) तथा गेग्रान बहाव जस्ता विभिन्न प्रकारका पहिरोहरूको अध्ययन गरी अद्यावधिक तथ्याङ्क राख्नका लागि सो अनुसार प्रत्येक पहिरो जोखिम क्षेत्रको सिमाङ्कन सहितको नक्साङ्कन तयार गर्ने कार्य अन्तर्गत इलाम, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, धनकुटा, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, ओखलढुङ्गा, सिन्धुली, मकवानपुर, ललितपुर, भक्तपुर, काभ्रे, काठमाडौं, धादिङ्ग, रसुवा, नुवाकोट, गोर्खा, म्याग्दी, बाजुरा र दार्चुला जिल्लास्थित केही पहिरोको पहिरो जोखिम नक्सा (Land Slide Hazard Map) तयार गरिएको छ।

**संविधान, सम्बन्धित नीति तथा कानुन, आवधिक योजनाहरू, वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य तथा वार्षिक बजेट तथा कार्यक्रमको विश्लेषण देहाय वमोजिम गरिएको छः**

## क) आवधिक योजना

तेह्रौ आवधिक योजनादेखि पन्ध्रौ योजनासम्म जल उत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धी योजनाको दस्तावेजमा भएका नीतिगत व्यवस्थाहरुको देहाय बमोजिम विश्लेषण गरिएको छ:

**टेवल नं. १ - जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ र आवधिक योजनाबीचको अन्तरसम्बन्ध**


| आवधिक योजना | समग्र नीतिको संख्या | उल्लेख भएका नीतिको संख्या | उल्लेख नभएका नीतिको संख्या |
|---|---|---|---|
| तेह्रौ योजना | १६ | १० | ६ |
| चौधौं योजना | १६ | १२ | ४ |
| पन्ध्रौ योजना | १६ | ८ | ८ |

तेह्रौ योजनामा जम्मा १६ वटा नीति मध्ये १० वटा नीतिलाई सम्वोधन गरेको छ भने ६ वटा नीतिको सम्वोधन हुन नसकेको देखिन्छ। चौधौं आवधिक योजनाले जल उत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रमहरू गुरुयोजना बनाउने, ठूला नदी र ठूला पहिरोका प्रकोप नियन्त्रण, उकास जग्गाको समुचित उपयोग, प्रकोप व्यवस्थापनमा सहभागिता, पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली, नयाँ तथा उपयुक्त प्रविधिको पहिचान विकास तथा विस्तार, अनुसन्धान तथा विकासको कार्य जस्ता १२ वटा नीतिहरु उल्लेख गरेको देखिन्छ। यस योजनामा अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा मापदण्ड, स्रोत साधनमा दोहोरोपना हुन नदिने लगायत नीतिका चारवटा विषयलाई सम्वोधन गरेको देखिदैन।

पन्ध्रौ आवधिक योजनाले जल उत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रमहरू, गुरुयोजना बनाउने, ठूला नदी र ठूला पहिरोका प्रकोप नियन्त्रण, पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली, उकास जग्गाको समुचित उपयोग, प्रकोप व्यवस्थापनमा सहभागिता, नयाँ तथा उपयुक्त प्रविधिको पहिचान विकास तथा विस्तार, अनुसन्धान तथा विकासको कार्य, नीतिगत तथा संस्थागत विकास जस्ता ८ वटा नीतिहरु उल्लेख गरेको देखिन्छ। यस योजनामा सीमा नदीको व्यवस्थापन, अन्तर्राष्ट्रिय सन्धि

सम्झौता तथा मापदण्ड, स्रोत साधनमा दोहोरोपना हुन नदिने लगायत नीतिका ८ वटा विषयहरुलाई सम्वोधन गरेको देखिदैन।

**चार्ट नं. १- जल उत्पन्न प्रकोप व्यवस्थापन नीति र आवधिक योजनाबीचको अन्तरसम्बन्ध**




जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ र आवधिक योजनाबीचको अन्तरसम्बन्धलाई चार्ट नं. १ मा देखाइएको छ। चार्टमा तेह्रौं आवधिक योजनादेखि पन्ध्रौ योजनाको दस्तवेजमा समग्र नीति र आवधिक योजना वीचको सम्वन्धलाई हेर्दा चौधौं योजनाले सबै भन्दा धेरै १६ मध्ये १२ वटा नीतिलाई सम्वोधन गरेको देखिन्छ। जल उत्पन्न प्रकोप व्यवस्थापन नीतिलाई तेह्रौ देखि पन्ध्रौ आवधिक योजनाले धेरै हदसम्म सम्बोधन गरेको देखिन्छ। जब योजनाले नीतिका विषयलाई प्राथमिकता दिदै जान्छ नीति कार्यान्वयनको दिशातर्फ उन्मुख रहन्छ।

चेतावनी प्रणाली, पूर्व सूचना प्रणाली, उकास जग्गाको उपयोग, प्रकोप व्यवस्थापनमा सहभागिता लगायतका विषयलाई आवधिक योजनाले समेटेको देखिन्छ। यसबाट विपद् व्यवस्थापन तथा कृषि एवम् बस्ती विकासका कार्यक्रमलाई समेत सहज रुपमा अघि बढाउन सकिन्छ। धनजनको क्षति हुने क्रम घटदै जान्छ साथै प्रकोप व्यवस्थापनका कार्यक्रममा जनसहभागिता बढदै जाने क्रमले कार्यक्रममा लाभग्राहीको अपनत्व रहन्छ। कार्यक्रमको प्रभावकारिता बढ्दै जाने र प्रकोप व्यवस्थापनमा सहजता आउने देखिन्छ। तसर्थ आगामी

योजनाहरुले राष्ट्रिय नीतिमा उल्लिखित विषयलाई सम्वोधन गर्ने गरी प्राथमिकताका साथ कार्यान्वयनमा लैजानुपर्ने देखिन्छ।

## ख) वार्षिक नीति तथा कार्यक्रम


जल उत्पन्न प्रकोप व्यवस्थापन नीतिमा भएका व्यवस्थालाई आ.व. २०७२/७३ देखि आ.व. २०७७/७८ सम्मको वार्षिक नीति तथा कार्यक्रमलाई देहाय बमोजिम विश्लेषण गरिएको छ:

**टेवल नं.२: जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ र वार्षिक नीति तथा कार्यक्रम अन्तरसम्बन्ध**

| आ.व. | समग्र नीतिको संख्या | उल्लेख भएका नीतिको संख्या | उल्लेख नभएका नीतिको संख्या |
|---|---|---|---|
| २०७२/७३ | १६ | ३ | १३ |
| २०७३/७४ | १६ | ७ | ९ |
| २०७४/७५ | १६ | ३ | १३ |
| २०७५/७६ | १६ | २ | १४ |
| २०७६/७७ | १६ | २ | १४ |
| २०७७/७८ | १६ | ४ | १२ |

प्रस्तुत टेवलमा यो नीति कार्यान्वयनका ६ वटा आर्थिक वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लेख भएका यस क्षेत्रसँग सम्बन्धित नीतिहरुको संख्या देखाइएको छ। यस नीतिमा उल्लिखित १६ वटा नीति प्रस्ताव मध्ये औसत करिव २२ प्रतिशत मात्र सरकारको वार्षिक नीति तथा कार्यक्रममा समेटिएका छन्। तालिका अनुसार सबैभन्दा बढी नीतिका विषयलाई आ.व. २०७३/७४ मा समेटिएको छ भने सबैभन्दा कम आ.व. २०७५/७६ र २०७६/७७ मा समाविष्ट गरिएको छ।

**चार्ट नं.२ — नीति तथा वार्षिक नीति तथा कार्यक्रमबीचको अन्तरसम्बन्ध**




चार्ट नं. २ मा जल उत्पन्न प्रकोप व्यवस्थापन नीति र आ.व. २०७२/०७३ देखि आ.व. २०७७/०७८ सम्मको नीति तथा कार्यक्रमबीचको अन्तरसम्वन्धलाई देखाइएको छ। आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७ मा सबै भन्दा धेरै अर्थात १६ वटा नीति मध्ये १४ वटा नीतिलाई वार्षिक नीति तथा कार्यक्रमले नसमेटेको देखिन्छ। अर्थात आ.व. २०७५/०७६ र २०७६/०७७ मा सबै भन्दा कम अर्थात २/२ वटा नीतिलाई मात्र वार्षिक नीति तथा कार्यक्रमले समेटेको देखिन्छ। पछिल्ला आर्थिक वर्षहरुमा जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ का दीर्घकालीन नीतिहरुलाई वार्षिक नीति तथा कार्यक्रमले सम्बोधन गर्ने क्रम घटदो रुपमा रहेको देखिन्छ। यसबाट नीतिले परिकल्पना गरेको उद्देश्य प्राप्त हुन कठिनाई हुने देखिन्छ। आगामी दिनमा नीतिले परिकल्पना गरेको लक्ष्य प्राप्तिका लागि सोहि बमोजिम वार्षिक नीति तथा कार्यक्रमले समेटदै अघि बढाउनुपर्ने हुन्छ।

## ग) वार्षिक बजेट तथा कार्यक्रम


आ.व. २०७२/७३ देखि आ.व. २०७७/७८ सम्मको वार्षिक बजेट वक्तव्यमा जल उत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धी उल्लेख भएका व्यवस्थालाई देहाय बमोजिम विश्लेषण गरिएको छ।

**टेवल नं.३: जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ र बजेट वक्तव्यबीचको अन्तरसम्बन्ध**

| आ.व. | समग्र नीतिको संख्या | उल्लेख भएका नीतिको संख्या | उल्लेख नभएका नीतिको संख्या |
|---|---|---|---|
| २०७२/७३ | १६ | ४ | १२ |
| २०७३/७४ | १६ | ४ | १२ |
| २०७४/७५ | १६ | ३ | १३ |
| २०७५/७६ | १६ | ५ | ११ |
| २०७६/७७ | १६ | ६ | १० |
| २०७७/७८ | १६ | ४ | १२ |

यसरी प्रस्तुत तालिकाबाट जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ मा उल्लिखित १६ वटा नीतिमध्ये औसतमा करिब २७ प्रतिशत नीतिहरुमात्र सरकारको वार्षिक बजेट वक्तव्यमा समेटिएको देखिन्छ।

**चार्ट नं. ३ — जल उत्पन्न प्रकोप व्यवस्थापन नीति र बजेट वक्तव्य बीचको अन्तरसम्बन्ध**





चार्ट नं. ३ मा जल उत्पन्न प्रकोप व्यवस्थापन नीति र आ.व. २०७२/०७३ देखि आ.व. २०७७/०७८ सम्मको बजेट वक्तव्यवीचको अन्तरसम्वन्धलाई देखाइएको छ। आ.व.

२०७६/०७७ मा सबैभन्दा धेरै अर्थात १६ वटा नीति मध्ये ६ वटा नीतिलाई बजेट वक्तव्यले सम्बोधन गरेको देखिन्छ भने आ.व. २०७४/०७५ मा सबैभन्दा कम अर्थात ३ वटा नीतिलाई मात्र सम्बोधन गरेको देखिन्छ। नीतिको कार्यान्वयनको लागि बजेट वक्तव्यले पूर्णरुपमा सम्बोधन गर्दै लैजानुपर्ने देखिन्छ। वार्षिक बजेट तथा कार्यक्रम तयारी एवम् कार्यान्वयन गर्दा नीतिमा उल्लिखित विषयलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने देखिन्छ।

## घ) बजेट विनियोजन तथा खर्च

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ जारी भए पश्चात आ.व. २०७७/७८ सम्ममा ६ आर्थिक वर्षहरु व्यतीत भैसकेका छन्। जल उत्पन्न प्रकोप व्यवस्थापनको लागि प्रत्येक आ.व.मा बजेट विनियोजन भएको देखिन्छ। बजेट विनियोजनको क्रमलाई हेर्दा सबै भन्दा बढी आ.व. २०७४/७५ मा रु. १२ अर्ब ३ करोड १४ लाखबजेट विनियोजन भएको देखिन्छ भने सबै भन्दा कम आ.व. २०७६/७७ मा रु. ४ अर्ब ५४ करोड ९० लाख बजेट विनियोजन भएको देखिन्छ।

**पाइ चार्ट नं. १- जल उत्पन्न प्रकोप व्यवस्थापनको लागि विनियोजन भएको बजेट**




माथि पाइ चार्ट नं. १- मा प्रस्तुत गरिए बमोजिम हालसम्म विनियोजित कूल बजेटको सबै भन्दा बढी आ.व.२०७४/७५ मा करिव २७% बजेट विनियोजन भएको छ भने आ.व. २०७६/७७ मा १०% मात्र बजेट विनियोजन भएको देखिन्छ।

**टेबल नं.- ४: आ.व. २०७२/७३ देखि हालसम्मको बजेट तथा खर्चको  एकीकृत विवरण**


| आ.व. | बजेट (रु.लाखमा) | खर्च (रु.लाखमा) | खर्च  प्रतिशत |
|---|---:|---:|---:|
| २०७२/७३ | ६,८८,५९ | ५९६,५५ | ८६.६३ |
| २०७३/७४ | ७,८९,१७ | ७,६६,६४ | ९७.१५ |
| २०७४/७५ | १२,०३,१४ | ११,०८,४२ | ९२.१३ |
| २०७५/७६ | ६,९७,३६ | ६,१२,३० | ८७.८० |
| २०७६/७७ | ४,५४,९० | ३,७१,८० | ८१.७३ |
| २०७७/७८[1] | ६,२३,०० | ७४,२२ | ११.९१ |
| जम्मा | ४४,५६,१६ | ३५,२९,९३ | ७९.२१ |

आ.व. २०७२/७३ देखि आ.व. २०७७/७८ सम्मको विनियोजित बजेट र खर्च प्रतिशत हेर्दा सबै भन्दा बढी बजेट विनियोजन आ.व. २०७४/७५ मा रु. १,२०,३१४ लाख र सबै भन्दा कम बजेट विनियोजन आ.व. २०७६/७७ मा रु. ४५,४९० लाख भएको देखिन्छ। बजेट बढी विनियोजन भएको आ.व. २०७४/७५ मा बजेट खर्चका हिसावले करिब ९२% खर्च भएको देखिन्छ। बजेट खर्चको हिसाबले आ.व. २०७३/७४ मा सबैभन्दा बढी ९७.१५% भएको देखिन्छ।

बजेटको विनियोजन र खर्चवीचको अवस्थालाई सन्तोषजनक नै मान्नुपर्ने देखिन्छ। किनकि आ.व. २०७२/७३ देखि आ.व. २०७६/७७ सम्मको खर्च ८०% भन्दा माथि नै देखिन्छ। आ.व. २०७७/७८ मा विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ को प्रभावले अपेक्षित रुपमा खर्च हुन नसकेको हुन सक्छ।

[1]चालु आ.व.को पहिलो छ महिनासम्मको खर्चको तथ्यांङ्कमात्र समावेश गरिएको ।

**चार्ट नं. ४: आ.व. २०७२/०७३ देखि हालसम्मको बजेट तथा खर्चको एकीकृत विवरण**




चार्ट नं. ५ मा प्रस्तुत गरिए बमोजिम बजेट र खर्चको एकीकृत विवरण हेर्दा बजेट विनियोजनको अनुपातमा खर्च हुन सकेको देखिदैन।यद्यपि खर्च प्रतिशत भने उल्लेख्य रहेको छ। तसर्थ आगामी दिनमा कार्यक्रम थप गर्नुपर्ने र खर्च गर्ने क्षमतामा समेत वृद्धि गर्नुपर्ने देखिन्छ।

## ४.३ उपलब्धिको विश्लेषण

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ कार्यान्वयन भए पछि विभिन्न क्षेत्र (तटबन्ध निर्माण,जग्गा उकास तथा ठूला पहिरो नियन्त्रण) मा उल्लेख्य उपलब्धि हासिल भएका छन्। जसको विश्लेषण देहाय बमोजिम गरिएको छ:

## क) तटबन्ध निर्माण


जल उत्पन्न प्रकोप व्यवस्थापनको लागि तटबन्ध निर्माण प्रमुख कार्य हो। तटबन्ध निर्माणमा भएको उपलब्धिलाई देहाय बमोजिम टेबलमा देखाइएको छ:

### टेबल नं.- ५ तटबन्ध निर्माणको विवरण

| आ.व. २०७२/७३ देखि हालसम्मको समष्टिगत उपलब्धि | |
|---|---|
| आ.व. | तटबन्ध निर्माण सम्पन्न (कि.मि.) |
| २०७२/७३ सम्मको कूल[2] | ८५७ |
| २०७३/७४ | ६५.२ |
| २०७४/७५ | ७० |
| २०७५/७६ | ४७.८० |
| २०७६/७७ | ७८.८४ |
| २०७७/७८[3] | १६ |
| **जम्मा (कि.मि.)** | **११३४.८४** |

आ.व.२०७२/७३ देखिको तटबन्ध निर्माणको तथ्याङ्कलाई हेर्दा आ.व.२०७२/७३ सम्मको एकमुष्ट करिव ८७५ कि.मि. रहेको छ भने र आ.व. २०७५/७६ मा पछिल्ला आर्थिक वर्षहरुले सबैभन्दा कम ४७.८० कि.मि. तटबन्ध निर्माण भएको देखिन्छ। आ.व. २०७७/७८ मा जम्मा १६ कि.मि. तटबन्ध निर्माण भएको देखिन्छ भने यसको अद्यावधिक तथ्याङ्क आउन बाँकी रहेको छ। तर विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ को असर तटबन्ध निर्माणमा समेत परेको हुन सक्ने देखिन्छ।

### पाइचार्ट नं. २ – तटबन्ध निर्माणको विवरण




[2]आ.व. २०५७।५८ देखि आ.व. २०७२।७३ सम्म निर्माण भएको तटबन्धको लम्बाई उल्लेख गरिएको।

[3]चालु आ.व.को पहिलो छ महिनासम्मको कार्यको तथ्यांङ्कमात्र समावेश गरिएको ।

माथि चार्ट नं.२ मा आ.व. अनुसार तटबन्ध निर्माणको विवरणलाई प्रस्तुत गरिएको छ। आ.व. २०७४/७५ मा सबैभन्दा बढी २५% तटबन्ध निर्माण भएको देखिन्छ भने आ.व. २०७७/७८ मा सबै भन्दा कम ६% मात्र तटबन्ध निर्माण भएको देखिन्छ।

जब तटबन्ध निर्माणका कार्यहरु अपेक्षित रुपमा अगाडि बढ्दछन् तब जल उत्पन्न प्रकोपका नकारात्मक असरहरु क्रमश: कम हुन थाल्दछन्। यसले समग्र अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्दछ। तटवन्ध निर्माणका कार्यलाई निरन्तर रुपमा अघि बढाउँदै निर्माण सम्पन्न भएका तटबन्धहरुको मर्मत संभार तथा संरक्षण समेतमा ध्यान दिनुपर्ने देखिन्छ।

## ख) जग्गा उकास

नीतिले जोखिम रहित बगर तथा उकास जग्गाको समुचित उपयोग गर्न सकिने उल्लेख गरेको छ। आ.व. २०७२/७३ देखि आ.व. २०७७/७८ सम्म उकास भएका जग्गाको विवरण टेबल नं. ६ प्रस्तुत गरिएको छ:

**टेबल नं - ६: उकास जग्गाको विवरण**


| **आ.व. २०७२/७३ देखि हालसम्मको समष्टिगत उपलब्धि** | |
|---|---|
| आ.व. | हेक्टर जग्गा उकास (हेक्टर) |
| २०७२/७३ सम्मको कूल[4] | ८,९३० |
| २०७३/७४ | ६६९ |
| २०७४/७५ | ५८६ |
| २०७५/७६ | ५५८ |
| २०७६/७७ | ५३९ |
| २०७७/७८ | ३७ |
| **जम्मा (हेक्टर)** | **११,३१९** |

नदी नियन्त्रण कार्यक्रम सञ्चालन पश्चात उकास भएको जग्गाको विवरण आ.व. २०७२/७३ सम्ममा जम्मा ८,९३० हेक्टर देखिन्छ भने पछिल्ला आ.व.मा सबैभन्दा कम आ.व. २०७६/७७ मा ५३९ हेक्टर देखिन्छ। आ.व. २०७७/७८ को पछिल्लो तथ्याङ्क आउन

[4]आ.व. २०५७।५८ देखि आ.व. २०७२।७३ सम्म उकास भएको जमिनकोक्षेत्रफल उल्लेख गरिएको।

बाँकी रहेको छ। यद्यपिजग्गा उकास हुने क्रम पछिल्लो आ.व.मा क्रमिक रुपमा घट्दै गएको देखिन्छ।

**पाइ चार्ट नं. ३: उकास जग्गाको विवरण**




माथि चार्टमा प्रस्तुत भए बमोजिम उकास जग्गाको विवरण आ.व. २०७३/७४ सम्मको कूल उकास जग्गामध्ये २८% रहेको छ भने पछिल्ला प्रत्येक वर्षहरुमा हालसम्मको तथ्यांङ्कमा औसत करिव ५ प्रतिशत जग्गा उकास भएको देखिन्छ।

जग्गा उकास हुदैमा यसले प्रतिफल दिन सक्दैन। उकास भएका जग्गाको समुचित व्यवस्थापन हुन जरुरी देखिन्छ।यस्ता जग्गाहरुको संरक्षण गरी आर्थिक क्रियाकलाप वृद्धि गर्दै अघि बढनु पर्ने हुन्छ।

## ग) ठूलो पहिरो नियन्त्रण


जल उत्पन्न प्रकोप व्यवस्थापन नीतिले ठूला पहिरोका प्रकोप नियन्त्रण कार्यक्रमहरू आन्तरिक तथा वाह्य स्रोत परिचालन गरी निर्माण गरिनेछ भन्ने उल्लेख गरेको छ। आ.व. २०७२/७३ देखि आ.व. २०७७/७८ सम्म ठूलो पहिरो नियन्त्रणका विवरण देहाय बमोजिम टेबल नं. ७ मा प्रस्तुत गरिएको छ:

### टेबल नं. ७ : ठूलो पहिरो नियन्त्रणका कार्यक्रमहरु

| आ.व. २०७२/७३ देखि हालसम्मको समष्टिगत उपलब्धि | |
|---|---|
| आ.व. | ठूला पहिरो रोकथाम (वटा) |
| २०७२/७३ | ० |
| २०७३/७४ | २३ |
| २०७४/७५ | २० |
| २०७५/७६ | ६ |
| २०७६/७७ | १७ |
| २०७७/७८[5] | १० |

आ.व.२०७२/७३ मा ठूला पहिरो नियन्त्रण भएको देखिदैन भने आ.व. २०७३/७४ मा सबैभन्दा बढी २३ वटा ठूला पहिरो नियन्त्रण भएको देखिन्छ। यस्ता कार्यक्रमलाई बढाउदै लैजानु पर्नेमा आ.व. २०७३/७४ देखि आ.व. २०७७/७८ सम्मको ठूला पहिरो नियन्त्रणको विवरण हेर्दा यसको संख्या घटदै गएको देखिन्छ भने आ.व. २०७६/७७ मा १७ वटा ठूला पहिरो नियन्त्रण भएको देखिन्छ।

### पाइ चार्ट नं.-४: ठूलो पहिरो नियन्त्रणका कार्यक्रमहरु




माथि चार्टमा प्रस्तुत भए बमोजिम ठूला पहिरो नियन्त्रण कार्यक्रम आ.व. २०७२/७३ मा शुन्य रहेको देखिन्छ। त्यसै गरी आ.व. २०७३/७४ मा सबै भन्दा बढी ३०% रहेको छ भने आ.व. २०७५/७६ मा ८% मात्र रहेको देखिन्छ।

[5]चालु आ.व.को पहिलो छ महिनासम्मको कार्यको तथ्यांङ्कमात्र समावेश गरिएको ।

विशेष गरी बर्षातको समयमा उच्च पहाडी र पहाडी भूभागमा देखिने पहिरोको समस्या समाधानका लागि पहिरो नियन्त्रणका कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ। पहिरोका कारण तल्लो तटीय क्षेत्रमा खोलाको बहाव बढ्न गई खेतीयोग्य जमीनको कटान, पटान तथा डुबानका साथै बस्ती तथा महत्वपूर्ण पूर्वाधारहरुमा क्षति पुऱ्याउने गर्दछ। पहाडी भेगका कतिपय बस्तीहरु पहिरोका कारण अन्यत्र सुरक्षित स्थानमा सार्नुपर्ने अवस्था प्राय: बर्षैपिच्छे आउने गर्दछ। पछिल्लो समयमा पहाडी भेगमा हेभी औजार उपकरणको प्रयोग तथा ब्ल्यास्टिङ्ग समेत गरी सडक लगायतका पूर्वाधार निर्माणका कार्यमा आएको तीव्रतासँगै साना ठूला पहिरोको संख्यामा उल्लेख्य बृद्धि भएको छ। यसले गर्दा सडक तथा अन्य पूर्वाधारहरुको वर्षेनी ठूलो क्षति समेत हुने गरेको छ। त्यसैगरी उर्बर जमिनको क्षतिका कारण अन्न उत्पादनमा कमी आउनुका साथै नदीको बहाव क्षेत्र र सतह समेत बढेर तल्लो क्षेत्रमा उल्लेख्य मात्रामा हानि हुने गरेको छ। पहिरोका कारण पूर्वाधारका अलावा स्थानीय वासिन्दाहरु प्रत्यक्ष रुपमा प्रभावित हुने भएकोले यस्ता कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तह र जनताको अर्थपूर्ण सहभागिताहुन आवश्यक देखिन्छ। यस्ता कार्यक्रमले एकातर्फ धनजनको क्षतिमा कमी ल्याउँछ भने अर्को तर्फ Life Lines को रुपमा रहेका महत्वपूर्ण पूर्वाधारहरु (Critical Infrastructures) को संरक्षण तथा दिगोपनामा समेत सकारात्मक योगदान गर्दछ।

## घ) सीमा नदीहरूमा हुने डुबान तथा कटान नियन्त्रण

छिमेकी मुलुकवीच आपसी समन्वय तथा समझदारीका आधारमा सीमा नदीहरूमा हुने डुबान तथा कटान नियन्त्रण गरी समाधानका लागि जलस्रोत सम्बन्धी संयुक्त समिति (Joint Committee on Water Resources-JCWR) र बाढी तथा डुबान सम्बन्धी नेपाल भारत संयुक्त समिति (Nepal India Joint Committee on Inundation and Flood Management-JCIFM) गठन भई क्रियाशील रहेका छन्। यसबाट कमला, बागमती र लालबकैया नदीहरूमा नदी नियन्त्रण सम्बन्धी कार्य भई धनुषा र सिराहाका क्रमश: १५,५७५ र १८,०६५ घरधुरी लाभान्वित भएका छन्। त्यस्तै लालबकैया नदी नियन्त्रण कार्यबाट करिब ३,००,००० घरधुरी लाभान्वित भएका छन्। पश्चिम राप्ती, खाँडो र बाणगँगा नदीमा भारतीय सहयोगमा नदी नियन्त्रण कार्य गर्न सहमति भएको साथै DPR तयारीको चरणमा रहेको छ। साथै नेपाल र भारतबीच Real-Time Hydro-Meteorological Data for Flood Forecasting को Sharing गर्ने सहमति भएको छ।

## ४.४ प्राथमिक तथ्याङ्क विश्लेषण

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को अध्ययनको लागि प्राथमिक सूचना संकलनका लागि मुख्य सूचनादाता अन्तर्वार्ता (Key Informant Interview- KII) र समूह केन्द्रित छलफल (Focus Group Discussion- FGD) विधि अवलम्बन गरिएको थियो। जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को तर्जुमा, एवं नीतिको कार्यान्वयनबाट प्रत्यक्ष रुपमा प्रभावित लाभग्राही समेत प्रश्नावली तयार गरी सात जनासँग टेलिफोन मार्फत मुख्य सूचनादाता अन्तर्वार्ता (Key Informant Interview) लिइएको थियो। मुख्य सूचनादाता अन्तर्वार्ता (Key Informant Interview)मा सहभागीको विवरण अनुसूची ५ मा रहेको छ।

यसैगरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सहसचिव कृष्ण बहादुर राउतको संयोजनमा मिति २०७७/१२/२३ गतेका दिन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, राष्ट्रिय योजना आयोग, जल तथा ऊर्जा आयोग, जलस्रोत तथा सिँचाइ विभागबाट सहभागी १३ जना पदाधिकारीको उपस्थितिमा नीतिको तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा समूह केन्द्रित छलफल (Focus Group Discussion) सञ्चालन गरिएको थियो। समूह केन्द्रित छलफल (Focus Group Discussion) मासहभागीको विवरण अनुसूची ६ मा रहेको छ।

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ ले यस क्षेत्रको समग्रराष्ट्रिय उद्देश्य, प्राथमिकता तथा नीतिको कार्यदिशा उजागर गर्ने हुँदा यसको अध्ययनमा राष्ट्रिय नीति सम्बन्धी संवैधानिक व्यवस्था, मुलुकले अङ्गीकार गरेको दीर्घकालीन योजनालाई आधारमानी समग्रमा प्रश्नावली तयार गरी मुख्य सूचनादाता अन्तर्वार्ता र समूह केन्द्रित छलफल आयोजना गरिएको थियो। विशेष गरी समूह केन्द्रित छलफलमा देहायका विषयमा केन्द्रित रही छलफल सञ्चालन गरी सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो। यसबाट आएको सूचना तथा तथ्याङ्कका आधारमा द्बितीय तथ्याङ्कको विश्लेषणबाट आएको नतिजालाई substantiate गर्ने प्रयास समेत गरिएको छ।

- नीति तर्जुमाको चरणमा सरोकारवाला तथा प्रत्यक्ष लाभग्राहीसँगको छलफल,अन्तरक्रिया र परामर्श कार्यक्रम सञ्चालन सम्बन्धी।
- सम्बद्ध सरकारी निकायको धारणा, राय तथा परामर्श सम्बन्धी।
- सम्बन्धित विषयगत/क्षेत्रगत नीति,कार्यक्रम तथा आयोजना कार्यान्वयनको अवस्था, प्राप्त उपलब्धि, कार्यान्वयनका चुनौती तथा सबल एवम् कमजोर पक्षको पहिचान र विश्लेषण सम्बन्धी।

- नीतिले सिर्जना गरेका क्षेत्रगत उपलब्धिको विश्लेषण गरी यसले प्रक्षेपण गरेका अपेक्षित उपलब्धि हासिल गर्न कार्यान्वयनमा आएका अभ्यास तथा प्रयत्नले सिर्जना गरेका अवसर सम्बन्धी।
- नीति कार्यान्वयनका लागि प्रयोगमा ल्याइएका कार्यक्रम/आयोजनाको कार्यान्वयन अवस्थाको विश्लेषण तथा लगानी र अपेक्षित उपलब्धि हासिल गर्न पुऱ्याएको योगदान सम्बन्धी।

**जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को सम्बन्धमा समूह केन्द्रित छलफल र मुख्य सूचनादाता अन्तर्वार्ताबाट प्राप्त जानकारीका आधारमा देहाय वमोजिम विश्लेषण गरिएको छ:**

छलफलबाट प्राप्त जानकारी अनुसार यो नीति तर्जुमाका समयमा विभिन्न निकायका प्रतिनिधिहरुसँग छलफल भएको थियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्तुतीकरण गरिएको थियो तर विपद् प्रभावित, स्थानीय सरोकारवाला, उपभोक्ता समूहसँग भने छलफल नभएको देखिन्छ। केही उत्तरदाताका अनुसार नीतिका लाभग्राही नदी तथा खोलाका छेउछाउमा बसोबास गर्ने र त्यहाँसम्मको पहुँच कठिन हुने भएकाले तिनीहरुको नीति तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता हुन नसकेको जवाफ आएको छ।

यो नीतिमा राष्ट्रिय तथा स्थानीयस्तरमा गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ भन्ने उल्लेख भएकोमा लक्षित समूह छलफलमा सहभागी हुनुभएका पदाधिकारीहरुका अनुसार अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गुरुयोजना बनाएर कार्य गरौं भन्दा एउटै नदीमा मात्र सीमित हुनुपर्ने अवस्था रहेको र साना ठूला कार्यक्रम देशैभरी छरिएको हुँदा सबै नदी तथा खोला र पहिरोहरुको गुरुयोजना बनाउन सम्भव नभएको कुरा उल्लेख गर्नुभएको छ। नीति तर्जुमाकै बेला गुरुयोजनाका विषयमा खासै छलफल नभएको तर पछि गएर ठूला नदीहरुको सम्बन्धमा गुरुयोजना बनाएर अघि बढ्नुपर्छ भन्ने भए बमोजिम गुरुयोजना बनाएर अघि बढाइएको भन्ने भनाई मुख्य सूचनादाता अन्तर्वार्ताका क्रममा जानकारी हुन आएको छ। महाकाली, कर्णाली र नारायणी जस्ता केही मुख्य नदीहरुको गुरुयोजना बनाएर कार्यान्वयन भैरहेको र विशेष गरी तराईका जिल्लालाई समेट्ने गरी ६ वटा कार्यालयबाट जस्तै: तिनाउ नदीमा गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरी प्राथमिकताक्रम अनुसार काम गरिरहेको देखिएको छ।

नदी नियन्त्रणका कार्यक्रममा बजेटको पर्याप्तता एवं सुनिश्चितताको बारेमा प्रश्न गर्दा पूर्व निर्धारित कार्यक्रम गर्न स्रोत सुनिश्चितता हुने गरेको तर विपद् तत्काल आइपर्ने समस्या भएकोले त्यस्तो आकस्मिक कार्यक्रमका लागि बजेट कम हुने गरेको देखिन आएको छ।

विपद्का घटनाहरु बढेसँगै आकस्मिक रुपमा गर्नुपर्ने कार्यक्रमकालागि बजेट बढाउनुपर्ने धारणा अधिकांश उत्तरदाताहरुको रहेको छ।

जोखिमको आधारमा अति जोखिमपूर्ण क्षेत्र, जोखिमपूर्ण क्षेत्र, सामान्य जोखिमपूर्ण क्षेत्र र जोखिम रहित क्षेत्रमा वर्गीकरण गर्ने विषयलाई नीतिमा उल्लेख गरेको छ। केही उत्तरदाताका अनुसार प्रकोप प्रभावित क्षेत्रको मुख्य गरी बाढीका लागि काठमाण्डौ, पोखरा जस्ता ठाउँमा वर्गीकरण भएको भएतापनि कार्यान्वयन नभएको अवस्था रहेको छ। जोखिमको पहिचान भएको ठाउँमा सही प्रयोग नभएको एवम् पहिरोको जोखिम क्षेत्र नछुट्टाएको, पूर्व सूचना प्रणाली पनि नभएको जानकारी अधिकांश उत्तरदाताहरुले दिनुभएको छ। साथै नीतिगत व्यवस्था अनुसार केही स्थानहरुमा जोखिम क्षेत्र वर्गीकरण गरिएका छन्। करिव आधा दर्जन नदीहरुको बाढी जोखिम नक्सा (Flood Hazard Map) तयार भएको छ। यसरी वर्गीकरण भएको स्थानहरुको कार्यान्वयनको अवस्था एकीन सकिएको छैन भने केही उत्तरदाताहरुले यसको प्रभावकारी नियमन हुन नसकेको स्वीकार गरेका छन्।

यस नीतिले पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली व्यवस्थापन कार्यमा जोड दिएको छ। यस सन्दर्भमा जल तथा मौसम विज्ञान विभागले तीन दिनको मौषम पूर्वानुमान गर्दै आएको र पहिले भन्दा पूर्वानुमान थप विश्वसनीय रहेको जानकारी प्राप्त भएको छ। मौसम पूर्वानुमानलाई थप विश्वनीय बनाउन सुर्खेतमा राडार स्थापना भएको छ भने पाल्पा र उदयपुरमा स्थापना गर्ने क्रममा रहेको छ। पूर्व सूचना प्रणालीको लागि Mass SMS System को प्रयोग भैरहेको एवं ५०० वटा मौसम मापन केन्द्र र २०० वटा जलमापन केन्द्रबाट नियमित तथ्याङ्क लिई पूर्वानुमान गर्ने कार्य भैरहेको छ।

जोखिम रहित बगर तथा उकास जग्गाको समुचित उपयोग गर्न सकिने नीतिमा उल्लिखित विषयका सन्दर्भमा झापा र धनुषा जिल्लाका केही स्थानहरुमा ठूलो मात्रामा जग्गा उकास गरिएको र धनुषाको कमला नदीको किनारामा कृषि विभागले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत फलफूल खेती गर्ने कार्यक्रमको तयारीमा रहेको जानकारी प्राप्त भएको छ।

साथै उकास जग्गाबाट स्थानीयले धेरै फाइदा लिएका, खेतीयोग्य जमिन बढेको, उत्पादन बढेको एवं कतिपय स्थानमा घर बनाएर पनि बसेको जानकारी केही उत्तरदाताहरुबाट आएको छ।यो विषयमा हालसम्म सरकारको कुनै योजना नरहेको र माथिल्ला निकायबाट निर्देशन आएको खण्डमा सोहि बमोजिम योजना तयार गरी कार्यान्वयन गरिने केही आयोजनाहरुमा कार्यरत उत्तरदाताहरुले बताउनु भएको छ।

त्यसैगरी एक उत्तरदाताका अनुसार उकास जग्गाको विषयमा नीति तर्जुमाका समयमा छलफल भएको थियो। तर नीति कार्यान्वयनका लागि कानुन तर्जुमा हुन नसक्दा यस क्षेत्रमा धेरै काम हुन नसकेको स्वीकार गर्नुभएको छ।यद्यपि तटबन्ध निर्माण कार्यबाट जग्गा उकास धेरै भएको छ। झापा जिल्लाको उकास जग्गा निजी ब्यक्तिलाई दिने विषय पहिले उठेको भएतापनि पछि कानुनको अभावमा सरकारले दिन नसकेको बुझिएको छ। तसर्थ नीतिमा उल्लेख भए बमोजिम उकास जग्गाको उपयोग भएको छैन।उकास जग्गा धेरै जसो उपभोक्ताकै भएकोले जसको जग्गा हो उसैले उपभोग गर्ने गरेको एकजना उत्तरदाताले बताउनु भएको छ।साथै झापा जिल्लामा उकास भएको केही सरकारी जग्गा झापा औद्योगिक क्षेत्रमा परेको छ।

उपयोग नभएको सरकारी जग्गाको हकमा सरकारले नै प्रयोग गर्ने, बगैंचाहरु बनाउने, आर्थिक क्रियाकलाप सञ्चालन गर्ने भन्ने योजना भएकोमा धेरै ठाउँमा यस्ता जग्गाहरु उकास भएका छन्। तर जुन मात्रामा यो विषयलाई ध्यान दिनुपर्थ्यो त्यो नभएको जानकारी समूह केन्द्रित छलफलमा आएको छ। उकास जग्गा उपयोग प्रत्यक्ष रुपमा आवधिक योजनामा समावेश नभएतापनि केही विषयहरु सम्बोधन गरिएका छन्। अप्रत्यक्ष रुपमा आवधिक योजनामा समावेश छ तर प्रत्यक्षरुपमा संलग्न गर्नुपर्ने आवश्यकता रहेको कुरा छलफलमा सहभागीले बताएका छन्।

कार्ययोजना बनाएर नीति कार्यान्वयन गरिए/नगरिएको तथा प्रचार-प्रसार भएको/नभएको सन्दर्भमा प्रश्न गर्दा छलफलमा सहभागी एक पदाधिकारीले कार्ययोजना नबनेको जानकारी दिनुभएको छ। एक उत्तरदाताका अनुसार नीतिको कार्यान्वयनका क्रममा सरोकारवालाहरुलाई प्रचार प्रसार गरी जानकारी गराइएको थिएन। यद्यपि सिंचाई मन्त्रालय र विभागमा छलफल भएको तर साधन स्रोत, जिम्मेवार निकाय/पदाधिकारी तोकेर प्रचार प्रसार नगरिएको जानकारी प्राप्त भएको छ।

संघ, प्रदेश र स्थानीय तह, गैरसरकारी संस्था, निजी क्षेत्र र प्रकोप प्रभावित उपभोक्ता समूहको सहभागिता र समन्वयका सम्बन्धमा प्रश्न गर्दा केही उत्तरदाताहरुका अनुसार नदी नियन्त्रण सम्बन्धी कार्य उपभोक्ता समितिको सहभागिताबाटै गराउने गरिएको छ। यस विषयमा मेची नदी नियन्त्रण आयोजनाका एक जना लाभग्राहीसँग जिज्ञासा राख्दा आयोजनाबाट मेची नगरपालिकाका वडा नं १, ४ र ५ का बासिन्दाहरुलाई सकारात्मक प्रभाव परेको छ। पहिले एक बाली मात्र हुने गरेकोमा अहिले तीन बाली हुने गरेको छ। यसले हात्तीको आवतजावतमा पनि कमी आएको छ। नदी नियन्त्रण सम्बन्धी कार्य गर्दा सम्बन्धित आयोजना मातहत उपभोक्ता समिति बनाउने गरेको,समितिले भने वमोजिम लाभग्राहीले श्रमदान गर्ने गरेको र लाभग्राही अत्यन्त खुशी रहेको जानकारी प्राप्त भएको छ।

सीमा नदीहरुमा हुने डुबान तथा कटानको समस्यालाई दुबै मुलुकको आपसी समन्वय तथा समझदारीका आधारमा समाधान गरिने विषय नीतिमा उल्लेख छ। यस सन्दर्भमा समूह केन्द्रित छलफलमा सहभागी एक पदाधिकारीका अनुसार छिमेकी मुलुक भई बग्ने सीमा नदीहरुमा हुने डुबान तथा कटानको समस्यालाई आपसीसमन्वयमा समाधान गर्न नेपाल भारत जलस्रोत सम्बन्धी संयुक्त समिति (Joint Committee on Water Resources-JCWR) र बाढी तथा डुबान सम्बन्धी नेपाल भारत संयुक्त समिति (Nepal India Joint Committee on Inundation and Flood Management-JCIFM) गठन भई क्रियाशील रहेको र समितिको बैठक वार्षिक रुपमा बस्ने गरेको छ। यस सम्बन्धी कामलाई अत्यावश्यक कार्य र नियमित कार्य गरी छुट्टाएर कार्यान्वयन गर्ने गरिएको छ।अहिले पनि समय समयमा भर्चुअल माध्यमबाट बैठक भइरहेको जानकारी प्राप्त भएको छ।

प्रकोप व्यवस्थापनसँग सम्बन्धित कार्यमा दोहोरोपना हुन नदिन र अन्तरनिकायबीच समन्वय गर्न नीतिमा व्यवस्था भए अनुरुप के गर्नुपर्ला भन्ने प्रश्न गर्दा प्रकोपका क्षेत्रमा कार्यक्रम तथा आयोजनाहरुको दोहोरोपना अत्यन्तै ठूलो समस्याको रुपमा रहेको कुरा अधिकांश उत्तरदाताले स्वीकार गरेका छन्। एकै स्थानमा एउटै काम संघ, प्रदेश र स्थानीय तहहरुले पनि गरिरहेका छन्।कुन काम कुन निकाय वा तहबाट गर्ने हो स्पष्ट हुनुपर्ने धारणा उत्तरदाताहरुको रहेको छ। तर यस विषयमा उत्तरदाताका अनुसार यस सम्बन्धी एक कार्यविधि रहेको र सो कार्यविधि अनुसार काम गराउने भएकाले काममा दोहोरोपना रहेको छैन। संघबाट संचालित

कार्यक्रमको प्रदेश तथा स्थानीय तहलाई जानकारी गराउने गरिएको देखिन्छ।प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार आपत्कालीन काम गर्ने गरिएको छ। स्रोत विनियोजन तथा कार्यक्रम कार्यान्वयनमा दोहोरोपना हुन नदिन तीनै तहसँग प्रभावकारी समन्वय एवम् सहकार्य गरी अगाडि बढ्नुपर्छ भन्ने धारणा आएको छ।

जल उत्पन्न प्रकोप व्यवस्थापन क्षेत्रको कानुनी र संस्थागत सुधार गरिने विषय नीतिमा उल्लेख छ। यस सम्बन्धमा समूह केन्द्रित छलफलमा सहभागीका अनुसार समग्रमा विपद्को उत्पत्ति हुने पहाड नै हो। तरपनि पहाडमा कार्यालय नभएकोले निगरानी कम रहेको जानकारी दिनुभएको छ। हाल ५२ जिल्लामा संघका कार्यालयहरु छैनन्। तराईको कार्यालय हटाएर पहाडी जिल्लामा कार्यालय स्थापनाका लागि अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग माग गरिएको तर कार्यान्वयन भैसकैको छैन। अर्का सहभागीका अनुसार सिँचाइ र जल उत्पन्न प्रकोपको कामको प्रकृति नै फरक हो। तसर्थ छुट्टै विभाग भएको भए प्रभावकारी हुन्थ्यो भन्ने धारणा आएको छ। यद्यपि जल उत्पन्न प्रकोप व्यवस्थापनको कार्य गर्न प्रदेश सरकारहरुका भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय र कार्यालयहरु स्थापना भैसकेका छन्। यी कार्यालयहरुले नदी नियन्त्रण तथा बाढी तथा पहिरो नियन्त्रण र यस सम्बन्धी आपत्कालीन कार्यक्रमहरु सञ्चालन गरिरहेका छन्। त्यसैगरी स्थानीय स्तरमा पनि साना खोला तथा खोल्सी संरक्षण तथा भू-क्षय रोकथामका कार्यहरु हुन थालेका छन्। तसर्थ संघको सबै जिल्लामा साबिककै जस्तो कार्यालय खोलेर काम गर्नु भन्दा संविधान र प्रचलित कानुनी व्यवस्था वमोजिम तीनै तहसँग संघीय मन्त्रालय र विभागले समन्वय गरी कार्य गर्नुपर्दछ।

नीति तर्जुमाका क्रममा सम्वन्धित लाभग्राहीसँग छलफल नभएको हुँदा उनीहरुको अपेक्षालाई नीतिमा समेट्न नसकिएको सन्दर्भमा नीति तर्जुमा प्रक्रिया सहभागितामूलक बनाउन नसकिएको देखिन्छ। नीति तर्जुमाका समयमा प्रदेश र स्थानीय तहहरु क्रियाशील भइ नसकेकोले यस नीतिमा प्रदेश र स्थानीय तहको भावना र आवश्यकता पनि समावेश हुन सकेको छैन। यस अवस्थामा नीतिमा उल्लिखित नीति कार्यान्वयन सम्बन्धी व्यवस्था पनि अपूर्ण भएको देखिन्छ। त्यसैगरी जल उत्पन्न प्रकोप नियन्त्रण विभाग खारेज भई यसको काम जलस्रोत तथा सिंचाई

विभागमा गाभिनु, विपद् व्यवस्थापन ऐन, २०७४ अनुसार विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना हुनु र प्रदेश र स्थानीय तहमा विपद् सम्बन्धी संरचनागत व्यवस्थाहरु गरिनु लगायतका संघीय शासन प्रणाली अनुरुपको शासकीय प्रबन्ध हुँदै जानुले यो नीतिलाई परिमार्जन वा प्रतिस्थापन गरी नयाँ नीतिको तर्जुमा गर्नुपर्ने देखिन्छ।

त्यसैगरी नीतिमा उल्लिखित गुरुयोजना तयारी एवम् कार्यान्वयनको विषयमा पनि मिश्रित धारणा राखेको पाइयो। तसर्थ आगामी दिनमा गुरुयोजना तयार गरी सोहि बमोजिम नै अघि बढनुपर्ने देखिन्छ। विपद्का घटनाको न्यूनीकरण गर्न पूर्वतयारी लगायतका कार्यक्रममा बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ। जोखिम क्षेत्रको वर्गीकरणको कार्यान्वयन पक्षलाई भू-उपयोग नीति कार्यान्वयनसँगै जोडेर तदारुकताका साथ अघि बढाउनु पर्ने देखिन्छ। जसबाट प्रकोपको कारण धनजनको क्षति न्यूनीकरणहोस् र जोखिम न्यूनीकरण सम्बन्धी अन्य क्रियाकलापहरुलाई समेत सहज किसिमले अघि बढाउन सकियोस्। विपद्का घटनाहरु दोहोरिन नदिनका लागि पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली, विश्वसनीय मौसम पूर्वानुमान, राडार स्थापना एवम् Mass SMS System को निरन्तरता र अन्य आवश्यक क्षेत्रमा समेत विस्तार हुन जरुरी भैसकेको छ।

जोखिम रहित बगर र उकास जग्गाको उपयोगको सन्दर्भलाई निजी जग्गाको सम्बन्धमा जग्गाधनीले नै उपयोग गरेको तर सरकारी जग्गाको उपयोगको सम्बन्धमा कानुनी व्यवस्था गर्नुपर्ने देखिन्छ। साथै प्रकोप प्रभावित स्थानीयको सहभागितामा कार्यक्रम संचालन गर्दा लाभग्राहीको सन्तुष्टि समेत देखिएकोले यस्ता आयोजनालाई संघ, प्रदेश र स्थानीय तहबाट समन्वय गरी सहभागितामूलक अवधारणाबाट सञ्चालन गर्नुपर्ने देखिन्छ। यसरी उपलब्ध हुन आएका जमिनलाई सरकारले दीर्घकालीन कृषि विकास रणनीति र अन्य कानुनी तथा नीतिगत व्यवस्थाको अधीनमा रही करार खेती वा सहकारी खेती गर्न उपयोग गर्न सकिन्छ। यसका अलावा यस्तो जमिनलाई खेल मैदान वा हरियाली प्रबर्द्धन क्षेत्रको रुपमा समेत विकास र उपयोग गर्न सकिन्छ। उकास भएको कतिपय सुरक्षित स्थानका सरकारी जग्गाहरुमा भूमिहीन सुकुम्वासीहरुलाई बसोबास समेत गराउन उपयोग गर्न सकिन्छ। तसर्थ जलस्रोत ऐनमा संशोधन गरी यस सम्बन्धी व्यवस्थालाई कार्यान्वयनमा लैजानु पर्दछ।

सीमा नदीहरुमा हुने डुबान तथा कटानको समस्यालाई दुबै मुलुकको आपसी समन्वय तथा समझदारीका आधारमा समाधान गरिने नीतिको विषय द्विपक्षीय संस्थागत तहमा प्रभावकारी ढंगले अघि बढेको देखिन्छ। तर समग्र अन्तरदेशीय सहयोग र समन्वय (Transboundary Cooperation and Coordination) गरी जल उत्पन्न प्रकोप जोखिम सम्बन्धी सुचना आदान प्रदान गर्ने र बाढी तथा डुबान सम्बन्धी समस्यालाई हल गर्ने विषयलाई थप जोड दिई कार्यान्वयनमा लानुपर्ने देखिन्छ। साथै प्रकोप व्यवस्थापनसँग सम्वन्धित विषयमा तीन तहबीच साधनस्रोत विनियोजन र आयोजना कार्यान्वयनमा दोहोरोपना रहेकोले हाल स्थापित संयन्त्रबाटै समन्वय र सहकार्यलाई प्रभावकारी बनाउदै लैजानुपर्ने हुन्छ। साथै आवश्यकता अनुसार अन्य समन्वय तथा कार्यान्वयन संयन्त्र गठन गरी कार्यान्वयन गर्दै अघि बढ्नुपर्ने देखिन्छ।

यो नीतिले जल तथा मौसम विज्ञान विभागको कार्यक्षेत्रसँग तादाम्य मिलाउन प्रयास गरेको देखिन्छ। हाल दुबै विभागको संलग्नता र आर्थिक तथा प्राविधिक सहयोगमा बाढी पूर्वानुमान प्रणाली सञ्चालनमा रहेको छ। जल तथा मौसम विज्ञानको क्षेत्रमा नयाँ प्रविधिको विस्तार तथा उपयोग, बाढी पूर्वसूचना प्रणालीको स्थापना र सञ्चालन क्रमश: बढीरहेको छ। मौसम पूर्वानुमानलाई थप विश्वसनीय बनाउन देशका तीन स्थानमा मौसम राडार राख्ने तर मौसम पूर्वानुमान र बाढीको पूर्वानुमानलाई प्रभावकारी सञ्चार र समन्वय गर्न आपत्कालीन कार्य सञ्चालन केन्द्रहरुसँग अन्तरआवद्ध गर्ने विषय उल्लेख गरेको छैन। विपद् पूर्व तयारी कार्ययोजना, विपद् प्रतिकार्य कार्यढाँचा, विपद् जोखिम न्यूनीकरणका सेन्डाई कार्यढाँचा कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्यान्वयन कार्ययोजना (२०१८-२०३०) र विपद् जोखिम न्यूनीकरण नीति, २०१८ लगायत विपद् व्यवस्थापनको क्षेत्रका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता, प्रतिवद्वता र राष्ट्रिय कानुनी तथा संस्थागत व्यवस्थासँग पर्याप्त मात्रामा अन्तरआवद्व नगरी यो नीति तर्जुमा भएको देखिन्छ। साथै नीति तर्जुमाको चरणमा पनि सबै सरोकारवालाहरुसँग पर्याप्त छलफल र अन्तरक्रिया गरेको नदेखिएकाले यो नीति विपद् व्यवस्थापन क्षेत्रको पुरानो अवधारणा Whole-of- the-government Approach मा तर्जुमा भएको देखिन्छ। यद्यपि भने नीति तर्जुमा र विशेष गरी विपद् व्यवस्थापनका क्षेत्रमा व्यापक प्रचलनमा आएको पछिल्लो अवधारणा All-of-the-society Appproach लाई अवलम्बन गरेको देखिंदैन।

वास्तवमा नेपालको समग्र विपद्का घटनामध्ये करिब आधा भन्दा बढी घटनाहरु जलजन्य प्रकोपबाट सृजित हुने गरेका छन्। यस प्रकृतिका घटनाबाट मानवीय तथा आर्थिक क्षति वर्षेनी उल्लेख्य मात्रामा भैरहेको छ। यस्ता घटना दोहोरिने क्रम घटाउन र मानवीय तथा आर्थिक हानि नोक्सानी कम गर्न विकास निर्माण गर्ने विभिन्न निकायहरुदेखि सुरक्षा निकायहरुसँग समेत पर्याप्त समन्वय र सहकार्य आवश्यक रहन्छ। तर यो नीतिले तर्जुमा चरणमा नै सबै सरोकारवालाको सहभागिता नगराउँदा नीतिको कार्यान्वयनमा समेत कठिनाइ उत्पन्न भएको देखिन्छ।

यस नीतिले जलश्रोत क्षेत्रका अन्य नीतिहरु र योजनाका समग्र पक्षहरुलाई प्रकोप व्यवस्थापनका हिसावले समेटेको पाइन्छ तर कार्यान्वयनमा जाँदा एउटै मन्त्रालय भित्रका अन्य नीतिहरुको कार्यान्वयन गर्दा जल उत्पन्न प्रकोप व्यवस्थापन पक्षलाई पूर्ण रुपले आत्मसात् गरेको देखिदैन। नेपालमा खासगरी जलविद्युत उत्पादनका लागि ड्यामहरु बनाउने गरिएकोमा हाल सिँचाइ र खानेपानीका लागि समेत ड्याम बनाउने गरिएको छ। तर त्यस्ता ड्यामहरुको सुरक्षा र पूर्वतयारीका लागि कानुनी र नीतिगत व्यवस्था नगरिएकोले बाँध सुरक्षा (Dam safety) सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था कमजोर रहेको देखिन्छ।त्यसैगरी यो नीतिले परिकल्पना गरेको कानुनी र संस्थागत व्यवस्थाको कार्यान्वयन पनि यो अवधिमा सामान्य एउटा कार्यविधि बनाई लागू गर्ने बाहेक अन्य काम हुन सकेको छैन। मुलुक संघीयतामा गए पश्चात जल उत्पन्न प्रकोप नियन्त्रण विभाग सिँचाइ विभागमा गाभिएकोले यो नीति कार्यान्वयन गर्ने विशिष्टीकृत निकाय नरहे तापनि यस सम्बन्धी कार्य जलस्रोत तथा सिँचाई विभागबाट हुँदै आएको देखिन्छ।

जल उत्पन्न प्रकोपका क्षेत्रमा देश भित्रका खोला नदी र पहिरोको व्यवस्थापनको पक्ष मात्र नभई छिमेकी मुलुक भएर आउने नदी र सीमा नदीका कारण उत्पन्न हुन सक्ने प्रकोपको व्यवस्थापनलाई समेत द्विपक्षीय वा वहुपक्षीय समन्वय र सहकार्य मार्फत् जानकारी आदान प्रदान तथा समस्या समाधान गर्ने संयन्त्र स्थापना गर्दै जानुपर्दछ। तर यस नीतिमा सीमापार जल सूचना आदान प्रदान (Cross Border Water Information Sharing) को विषयलाई समेटेको देखिदैन। भारतसँगको सीमा नदी र डुबान सम्वन्धी समन्वयको व्यवस्था र कार्यान्वयन

भैरहेतापनि भने चीन तर्फबाट आउने नदी प्रणाली र त्यसबाट हुने जोखिमको आँकलन र आदान प्रदान सम्बन्धी नीतिगत तथा संस्थागत व्यवस्था उल्लेख भएको देखिदैन।

यसैगरी यस नीतिले राष्ट्रिय भू-उपयोग नीतिको व्यवस्थालाई समेटेको पाइन्छ तर कृषि, खानेपानी, सडक, पुल, जोखिमयुक्त बस्ती संरक्षण जस्ता विषयलाई नीतिले समेट्न नसकेको देखिन्छ। तसर्थ यस नीतिले जल उत्पन्न प्रकोपसँग सम्बन्धित बहुआयामिक क्षेत्रका संस्थाहरु र सरोकारवालाहरु समेट्न सकेको छैन। त्यसैगरी यस नीतिको कार्यान्वयनका लागि आवधिक योजना र बार्षिक नीति कार्यक्रम तथा बजेटले समावेश गर्दै जानुपर्नेमा आंशिक रुपमा मात्र समेटेको पाइन्छ।वास्तवमा जल उत्पन्न प्रकोप नियन्त्रण तथा व्यवस्थापन कार्य गर्दा नदी प्रणालीको जलाधार क्षेत्रमा गरिने संरक्षण, विकास निर्माण र जल उपयोग लगायत सबै पक्षहरु समेटिनु पर्दछ। नदी नियन्त्रण कार्यमा तटबन्ध सँगसँगै नहर तथा कुलो बनाई सिँचाइ सेवा दिने र तटबन्धको डिललाई कोरिडोर सडकको रुपमा विकास गरी कृषि सडक विकासको काम एकीकृत रुपमा गर्न सकिन्छ। तसर्थ एकीकृत जलस्रोत व्यवस्थापन र एकीकृत विकास व्यवस्थापनको अवधारणालाई समेत कार्यान्वयनमा ल्याउन नसकेको अवस्था रहेको छ।

नीति तर्जुमा भएपछि त्यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुनी तथा संस्थागत व्यवस्था अपेक्षित रुपमा तयार नहुनु, आवधिक र वार्षिक योजनाले नीतिले लिएका सबै विषयहरुलाई आत्मसात् नगरिनु र कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था र जनशक्ति कम हुनु र संविधानतः प्रदेश र स्थानीय तहसँग सम्बन्धित नीतिगत विषयको अस्पष्टता रहनु जस्ता कारणले यो नीतिको प्रभावकारी कार्यान्वयन हुन नसकेको देखिन्छ। यस क्षेत्रमा अनुसन्धान तथा विकास कार्य अघि बढाई मुलुकको भौगोलिक अवस्थिति अनुसारका प्रकोपको व्यवस्थापनमा प्रविधिको विकास समेत हुन सकेको छैन। त्यसैगरी नेपालमा परम्परागत रुपमा अवलम्बन गरिदै आएको नदी तथा पहिरो नियन्त्रण कार्यलाई समेत थप सुधार गरी अवलम्बन गर्ने पक्षलाई नसमेटेकोले पुराना प्रविधि प्रयोग नभएको र नयाँ प्रविधि पनि पूर्ण रुपमा अवलम्बन गर्न नसकेको अवस्थामा नेपालको जल उत्पन्न प्रकोप व्यवस्थापन क्षेत्र रहेको देखिन्छ।

अन्तमा नीति तर्जुमा, कार्यान्वयन तथा समन्वयमा संलग्न पदाधिकारीहरुसँग गरिएको मुख्य सूचनादाता अन्तरवार्ता र समूह केन्द्रित छलफलबाट समेत यो नीतिको कार्यान्वयन औसत मात्र भएको स्विकार गरिएको छ। यद्यपि नदी नियन्त्रण कार्यबाट विशेष गरी प्रभावित नागरिकहरु सन्तुष्ट रहेको पाइयो। यस क्षेत्रमा केही नदी नियन्त्रण कार्यक्रममा भारतीय सहयोग रहेको देखिन्छ भने अन्य सबै प्रकोप व्यवस्थापन सम्बन्धी कार्यमा नेपाल सरकारको स्रोत मात्र उपयोग भएको देखिन्छ। विगतमा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग लगायत विभिन्न अन्तर्राष्ट्रिय द्विपक्षीय तथा वहुपक्षीय दातृ निकायहरुले लगानी गरेको भएता पनि अन्य दातृ निकायहरु जल उत्पन्न प्रकोप व्यवस्थापनका क्षेत्रमा परिचालन भएको देखिएन।

## ४.५ नीति तर्जुमा तथा कार्यान्वयनमा देखिएका समस्याहरु

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को अध्ययन गर्दा यसको कार्यान्वयन अपेक्षित रूपमा हुन नसकेको देखिएको छ। नीति कार्यान्वयनलाई प्रभावकारी बनाउन नीति तर्जुमाको चरणदेखि नै संवेदनशील भई सबै सरोकारवालाहरुलाई समेटेर लैजानुपर्ने हुन्छ।यो नीति प्रत्यक्षरूपमा प्रकोप प्रभावित लाभग्राहीसँग सम्बन्धित रहने भएतापनि नीति तर्जुमाको चरणमा लाभग्राहीसँग पर्याप्त छलफल नभएकोले नीति कार्यान्वयनको एउटा सरोकारवाला पक्षको अपनत्व हुन सकेको देखिदैन। त्यस्तै नीति कार्यान्वयन गर्ने साबिकको संरचना जल उत्पन्न प्रकोप नियन्त्रण विभाग हाल जलस्रोत तथा सिँचाइ विभागको एउटा महाशाखामा सीमित भएकोले पनि यो विषयले आवश्यकता अनुसार प्राथमिकता प्राप्त गर्न नसकेको देखिन्छ।संघीय व्यवस्था अनुरुप तीनै तहका संघीय एकाइको स्पष्ट कार्यक्षेत्र उल्लेख गरी नीति कार्यान्वयन कार्ययोजना बिना कार्यान्वयनमा लगिएकाले संघ, प्रदेश र स्थानीयतहबाट हुने स्रोत विनियोजन र आयोजना कार्यान्वयनमा दोहोरोपना एवम् समन्वय हुन नसकेको देखिन्छ। नीति कार्यान्वयनमा बजेट विनियोजनको न्यूनताको विषय बारम्वार आउने गरेतापनि लागत लाग्ने र नलाग्ने सुधारका क्षेत्रहरू पहिचान हुन नसक्दा शुन्य लागतमा हुने काम पनि नभएको देखिन्छ।नीति तर्जुमा पश्चात् यसका लागि आवश्यक पर्ने संस्थागततथा कानुनी व्यवस्था हालसम्म पनि निर्माण वा संशोधन हुन नसकेकाले अपेक्षित कार्यान्वयन हुन सकेको छैन्।

यसरी यो नीति तर्जुमा र कार्यान्वयनमा आइपरेका समस्या तथा अवरोधहरुलाई देहाय बमोजिम औंल्याइएको छ:

- नीति तर्जुमाको चरणमा सबै सरोकारवालाहरुसँग आवश्यकता अनुसार छलफल गरी राय सुझाव लिन नसकेकाले सरोकारवालाहरुको यस नीतिमा अपनत्व नभएको तथा प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको छैन्।

- यस नीतिका विषयहरुलाई आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रमले पर्याप्त मात्रामा समेटन नसकेको र बजेट विनियोजन पनि सो अनुरुप हुन नसकेकोले नेपाल सरकारले लिएको दीर्घकालीन नीति र आवधिक तथा बार्षिक नीतिवीच पर्याप्त तालमेल हुन नसकेको।

- नीति कार्यान्वयनको मुख्य संरचनाको रुपमा रहेको जल उत्पन्न प्रकोप नियन्त्रण विभागलाई जलस्रोत तथा सिँचाइ विभागको एउटा महाशाखामा परिणत भएपछि जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी कार्यले प्राथमिकता पाउन नसकेको।

- संघ, प्रदेश र स्थानीय तहबाट हुने स्रोत विनियोजन र आयोजना कार्यान्वयनमा दोहोरोपना भई आपसी समन्वय हुन नसकेको।

- जल उत्पन्न प्रकोप सम्बन्धी कार्यक्रमहरु विपद् पश्चातको पुनर्निर्माण तथा पुन:स्थापनामा केन्द्रित हुँदा जलजन्य विपद् न्यूनीकरणको पूर्व तयारी सम्बन्धी पर्याप्त कार्यक्रम र बजेटको उपलब्धता नरहेको।

- नीतिको कार्यान्वयन कार्ययोजना बनाई लागत, समय र जिम्मेवार निकाय नतोकी नीति कार्यान्वयनमा लगिएकोले नीतिमा उल्लेख भएका कतिपय लागत लाग्ने र नलाग्ने सुधारका क्षेत्रहरु पहिचान हुन नसकेको तथा बजेट आवश्यक नपर्ने कतिपय लागत नलाग्ने सुधारका कार्यहरु (No Cost Reform) समेत हुन नसकेको।

- जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यमा एकीकृत विकास व्यवस्थापन र एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणालाई कार्यान्वयनमा ल्याउन नसकेको।

- जल उत्पन्न प्रकोप व्यवस्थापन नीतिमा उल्लिखित कानुनी तथा संस्थागत व्यवस्था हुन नसकेको। प्रदेशको पूर्वाधार विकास सम्बन्धी मन्त्रालय तथा मातहतका कार्यालयहरु स्थापना भैसकेको र स्थानीय तहले पनि प्राविधिक शाखा राखेको अवस्थामा संविधान तथा प्रचलित कानुन वमोजिम संस्थागत समन्वय सम्बन्धी व्यवस्था नभएको।

- जल उत्पन्न प्रकोप व्यवस्थापनका क्षेत्रमा सामान्य रुपले अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरु भैरहेको। यसले गर्दा विद्यमान पुराना प्रविधिलाई सुधार गरी समयानुकूल बनाउन नसकेको र नयाँ प्रविधिको प्रयोग समेत उल्लेख्य मात्रामा ल्याउन नसकिएको।

- नीतिमा व्यवस्था भएका जोखिमको आधारमा जमिनको पूर्णमा वर्गीकरण गर्ने, गुरुयोजना बनाई अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन कार्यक्रम सञ्चालन गर्ने लगायतका नीतिका प्रमुख विषयहरु पनि पूर्ण रुपमा कार्यान्वयन हुन नसकेको।

- नदीको उपल्लो तटीय र तल्लो तटीय क्षेत्रबाट हुन सक्ने जोखिम न्यूनीकरणको लागि द्धिपक्षीय तथा बहुपक्षीय समन्वय तथा कार्यान्वयन संयन्त्र बनाई पूर्ण रुपले कार्यान्वयनमा ल्याउन नसकेको।

- नदी उकासका सरकारी जग्गाको उपयोगका सम्बन्धमा कानुनी व्यवस्था नभएको कारण देखाई हालसम्म उकास भएको सरकारी जग्गाको उपयोगमा वेवास्ता गरिएको।

- जल उत्पन्न प्रकोप जोखिम न्यूनीकरणका लागि स्थापना गरिने पूर्वसूचना प्रणाली र पूर्व चेतावनी प्रणालीलाई राष्ट्रिय, प्रादेशिक र स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरुसँग अन्तर आवद्धता नगरेको ।

# परिच्छेद - ५: निष्कर्ष तथा सिफारिस

## ५.१ निष्कर्ष

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को तर्जुमा प्रक्रिया, कार्यान्वयन अवस्था र प्राप्त उपलब्धिको लेखाजोखा गर्ने एवं आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रहरूको पहिचान गर्ने मूख्य उद्देश्यका साथ गरिएको अध्ययनबाट देहायका विषयलाई निष्कर्षका रुपमा लिइएको छ।

नीति तर्जुमाका क्रममा सम्वन्धित लाभग्राहीसँग पर्याप्त छलफल नभएको हुँदा उनीहरुको अपेक्षालाई नीतिमा समेट्न सकेको देखिएन। साथै नीतिको कार्यान्वयन पक्षलाई हेर्दा औसत रुपमा कार्यान्वयन भएको पाइयो। यसै क्रममा गुरुयोजना तयार गरी अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन रुपमा क्रियाकलाप वर्गीकरण गरी एकीकृत जलस्रोत व्यवस्थापन अवधारणा अनुसार नदी नियन्त्रण र प्रकोप व्यवस्थापनका कार्यहरु गर्न शुरुवात भएको छ।

जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यमा प्रकोप प्रभावितहरुको उत्साहजनक सहभागिता रहेको भएपनि नदी किनारा र जोखिमयुक्त पहिरो प्रभावित बाहेक अन्यको त्यति चासो रहेको देखिएन। यस क्षेत्रमा विनियोजित बजेटको करिब ९० प्रतिशत खर्च हुने गरेको देखियो। जोखिम न्यूनीकरणको पूर्वतयारी भन्दा जोखिमपूर्ण अवस्थाबाट प्रभावित भए पश्चात मात्र नदी नियन्त्रण कार्यहरु हुने गरेको देखियो। नेपालको संवैधानिक व्यवस्था अनुसार नदी व्यवस्थापनका लागि तीन तहको स्पष्ट कार्य बाँडफाँट व्यवस्थित भइनसकेकोले नदी नियन्त्रण कार्यमा तीन तहकै कार्यक्रमहरु बीच समन्वय हुन नसकी लगानी दोहोरो पर्ने अवस्था सिर्जना भएको देखिएको छ।

नीति कार्यान्वयनका लागि आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा कार्यक्रमले यथोचित सम्बोधन गर्न नसकेको देखिन्छ। यसरी नीति पारित भएर कार्यान्वयनमा लैजादा के कति साधन स्रोत लाग्छ र त्यसलाई वार्षिक बजेटमा कसरी सम्बोधन गर्ने भन्ने विषय छुटेको देखिन्छ। नीतिमा उल्लेख भएका १६ वटा नीति मध्ये अधिकांश नीति कार्यान्वयनका लागि बजेट विनियोजन भएको नदेखिएको हुँदा नीतिले लिएको सोच र उद्देश्य हासिलमा कठिनाइ हुने देखिएको छ।

बजेट आवश्यक नपर्ने/शून्य लागत लाग्ने (Zero/no cost reform) र लागत लाग्ने (Reform with cost) नीतिको वर्गीकरण गरी कार्यान्वयननगर्दा शून्य लागत लाग्ने कार्य समेत भएको देखिएन। तसर्थ यो विषयलाई सम्बोधन हुने गरी आगामी दिनमा नीति तर्जुमा गर्नुपर्ने देखिन्छ। विपद् सम्बन्धी नीति विभिन्न नीतिहरुसँग तादात्म्य मिलाएर अघि बढाउन नसकिएको देखिन्छ।

यो नीतिको कार्यान्वयनमा Whole of the Government Approach को समेत प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको देखिदैन। नीतिको उद्देश्य हासिल गर्न आवश्यक पर्ने कानुनी र संस्थागत सुधारका लागि विभिन्न प्रयास हुदै आए तापनि जल उत्पन्न प्रकोप सम्वन्धी विषयको लागि विशिष्टीकृत निकाय (Dedicated Institution) आवश्यक रहेको देखिन्छ। साथै संघ, प्रदेश र स्थानीय तहसँग समन्वय कायम गर्दै साधन स्रोतको विनियोजन र आयोजना कार्यान्वयनमा दोहोरोपना आउन नदिन विद्यमान समन्वय संयन्त्रको उपयोग बढाउनुपर्ने देखिन्छ।

जल उत्पन्न प्रकोप व्यवस्थापनको क्षेत्रको अनुन्धान तथा विकास कार्यलाई प्राथमिकता साथ अघि बढाउन विभिन्न कार्यक्रमहरु अबलम्बन गरिनु सकारात्मक शुरुवातको रुपमा लिन सकिन्छ। तर यसको सघनता बढाउनु आवश्यक रहेको छ। प्रकोप नियन्त्रणका लागि तटबन्ध निर्माण, पहिरो नियन्त्रण, उकास जग्गाको उपयोग तथा सीमा नदीमा हुने डुबान तथा कटानका लागि नेपाल र भारत संयुक्त समिति क्रियाशील रहेका छन्। तर सबै मुलुकसँग संयन्त्र स्थापित गरी जलजन्य प्रकोपको सूचना आदान प्रदान तथा प्रकोप व्यवस्थापनमा सहयोग लिनुपर्ने देखिन्छ। साथै प्रकोप पूर्व सूचना प्रणाली तथा चेतावनी प्रणालीको स्थापना र आपत्कालीन कार्यसञ्चालन केन्द्रहरुसँग अन्तरआबद्धता कायम गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण लगायत विपद् व्यवस्थापनसँग सम्बन्धित प्रादेशिक र स्थानीय संरचनाहरुसँग समन्वय र सहकार्यलाई बढाउनुपर्ने देखिन्छ।

यसरी नेपालको संवैधानिक व्यवस्था र संघीयताको भावना र मर्म अनुरुप संघ, प्रदेश र स्थानीय तहको नीति निर्धारण, कार्यक्रम तर्जुमा र कार्यान्वयनमा पर्याप्त समन्वय भएको देखिदैन। नीति तर्जुमा भए पश्चातका तीनवटा आवधिक योजना र सो अन्तर्गत छ वटा आर्थिक वर्षको बजेट तथा कार्यक्रमले सम्बोधन गर्ने दर कमशः घट्दो क्रममा रहेको छ। प्रदेश र स्थानीय तहबाट लगानी गर्नुपर्ने नदी नियन्त्रण र प्रकोप व्यवस्थापन सम्बन्धी कार्यहरुमा कानुनीरुपले स्पष्टता

ल्याउन नसकी कामकारवाहीमा अन्यौलता र बजेट विनियोजनमा दोहोरोपना देखिन आएको छ। यी समग्र पक्षहरुको विश्लेषणका आधारमा यो नीतिलाई परिमार्जन बनाउनु पर्ने देखिन्छ।

## ५.२ सिफारिस

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२ को तर्जुमा प्रक्रियाको समीक्षा, नीतिले उल्लेख गरेको १६ वटा दीर्घकालीन नीति प्रस्ताव र कार्यनीतिको कार्यान्वयनको अवस्था सम्बन्धी आ.व.२०७२/७३ देखि आ.व.२०७७/७८ सम्मको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट विनियोजन र खर्चको विश्लेषण रप्राप्त उपलब्धीको लेखाजोखा एवं मुख्य सूचनादाता अन्तर्वार्ता र समूह केन्द्रित छलफलबाट प्राप्त सूचना तथा जानकारीको विश्लेषणका आधारमा आगामी दिनमा यस नीतिको प्रभावकारी कार्यान्वयन गर्दै अघि बढ्न तथा संघीय शासन प्रणाली अनुरुप नयाँ नीति तर्जुमा गर्दा देहायका विषयहरुमा ध्यान दिनुपर्ने देखिन्छः

- जल उत्पन्न प्रकोप व्यवस्थापन नीतिलाई सबै सरोकारवालाहरुको संलग्नता र सहभागितामा संविधानको व्यवस्था अनुरुप संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार र कार्य जिम्मेवारी स्पष्ट गर्दै All of the society अवधारणाको अवलम्बन गरी परिमार्जन गर्नुपर्ने।

- प्रकोप व्यवस्थापन कार्य समग्र विकास कार्यहरुका लागि अन्तर सम्बन्धित विषय रहेकाले अन्य विकास नीति र कार्यक्रमसँग समेत तादात्म्य मिलाइ नयाँ नीति तर्जुमा गरी विकासका समग्र प्रक्रिया र चरणमा जल उत्पन्न प्रकोप व्यवस्थापनलाई मूल प्रवाहीकरण गरिनुपर्ने।

- जल उत्पन्न प्रकोप व्यवस्थापन नीतिलाई विपद् तथा वातावरण व्यवस्थापन सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता र प्रतिवद्वता तथा व्यवस्थापन ऐन, २०७४ विपद् जोखिम न्यूनीकरण नीति, २०१८ लगायतका विपद् व्यवस्थापनको क्षेत्रका कानुनी र नीतिगत व्यवस्थासँग तादात्म्य मिलाई विपद् व्यवस्थापनको संस्थागत र संरचनागत व्यवस्थासँग अन्तर आवद्वता कायम हुने गरी अघि बढाउनुपर्ने।

- आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम एवं बजेट तर्जुमा गर्दा राष्ट्रिय नीतिमा उल्लेख भएका नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्ने गरी नीतिगत तथा बजेट व्यवस्था गरी नीतिका रुपमा सरकारले गरेको घोषणालाई कार्यान्वयनमा लैजानुपर्ने।

- जल उत्पन्न प्रकोप सम्बन्धी कार्य आकस्मिक रुपमा आइपर्ने भएकोले सो अनुरुप बजेट व्यवस्था गर्न वैकल्पिक वित्त व्यवस्थापनका विधिको समेत प्रयोग गर्ने। यसका लागि Forecast Based Financing, Infrastructure Insurance लगायतका औजारहरुको प्रयोगका लागि अध्ययन गर्नुपर्ने।

- नदीको उपल्लो तटीय र तल्लो तटीय क्षेत्रमा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न Cross Border Water Induced Disaster Risk Information Sharing and Coordination Mechanism बनाउँदा उपयुक्त हुने।

- नयाँ नीतिमा संघ, प्रदेश र स्थानीय तहले सम्पादन गर्ने जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी कार्यहरु छुट्याउदै ती कार्यहरुका लागि रहनुपर्ने संस्थागत व्यवस्था र समन्वय संयन्त्रको व्यवस्था गरिनुपर्ने। जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी विषयलाई जलस्रोत ऐनमा सम्वोधन गर्नुपर्ने।

- दीर्घकालीन नीति, आवधिक र वार्षिक योजना बीच तीनै तहका सरकारहरुमा सामन्जस्यता कायम गर्न उपयुक्त समन्वय संयन्त्रको व्यवस्था गरिनुपर्ने।

- जल उत्पन्न प्रकोप जोखिम न्यूनीकरणका लागि स्थापना गरिने पूर्वसूचना प्रणाली र पूर्व चेतावनी प्रणालीलाई राष्ट्रिय प्रादेशिक र जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रहरुसँग अन्तर आवद्वता कायम गरी दिगो सञ्चालन र उपयोगको व्यवस्था मिलाउने।

- जल उत्पन्न प्रकोप व्यवस्थापनका लागि भैरहेका पुराना प्रविधिलाई सुधार गरी समयानुकूल बनाउदै नयाँ प्रविधिको अवलम्वन गर्न जनशक्ति लगायत आवश्यक व्यवस्था गर्ने ।

- जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यमा एकीकृत विकास व्यवस्थापन र एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणालाई अवलम्बन गर्दै नदी नियन्त्रण सम्बन्धी कार्यहरु गर्दा अझ बलियो र राम्रो निर्माण गरौं अवधारणा (Build Back Better Approach) लाई समेत कार्यान्वयन गर्दै लैजाने।

- देशको समग्र क्षेत्रका नदी र पहिरो व्यवस्थापन गरी मुलुकलाई विपद् उत्थानशील राष्ट्र बनाउँदै नेपालले अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिवद्धता हासिल गर्न सक्ने गरी जल उत्पन्न प्रकोप व्यवस्थापन नीतिको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने।

अन्तमा नीति तर्जुमा गर्दैमा कार्यान्वयन हुने विषय नभएकोले तर्जुमाको चरणमा नै कार्यान्वयनका खाका, सम्भावित समस्या/चुनौती र जोखिम पूर्वानुमान गरी समाधानका उपायहरु सहितको कार्ययोजना तयार गरी कार्यान्वयन गरेमा मात्र नीति कार्यान्वयनबाट अपेक्षित प्रतिफल प्राप्त गर्न सकिन्छ। जल उत्पन्न प्रकोप व्यवस्थापनलाई कानुनी र संस्थागत संरचनाबाट व्यवस्थित गर्ने लगायतका माथि उल्लिखित सुझाव/सिफारिस अवलम्वन गर्दै अघि बढेमा नेपालको संविधानले परिकल्पना गरेको जल उत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धी राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुको सफल कार्यान्वयन हुनेमा विश्वस्त हुन सकिन्छ।

## सन्दर्भ सामग्री


१. नेपालको संविधान, २०७२
२. तेह्रौं आवधिक योजना, राष्ट्रिय योजना आयोग, २०७०
३. चौधौं आवधिक योजना, राष्ट्रिय योजना आयोग, २०७३
४. पन्ध्रौं आवधिक योजना, राष्ट्रिय योजना आयोग, २०७६
५. वार्षिक नीति तथा कार्यक्रम आ.व. २०७२/७३, मुद्रण विभाग, २०७२
६. वार्षिक नीति तथा कार्यक्रम आ.व. २०७३/७४, मुद्रण विभाग, २०७३
७. वार्षिक नीति तथा कार्यक्रम आ.व. २०७४/७५, मुद्रण विभाग, २०७४
८. नीति तथा कार्यक्रम.आ.व. २०७५/७६ मुद्रण विभाग, २०७५
९. नीति तथा कार्यक्रम आ.व. २०७६/७७ मुद्रण विभाग, २०७६
१०. नीति तथा कार्यक्रम आ.व. २०७७/७८ मुद्रण विभाग, २०७७
११. आ.व. २०७२/७३ को बजेट वक्तब्य, मुद्रण विभाग, २०७२
१२. आ.व. २०७३/७४ को बजेट वक्तव्य, मुद्रण विभाग,२०७३
१३. आ.व. २०७४/७५ को बजेट वक्तव्य,मुद्रण विभाग, २०७४
१४. आ.व. २०७५/७६ को बजेट वक्तव्य,मुद्रण विभाग, २०७५
१५. आ.व. २०७६/७७ को बजेट वक्तव्य, मुद्रण विभाग, २०७६
१६. आ.व. २०७७/७८ को बजेट वक्तव्य, मुद्रण विभाग, २०७७
१७. राष्ट्रिय जलस्रोत नीति, २०७७
१८. जलचर संरक्षण ऐन,२०१७
१९. भू तथा जलाधार संरक्षण ऐन, २०३९
२०. जलस्रोत ऐन,२०४९
२१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
२२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६
२३. जल उपभोक्ता संस्था गठन तथा संचालन कार्यविधि, २०७२
२४. जनसहभागितामा आधारित जनताको तटबन्ध कार्यक्रम कार्यविधि, २०६६
२५. सिँचाइ तथा जल उत्पन्न प्रकोप नियन्त्रणसम्बन्धी उपभोक्ता संस्था मार्फत निर्माण कार्य संचालन गर्ने/गराउने कार्यविधि, २०६९

# अनुसूची-१

# अवधारणा पत्र

नेपाल सरकारका राष्ट्रिय नीतिको अध्ययन सम्बन्धी अवधारणा पत्र

१. परिचय

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गरी स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने परिकल्पना गरेको छ। संविधानले नागरिकका मौलिक हकको सुनिश्चित गर्नुका साथै राज्यका निर्देशक सिद्धान्त तथा नीतिमार्फत शासन प्रणालीको गन्तव्य एवं प्राथमिकतालाई स्पष्ट रुपमा दिशा निर्देश गरेको छ। स्रोत साधनको अधिकतम परिचालनबाट अवसरको सिर्जना गरी आय वृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा नेपाललाई अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति गर्ने तथा वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी विकासको दीर्घकालीन सोंच राज्यले लिएको छ।

संविधानले परिलक्षियित गरेको गन्तव्यमा पुग्न र मुलुकको दीर्घकालीन विकासको लक्ष्य हासिल गर्नका लागि नेपाल सरकारले समय समयमा विभिन्न प्रकारका राष्ट्रिय नीतिको तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। यसरी जारी भई कार्यान्वयनमा रहेका नीतिको सङ्ख्या करिब एक सयको हाराहारीमा छ। नीति तर्जुमा एक गतिशील प्रक्रिया हो। यस्ता राष्ट्रिय नीतिको तर्जुमा र कार्यान्वयन सम्वन्धमा अध्ययन अनुसन्धान गरी नीति निर्माण प्रणालीलाई जीवन्त तुल्याउन सान्दर्भिक हुने देखिन्छ। यसै प्रयोजनका लागि नेपाल सरकारका राष्ट्रिय नीतिको अध्ययन सम्बन्धी अवधारणा पत्र तयार गरिएको छ।

२. अध्ययनको औचित्य

सार्वजनिक नीतिमार्फत सरकारले नागरिकको बहुक्षेत्रगत हित प्रवर्द्धन गर्ने र नागरिकप्रतिको गुरुत्तर उत्तरदायित्व निर्वाह गर्ने सङ्कल्प गरेको हुन्छ। सरकारले तर्जुमा गर्ने राष्ट्रिय नीतिमा जनचाहना प्रतिविम्वित भएको हुनुपर्छ। राष्ट्रिय नीतिले लिएको उद्देश्य हासिल गर्नका लागि नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनको आवश्यकता पर्छ। राष्ट्रिय नीतिको तर्जुमा र कार्यान्वयनमा सरकारका धेरै निकायको सहभागिता रहन्छ। सरकारले निकै ठूलो उत्साहकासाथ जारी गरेका कतिपय राष्ट्रिय नीतिले व्यवहारमा आंशिक रूपमा सफलता पाएका र वाञ्छित प्रतिफल हासिल हुन

नसकेको भनी सार्वजनिक रूपमा टिप्पणी हुँदै आएको छ। यस सन्दर्भमा राष्ट्रिय नीति निर्माण प्रक्रियाको बारेमा अध्ययन गरी समसामयिक सुधार गर्दै जानुपर्ने अवस्था रहेको छ।

नीति निर्माण कार्य सक्षम, सुदृढ र व्यवस्थित हुन सक्यो भने मात्र नीतिको कार्यान्वयन पनि प्रभावकारी हुन्छ। नीतिको सफल कार्यान्वयनबाट राज्यको उपस्थिति र गरिमा नागरिकमाझ स्थापित हुनुका साथै मुलुकले लिएको राष्ट्रिय लक्ष्य हासिल गर्न सघाउ पुग्छ। राष्ट्रिय नीतिको तर्जुमा प्रक्रिया, त्यसको कार्यान्वयनको स्थिति र उपलब्धिको अध्ययन एवं विश्लेषण गरी प्राप्त पृष्ठपोषणबाट समग्र नीति निर्माण प्रक्रियालाई सबल र सुदृढ तुल्याउँदै लैजानु नितान्त आवश्यक हुन्छ। यस अध्ययनको प्राप्त निष्कर्षका आधारमा नेपाल सरकारलाई राष्ट्रिय नीति तर्जुमा र कार्यान्वयनमा देखिएका कमी कमजोरीको पहिचान गर्न, नीति निर्माण प्रक्रियामा नवीन ज्ञानको निर्माण गर्न, सरोकारवालालाई नीति कार्यान्वयनको यथार्थ जानकारी दिन तथा नीतिमा उल्लेखित व्यवस्था र कार्यान्वयनबीचको अन्तर (Gap) पत्ता लगाई सुधारका कदमहरू चाल्न सहयोग पुग्नेछ। यसका लागि नेपाल सरकारले विभिन्न समयमा जारी गरेका राष्ट्रिय नीतिको व्यवस्थित अध्ययन गरी विश्लेषणसहितको प्रतिवेदन तयार गर्नु आवश्यक रहेको छ।

३. विगतको समीक्षा

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपाल सरकारबाट जारी भई कार्यान्वयनमा रहेका राष्ट्रिय नीतिहरूको अध्ययन गरी "राष्ट्रिय नीतिहरूको वर्गीकरण प्रतिवेदन, २०७५" प्रकाशन गरेको थियो। उक्त अध्ययन प्रतिवेदनले नेपाल सरकारबाट जारी हुने राष्ट्रिय नीतिको लागि निश्चित ढाँचाको सिफारिश गरेको भए तापनि हाल विभिन्न मन्त्रालयबाट तयार भई स्वीकृतिको लागि प्रस्तुत हुने नीतिको ढाँचामा एकरूपता देखिएको छैन। राष्ट्रिय नीतिको अध्ययन गर्ने क्रममा यस कार्यालयबाट वि.सं. २०७४ मा राष्ट्रिय कृषि नीति-२०६१, राष्ट्रिय औषधि नीति-२०५१, विज्ञान तथा प्रविधि नीति-२०६१ र ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाई नीति-२०६० को परीक्षण गरी प्रतिवेदन प्रकाशन गरेको देखिन्छ।

राष्ट्रिय नीतिको अध्ययन विश्लेषण एवं समीक्षा गर्ने कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, नीति अनुसन्धान प्रतिष्ठान र क्षेत्रगत मन्त्रालयबाट समेत हुँदै आएको छ। यस बाहेक त्रिभुवन विश्वविद्यालय अन्तर्गतको आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (Centre for Economic Development and Administration–CEDA), नेपाल तथा एशियाली अध्ययन

केन्द्र (Center for Nepal and Asian Studies –CNAS), परराष्ट्र मन्त्रालय अन्तर्गत रहेको परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान (Institute of Foreign Affairs–IFA) जस्ता संस्थाहरू नीति अनुसन्धानको क्षेत्रमा क्रियाशील रहेको भए तापनि सार्वजनिक नीतिको अध्ययन अनुसन्धान गर्ने जस्तो व्यापक (Comprehensive) प्रकृतिको कार्य समन्वयात्मक र व्यवस्थित रूपबाट हुने गरेको पाईंदैन। ती निकायबाट भएका अध्ययनले सबै राष्ट्रिय नीतिलाई समेट्न सकेको अवस्था पनि छैन। यसका साथै, विभिन्न निकायबाट गरिएका अध्ययन प्रतिवेदनहरूको अभिलेख व्यवस्थित रुपमा राख्ने परिपाटीको विकास पनि हुन सकेको छैन।

नीति तर्जुमा प्रक्रियालाई तथ्य, तथ्याङ्क र प्रमाणमा आधारित (Evidence Based) बनाई कार्यान्वयनयोग्य आधार तयार गर्ने विशिष्ट उद्देश्यकासाथ नेपाल सरकारले वि.सं. २०७५ सालमा नीति अनुसन्धान प्रतिष्ठान (Policy Research Institution–PRI) को स्थापना गरेको छ। यस प्रतिष्ठानले अध्ययनको थालनी त गरेको छ तर संस्थागत क्षमता सिमित र कार्यको दायरा वढी भएको हुँदा अनुसन्धान सम्वन्धी कार्य व्यवस्थित रूपमा सञ्चालन गरी सोको प्रतिवेदन यस कार्यालयमा प्राप्त हुन आएको छैन।

## ४. अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य राष्ट्रिय नीतिको तर्जुमा प्रक्रिया, कार्यान्वयनको अवस्था र हासिल भएका उपलब्धिको लेखाजोखा एवं सुधारका क्षेत्रहरूको पहिचान गर्नु रहेको छ। यस अध्ययनका विशिष्टिकृत उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

क) नेपाल सरकारवाट जारी भएका राष्ट्रिय नीतिहरूको क्षेत्रगत वर्गीकरण सहितको सूची अद्यावधिक गर्ने।

ख) नीतिको तर्जुमा प्रक्रिया तथा नीतिका विविध पक्षवीचको अन्तरसम्वन्धको विश्लेषण गर्ने।

ग) नीति कार्यान्वयनको अवस्था र उपलब्धिको समीक्षा गर्ने।

घ) नीति कार्यान्वयनमा देखा परेका समस्याको पहिचान गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने।

## ५. अध्ययन विधि

राष्ट्रिय नीतिले मुलुकको समग्र राष्ट्रिय उद्देश्य, प्राथमिकता तथा विशेषता उजागर गर्ने हुँदा यसको अध्ययनमा राष्ट्रिय नीति सम्वन्धी संवैधानिक व्यवस्था, मुलुकले अङ्गीकार

गरेको दीर्घकालीन योजना, दिगो विकासका लक्ष्य (SDGs) ले निर्धारण गरेका विषयवस्तु र क्षेत्रीय तथा बहुपक्षीय मञ्चहरूमा नेपाल सरकारको तर्फबाट व्यक्त भएका प्रतिबद्धतालाई समेत आधार मानी विश्लेषण गरिनेछ। यस अध्ययनमा मूलतः देहायका विधिको उपयोग गरिनेछ।

क) विद्यमान नीतिगत व्यवस्थाको समीक्षाः

- नीति तर्जुमाको चरणमा सरोकारवाला तथा प्रत्यक्ष लाभग्राही वर्गसँगको छलफल, अन्तरक्रिया र परामर्श, सम्बद्ध सरकारी निकायको धारणा, राय तथा परामर्श।
- नीतिका विषयवस्तुहरूमा स्पष्टता र सामन्जस्यता।
- सम्बन्धित विषयगत/क्षेत्रगत नीति र कार्यक्रम, परियोजना, कार्यान्वयनको अवस्था, उपलब्धि, कार्यान्वयनका चुनौती र सबल तथा कमजोर पक्षको पहिचान र विश्लेषण।
- नीतिले सिर्जना गरेका क्षेत्रगत उपलब्धिको विश्लेषण, नीतिले प्रक्षेपण गरेका अपेक्षित उपलब्धि हासिल गर्न कार्यान्वयनमा आएका अभ्यास तथा प्रयत्नले सिर्जना गरेका अवसरको समीक्षा।
- नीति कार्यान्वयनका लागि प्रयोगमा ल्याइएका कार्यक्रम/परियोजनाको कार्यान्वयन अवस्थाको विश्लेषण तथा गरिएको लगानी र अपेक्षित उपलब्धि हासिल गर्न त्यसले पुर्‍याएको योगदानको विश्लेषण।

ख) छलफल, अन्तरक्रिया तथा अन्तर्वार्ता

नीतिसँग सम्बन्धित क्षेत्रका विज्ञ, नीतिको नेतृत्वकर्ता निकाय, सरोकारवाला/लक्षित वर्गसँग छलफल गरी नीतिमा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीतिको मूल्याङ्कन गर्ने र त्यसका लागि आवश्यकता बमोजिम लक्षित समूह छलफल (Focused Group Discussion –FGD) तथा मुख्य सूचनाकर्तासँग अन्तर्वार्ता (Key Informant Interview—KII) जस्ता उपायहरू अवलम्बन गरिनेछ।

ग) तथ्याङ्क तथा सूचना सङ्कलन र विश्लेषण

नीतिको नेतृत्व गर्ने सम्बन्धित निकायसँगको समन्वयमा नीति जारी हुँदाको बखतको आधाररेखा सर्वेक्षण (Baseline Survey) र नीति कार्यान्वयनपश्चात् प्राप्त भएका उपलब्धिको विवरण सङ्कलन गरी तुलनात्मक तालिकाको माध्यमबाट उपलब्धिको मापन गरिनेछ। यस्तो तथ्याङ्क तथा सूचना मूलतः द्वितीय श्रोत (Secondary Sources) बाट सङ्कलन गरिनेछ।

घ) पूर्व प्रकाशन, विश्लेषण तथा प्रतिवेदनको अध्ययन

नीतिसँग सम्बन्धित रहेर विगतमा नेपाल सरकार तथा अन्य निकायबाट भएका अध्ययन, अनुसन्धान, समीक्षा, प्रतिवेदन तथा प्रकाशन आदिको सहयोगमा अध्ययनको विधि तथा निचोडलाई खँदिलो, विश्वासिलो र वस्तुपरक वनाईनेछ।

६. नीति विश्लेषणको आधार र कार्यढाँचा:

आगत, प्रक्रिया र निर्गत (Input, Process and Output) विधिलाई नै नीति विश्लेषणको मूलभूत खाकाको रूपमा ग्रहण गरिनेछ। नीतिमा प्रस्ताव गरिएका सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न के कस्ता मानवीय, वित्तीय, साङ्गठनिक लगानीहरू गरिए, तिनको परिचालनको प्रक्रिया तथा पद्धतिहरू के कस्ता रहे र त्यसबाट के कस्ता उपलब्धिहरू प्राप्त भए भन्ने सन्दर्भमा आधारित रहेर नीतिका हरेक पक्षको विश्लेषण गरिनेछ। यस विधिबाट नीति तर्जुमा तथा कार्यान्वयनका सबल पक्ष, कमजोर पक्ष तथा कठिनाइहरूको पहिचान हुनेछ। विषयगत/क्षेत्रगत राष्ट्रिय नीतिको लेखाजोखा गर्ने सन्दर्भमा निम्न सूचकहरूको उपयोग गरिनेछ।

क) नीतिको लक्ष्य प्राप्तिको योग्यता

नीतिगत प्राथमिकता, प्रतिवद्ध लगानीको उपलब्धता, नीति कार्यान्वयनका लागि पर्याप्त कार्यक्रम तथा वजेट व्यवस्था, सक्षम एवं जवाफदेही संस्थागत व्यवस्था, सहकार्य र साझेदारीको अवस्था आदिको आधारमा नीतिले निर्धारित लक्ष्य हासिल गर्न सक्ने नसक्ने योग्यताको मापन गरिनेछ।

ख) नीति कार्यान्वयनको सक्षम व्यवस्था

नीतिगत व्यवस्थाको कार्यान्वयनका लागि सबल र अनुकूल वातावरण, कार्यान्वनयका लागि सक्षम सङ्गठनात्मक व्यवस्था, उपयुक्त र पर्याप्त कानुनी व्यवस्था, कार्यक्रम र बजेट, सेवा प्रवाहको पद्धति, अनुगमन, समीक्षा तथा समस्या समाधानको संयन्त्र, सरोकारवाला वीच सहकार्य र साझेदारी, प्रोत्साहनमूलक व्यवस्था आदिका आधारमा नीति कार्यान्वयनको सक्षम व्यवस्थाको मूल्याङ्कन गरिनेछ।

ग) नीति कार्यान्वयनको दक्षता र उपलब्धि

नीति कार्यान्वनयमा दक्षता र यसको परिपालना, नीतिको कार्यान्वयनबाट प्राप्त उपलब्धिको मापन गर्ने प्रयत्न गरिनेछ। नीति कार्यान्वयनका क्रममा प्रस्तुत भएका उदाहरणीय पक्षहरू के कस्ता रहे, नीतिमा रहेका व्यवस्थाहरूको उपयोग तथा परिपालना कुन क्षेत्रमा के कसरी भयो, यसको कार्यान्वयनमा संलग्न पक्षहरूको दक्षता र क्षमतामा के कस्तो विकास भयो वा आगामी दिनमा सरकारका नीतिगत प्रवन्धहरूलाई सबलताका साथ कार्यान्वयन गर्ने क्षमता विकास हुन सक्यो वा सकेन, सबै साझेदारले नीतिमा रहेका मुलभूत प्रावधानलाई सहजताकासाथ पालना गरे गरेनन् भन्ने हेरिनेछ। साथै, नीतिले परिकल्पना गरेका लक्ष्यहरू हासिल गर्ने सम्वन्धमा भएका सारभूत उपलब्धिको विश्लेषण गरिनेछ।

७. अध्ययनको दायरा / सीमा

उपलब्ध वजेट तथा जनशक्ति र कोभिड १९ को संक्रमणको अवस्थाका कारण प्रस्तुत अध्ययनको दायरा देहाय वमोजिम सीमित गरिएको छः

१. नेपाल सरकार, मन्त्रिपरिषद्बाट जारी भई विगत पाँच वर्षदेखि कार्यान्वयनमा रहेका नीति मध्येवाट अध्ययन गरिनेछ। हाल कार्यान्वयनमा रहेका सम्पूर्ण नीतिको अध्ययन गर्न सम्भव नहुने भएकोले क्षेत्रगत प्रतिनिधित्व हुने गरी निम्नानुसार चारवटा नीतिको अध्ययन गरिने छ। नीतिको प्रभाव विष्लेषण यस अध्ययनमा गरिने छैन।

   क) आर्थिक क्षेत्र– विदेशी लगानी नीति, २०७१
   ख) पूर्वाधार क्षेत्र– जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२
   ग) सामाजिक क्षेत्र– वैदेशिक रोजगार नीति, २०६८
   घ) सुशासन क्षेत्र– निजामती कर्मचारी राष्ट्रिय तालिम नीति, २०६१

२. अध्ययनमा मुख्यरुपमा द्वितीय तथ्याङ्क र सूचना (Secondary data and information) को प्रयोग गरिनेछ।

८. अपेक्षित प्रतिफल

यस अध्ययनवाट देहायको प्रतिफल प्राप्त हुनेछ–

(क) नेपाल सरकारबाट जारी भई कार्यान्वयनमा रहेका राष्ट्रिय नीतिको क्षेत्रगत वर्गीकरणसहितको अद्यावधिक सूची तयार हुनेछ।

(ख) अध्ययनका लागि छनोट गरिएका नीतिको तर्जुमा प्रक्रियादेखि कार्यान्वयन अवस्थाको विश्लेषण तथा प्राप्त उपलब्धिको लेखाजोखा गरी भविश्यमा तर्जुमा

गरिने नीतिको कार्यान्वयनशीलता बढाउनका लागि सुधारका क्षेत्र पहिचान भएको प्रतिवेदन तयार हुनेछ।

९. अध्ययनको समय सीमा

आर्थिक वर्ष २०७७/७८ को दोस्रो चौमासिकसम्ममा अध्ययन सम्पन्न हुनेछ। अध्ययन सञ्चालनका लागि देहायबमोजिमको समयबद्ध कार्ययोजना अवलम्बन गरिनेछ।

| क. सं. | क्रियाकलाप | समय सीमा |
|---|---|---|
| १. | अवधारणा पत्रको स्वीकृति | पुष १३ गतेभित्र |
| २. | अध्ययनको चेकलिष्ट तयार गर्ने | पुष २० गतेभित्र |
| ३. | तथ्याङ्क तथा सूचना सङ्कलन र तालिकीकरण गर्ने | माघ १५ गतेभित्र |
| ४. | संकलित तथ्याङ्कको विश्लेषण गर्ने | माघ मसान्तभित्र |
| ५. | प्रारम्भिक प्रतिवेदन तयार गर्ने | फागुन मसान्तभित्र |
| ६. | प्रारम्भिक प्रतिवेदनमाथि सम्वन्धित मन्त्रालयको राय प्रतिक्रिया माग गर्ने | चैत १० गतेभित्र |
| ७. | अन्तिम प्रतिवेदन तयार | चैत मसान्तभित्र |

१०. वजेट तथा जनशक्ति व्यवस्था

वार्षिक कार्यक्रमका लागि विनियोजित वजेटबाट यो अध्ययन गरिनेछ। यसका लागि छनोट गरिएको नीतिसँग सम्वन्धित महाशाखा प्रमुखको संयोजकत्वमा नीति

कार्यान्वयनको नेतृत्व गर्ने मन्त्रालयका योजना/ अनुगमन शाखा प्रमुख, राष्ट्रिय योजना आयोगको सचिवालयका सम्वन्धित विषय हेर्ने उपसचिव र आवश्यकतानुसार अन्य कर्मचारी समेत रहेको अध्ययन कार्यदलहरु गठन गरी नीति अध्ययन सम्वन्धी कार्य सम्पन्न गरिनेछ। अध्ययन कार्यमा आवश्यकतानुसार अन्य मन्त्रालयका कर्मचारीलाई समेत आमन्त्रण गर्न सकिनेछ। अध्ययनको नेतृत्व देहाय अनुसार हुनेछः

क. बिदेशी लगानी नीति, २०७१– लगानी, उत्पादन तथा रोजगार प्रवर्द्धन महाशाखा प्रमुख,

ख. जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२– पूर्वाधार विकास महाशाखा प्रमुख,

ग. बैदेशिक रोजगार नीति, २०६८– सामाजिक विकास तथा रुपान्तरण महाशाखा प्रमुख,

घ. निजामती कर्मचारी राष्ट्रिय तालिम नीति, २०७१— सुशासन प्रवर्द्धन महाशाखा प्रमुख।

# अनुसूची-२
## नीति अध्ययनको चेकलिष्ट

१. छनौट भएका नीतिको अध्ययन गर्ने, अध्ययनको क्रममा नीतिमा उल्लेखित महत्वपूर्ण नीतिगत, संस्थागत र कानुनी पक्षहरूको टिपोट तयारी

२. प्रतिवेदनको प्रारम्भिक खाका तयारी

३. नीतिको तर्जुमा तथा कार्यान्वयन सम्बन्धी विवरण संकलन (Secondary Information Collection)

   ३.१.कार्यक्रम तथा बजेटसँग सम्बन्धित विवरण संकलन (आ.व.२०७२/७३ देखि आ.व.२०७७/७८ सम्म)

   ३.२. कानुनी व्यवस्थासँग सम्बन्धित विवरण संकलन (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड लगायत)

   ३.३. संस्थागत व्यवस्था सम्बन्धी सूचना संकलन (निकाय गठन, सुधार लगायत)

   ३.४. अन्य (आवधिक योजना, क्षेत्रगत नीतिसँगको अन्तरसम्बन्ध पहिचान)

   ३.५. नीति तर्जुमा प्रक्रिया सम्बन्धी तथ्याङ्क संकलन

४. नीति तर्जुमा तथा नीति कार्यान्वयन सम्बन्धी प्राथमिक सूचना तथा तथ्याङ्क संकलन (Primary InformationCollection)

   ४.१. लक्षित समूह छलफल (Focus Group Discussion (FGD) Questionnaire तयारी

   ४.२. मुख्य सूचनादाता अन्तर्वार्ता (Key Informants Interview) (KII) Questionnaire तयारी

   ४.३. FGD /KII गर्ने पदाधिकारी चयन

   ४.४. नीति तर्जुमादेखि कार्यान्वयनमा संलग्न पदाधिकारीहरू र अन्य सरोकारवालासँग मुख्य सूचनादाता अन्तर्वार्ता र समुह केन्द्रित छलफल

५. नीति तर्जुमा तथा कार्यान्वयन सम्बन्धी विश्लेषण

   ५.१. नीतिको सन्दर्भ (Context) र नीतिको विषयवस्तुको (Content) को विश्लेषण

   ५.२. नीति तर्जुमा प्रक्रिया एवं कार्यान्वयन अवस्थाको विश्लेषण

   ५.३. उपलब्धिको विश्लेषण

   ५.४. तर्जुमा तथा कार्यान्वयनका समस्या

६. प्रतिवेदन तयारी गर्ने

   ६.१. प्रारम्भिक प्रतिवेदन तयारी गर्ने

   ६.२. प्रतिवेदनको प्रस्तुतीकरण एवं राय सुझाव संकलन गर्ने

   ६.३.अन्तिम प्रतिवेदन तयारी तथा पेश गर्ने।

# अनुसूची-३
## अध्ययन कार्यदलको गठन

नेपाल सरकारबाट जारी भएका राष्ट्रिय नीतिहरुको अध्ययन गर्ने सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०७७/०९/१३ मा स्वीकृत अवधारणापत्र बमोजिम पूर्वाधार विकास महाशाखा प्रमुखको संयोजकत्वमा जल उत्पन्न प्रकोप व्यवस्थापन नीति,२०७२ को अध्ययन कार्यलाई समन्वयात्मक र प्रभावकारी बनाउन देहाय बमोजिमको कार्यदल गठन भएको ।

| क्र.सं. | नाम, थर, पद | कार्यालय | विवरण |
|---|---|---|---|
| १. | सहसचिव, श्री कृष्ण बहादुर राउत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयोजक |
| २. | उपसचिव, श्री प्रमिला आचार्य | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ३. | उपसचिव, श्री अजिता शर्मा | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ४. | उपसचिव, दिलिप कुमार अधिकारी | अर्थ मन्त्रालय | सदस्य |
| ५. | सि.डि.ई., श्री बासु तिमिल्सिना | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | सदस्य |
| ६. | उपसचिव, श्री नारायण खतिवडा | राष्ट्रिय योजना आयोग | सदस्य |
| ७. | सि.डि.ई.,श्री दिनेश भट्ट | जलस्रोत तथा सिंचाई विभाग | सदस्य |
| ८. | शाखा अधिकृत,श्री प्रवीण कटवाल | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ९ | शाखा अधिकृत,श्री शशी पौडेल | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य-सचिव |

## अनुसूची-४

## मुख्य सूचनादाता अन्तर्वार्ता र समूह केन्द्रित छलफलमा सोधिएका प्रश्नावली

१. नीति तर्जुमा प्रक्रिया कस्तो थियो? तर्जुमा गर्दा सरोकारवाला सबैको सहभागिताथियो वा थिएन?को को सहभागी थिए?

२. नीति तर्जुमाको समयमा कार्यान्वयनका लागि अल्पकालीन वा दीर्घकालीन गुरुयोजना बनाउँदा कसरी सहज हुन्छ भन्ने विषयमा छलफल भएको थियो वा थिएन?

३. नीति तर्जुमाकै चरणमा जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी आवश्यक पर्ने पूर्व सूचना प्रणाली र चेतावनी प्रणालीले प्रकोप नियन्त्रणमा सहयोग पुऱ्याउने विषयमा  छलफल भयो भएन?

४. नीति कार्यान्वयन योजना(साधन स्रोत, जिम्मेवार निकाय, पदाधिकारी) तोकि सरोकारवालामा प्रचार प्रसारएवं समन्वय गरी कार्यान्वयनमा लगियो लगिएन?

५. नीति कार्यान्वयनका क्रममा कार्यक्रम तथा आयोजनाको तर्जुमा, साधन स्रोत विनियोजन र कार्यान्वयनमा लैजाने सम्बन्धमा के कस्ता कामहरु भए?

६. जोखिमरहित बगर तथा उकास जग्गाको उपयोग के कसरी गर्न सकिन्छ भन्ने विषयमा कस्तो छलफल भएको थियो? नीतिमा उल्लेख भए बमोजिम जोखिमरहित बगर तथा उकास जग्गाको उपयोग भएको छ कि छैन?

७. जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी नीतिमा तोकिएका उद्देश्य हासिल गर्न के कस्ता कानुनी र संस्थागतसुधारहरु गरिए?गरिएका सुधार पर्याप्त हुन्?

८. जल उत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धी कार्यका लागि बजेट पर्याप्त छ छैन?

९. नीति तर्जुमा सम्बन्धमा भन्नआवश्यक ठान्नुभएका अन्य केही कुरा छ कि?

## अनुसूची-५
## मुख्य सूचनादाता अन्तर्वार्तामा सहभागीहरुको विवरण

| सि.नं. | नाम,थर | पद | कार्यालय |
|---|---|---|---|
| १. | श्री कृष्ण वेल्वासे | महानिर्देशक(पूर्व) | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग |
| २. | श्री षड्मुकेश अमात्य | सि.डि.ई. (पूर्व) | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग |
| ३. | श्री प्रदिप कुमार मानन्धर | सि.डि.ई.(पूर्व) | जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग |
| ४. | श्री दिनेश भट्ट | सि.डि.ई. | जलस्रोत तथा सिँचाइ विभाग |
| ५. | श्री कमल द्विवेदी | सि.डि.ई.जी. | जोखिमयुक्त पहिरो व्यवस्थापन आयोजना |
| ६. | श्री राम कुमार शाह | आयोजना प्रमुख | खाँडो नदी नियन्त्रण आयोजना |
| ७. | श्री नविन न्यौपाने | लाभग्राही | मेची नदी नियन्त्रण आयोजना |

# अनुसूची-६
## समूह केन्द्रित छलफलमा सहभागीहरुको विवरण

| सि.नं. | नाम,थर | पद | कार्यालय |
|---|---|---|---|
| १. | श्री नुर महम्मद खाँ | सहसचिव | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय |
| २. | श्री कलानिधि पौडेल | सहसचिव | जल तथा ऊर्जा आयोग |
| ३. | श्री मधुकर प्रसाद राजभण्डारी | महानिर्देशक | जलस्रोत तथा सिँचाइ विभाग |
| ४. | श्री नारायण खतिवडा | उपसचिव | राष्ट्रिय योजना आयोग |
| ५. | श्री कृष्ण प्रसाद नेपाल | उपहानिर्देशक | जलस्रोत तथा सिँचाइ विभाग |
| ६. | श्री प्रदिप थापा | उपहानिर्देशक | जलस्रोत तथा सिँचाइ विभाग |
| ७. | श्री बासु तिमिल्सिना | सि.डि.ई. | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय |
| ८. | श्री जेविन ताम्राकार | सि.डि.ई. | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय |
| ९. | श्री दिनेश भट्ट | सि.डि.ई. | जलस्रोत तथा सिँचाइ विभाग |
| १० | श्री विष्णु देव यादव | सि.डि.ई. | जलस्रोत तथा सिँचाइ विभाग |
| ११ | श्री मुकेश पाठक | इन्जिनियर | जलस्रोत तथा सिँचाइ विभाग |
| १२ | श्री विरेन्द्र कुमार यादव | सि.डि.ई. | जलस्रोत तथा सिँचाइ विभाग |

# अनुसूची -७
## मुख्य सूचनादाता अन्तर्वार्तामा सहभागीहरुबाट प्राप्त जवाफको टिपोट

**श्री प्रदिप कुमार मान्नधर, (पूर्व) सि.डि.ई, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग**

१. नीति तर्जुमा प्रक्रिया कस्तो थियो ? तर्जुमा गर्दा सरोकारवाला सबैको सहभागिता थियो कि थिएन?

पहिला जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी नीति,२०६२ कार्यान्वयनमा रहेको थियो। उक्त नीति समयसापेक्ष भएन र नयाँ नीतिको आवश्यकता महसुस भइ यो नीति तर्जुमा गरिएको हो। सहभागिताको कुरा गर्दा यो नीतिका लाभग्राही River bank मा बस्ने हुनाले तिनीहरुसँग समन्वय र सहभागिता भएन। भारत, जापान, अष्ट्रेलिया लगायत देशका जल उत्पन्न नीतिहरु हेरेर सोही बमोजिम हाम्रो देशमा बनाउन सकिन्छ सकिन्न भनी मन्त्रालय विभाग समन्वय गरेर बनाएको हो। सल्लाह सुझावका क्रममा विभाग मात्र नभई पूर्व सचिव श्री श्रेष्ठ बाबुको पनि सल्लाह सुझाव लिएर यो नीति तर्जुमा गरिएको हो।

२. नीति कार्यान्वयन गर्न अल्पकालीन वा दीर्घकालीन गुरुयोजना बनाउँदा कसरी सहज हुन्छ भन्ने विषयमा तर्जुमाको बेलामा छलफल भएको थियो वा थिएन?

गुरुयोजना बनाउने त कुरा भएको थियो तर कार्यान्वयनका पक्षमा विस्तृत छलफल भएको थिएन र फिल्डमा लागु पनि भएन।

३. जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी आवश्यक पर्ने पूर्व सूचना प्रणाली र चेतावनी प्रणालीले प्रकोप नियन्त्रणमा सहयोग पुऱ्याउने विषयमा तर्जुमाकै अवस्थामा छलफल भयो भएन?

जल उत्पन्न प्रकोप नियन्त्रणका लागि पूर्व सूचना प्रणाली आवश्यकता महशुस भइ मोटामोटी छलफल भएको हो। विभागले यो काम गर्दैन, जलवायु विज्ञानसँग गहन छलफल भएन।

४. नीति कार्यान्वयन योजना (साधन स्रोत, जिम्मेवार निकाय, पदाधिकारी) तोकी सरोकारवालामा प्रचार प्रसार एवं समन्वय गरी कार्यान्वयनमा लगियो लगिएन?

नीति कार्यान्वयनका क्रममा सरोकारवालामा प्रचार प्रसार गरी कार्यान्वयनमा लगिएको थिएन। मन्त्रालय विभागमा छलफल गरिएतापनि जिम्मेवार निकाय पदाधिकारी तोकेर प्रचार प्रसार गरिएन।

५. नीति कार्यान्वयनका क्रममा कार्यक्रम तथा आयोजनाको तर्जुमा, साधन स्रोत विनियोजन र कार्यान्वयनमा लैजाने सम्बन्धमा के कस्ता कामहरु भए?
   नीति तर्जुमा भई स्वीकृत भएको र वेभसाइटमा राखियो। तर कार्यान्वयनका कार्यक्रम साधन स्रोत पर्याप्त विनियोजन भएको थिएन।

६. जोखिम रहित बगर तथा उकास जग्गाको उपयोग के कसरी गर्न सकिन्छ भन्ने विषयमा कस्तो छलफल भएको थियो ? नीतिमा उल्लेख भए बमोजिम उपयोग भएको छ कि छैन ?
   उकास जग्गाको के गर्ने भन्ने छलफल त्यति बेला पनि भएको हो। सम्बन्धित गा.वि.स. ले गरिराखेका पनि थिए। कहाँ कति जग्गा उकास भयो, त्यसको प्रयोग कसरी गरियो, थाहा भएन। नीतिमा उल्लेख भए बमोजिम विभाग एक्लैले गर्न सक्दैन त्यसका लागि स्थानीय निकायसँग समन्वय गरेर अगाडी बढ्नुपर्यो।

७. जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी नीतिमा तोकिएका उद्देश्य हासिल गर्न के कस्ता कानुनी र संस्थागत सुधारहरु गरिए? ती पर्याप्त हुन् ?
   मन्त्रालय र विभागको समन्वयमा नीति लागु भयो तर स्थानीयलाई यो नीतिका बारेमा थाहा नै छैन। अब यस्ता राष्ट्रिय नीति तर्जुमा गर्दा स्थानीय निकायलाइ पनि सहभागी गराउनुपर्छ। नीति बन्यो फिल्ड मा लागु गराउन सकिएन। नीति बमोजिम नियम, कानुन, कार्यविधि पनि बन्नुपर्छ र यी कुरालाइ सम्बोधन गर्नुपर्छ। विभाग एक्लैले यो नीति कार्यान्वयन गर्न सम्भव हुदैन यसका लागि सबै निकायहरुबीच समन्वय गरेर अगाडी बढ्नुपर्छ। नीति बनाएर लागु हुने गरी कार्यान्वयन गर्न सक्ने गरी सक्षम जिम्मेवार निकाय तोकेर मात्र अगाडी बढ्नुपर्छ।

**श्री षडमुकेश अमात्य, (पूर्व) सि.डि.ई. जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग**

१. नीति तर्जुमा प्रक्रिया कस्तो थियो? तर्जुमा गर्दा सरोकारवाला सबैको सहभागिता थियो कि थिएन ?
   सहभागिता गरिएको थियो। उपभोक्ताहरुबाट सल्लाह सुझाव लिएको त होइन तर लाभग्राहीकै गुनासो सुनुवाईको लागि त्यस सम्बन्धी विज्ञ फिल्डमा गएर हेरी उनीहरुको माग यस्तो छ, यसलाइ सम्बोधन गर्न पुरानो नीतिले हुदैन नयाँ नीति ल्याउनु पर्छ भन्ने भए बमोजिम मन्त्रालयको निर्देशनमा विभाग र मन्त्रालय समन्वय गरेर गरिएको हो।

२. नीति कार्यान्वयन गर्न अल्पकालीन वा दीर्घकालीन गुरुयोजना बनाउँदा कसरी सहज हुन्छ भन्ने विषयमा तर्जुमाको बेलामा छलफल भएको थियो वा थिएन ?
गुरुयोजनाको विषयमा छलफल भएको थियो। गुरुयोजना बनाएर कार्यान्वयनमा लैजानुपर्छ भनेर मुख्य मुख्य ठूला नदीहरुको गुरुयोजना बनाउने योजना बमोजिम नै अगाडी बढिएको थियो।

३. जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी आवश्यक पर्ने पूर्व सूचना प्रणाली र चेतावनी प्रणालीले प्रकोप नियन्त्रणमा सहयोग पुऱ्याउने विषयमा तर्जुमाकै अवस्थामा छलफल भयो भएन ?
पूर्व सूचना प्रणालीको कुरा उठेको हो। लाभग्राहीबाट माग भए बमोजिम यो सेवा दिनुपर्छ भनेर कुन आधारमा यो सेवा दिने भन्ने भएर यसका लागि नीति नै बनाउनु पर्ने महसुस भएर यो नीति आएको हो।

४. नीति कार्यान्वयन योजना (साधन स्रोत, जिम्मेवार निकाय, पदाधिकारी) तोकि सरोकारवालामा प्रचार प्रसार एवं समन्वय गरी कार्यान्वयनमा लगियो लगिएन ?
नीति कार्यान्वयनका लागि जल उत्पन्न प्रकोप व्यवस्थापन विभागले प्रत्येक जिल्लामा तालिम/कार्यक्रम गरेर नीतिको प्रचार प्रसार गर्ने काम भएको थियो ।सोही बमोजिम नीति कार्यान्वयनमा लगिएको हो।

५. नीति कार्यान्वयनका क्रममा कार्यक्रम तथा आयोजनाको तर्जुमा, साधन स्रोत विनियोजन र कार्यान्वयनमा लैजाने सम्बन्धमा के कस्ता कामहरु भए ?
समस्या आइपरेर समाधानका लागि नीति ल्याइएको हो। त्यसका लागि धेरै कार्यक्रम बनाइ कार्यान्वयन भए। साविकको नीतिले तत्कालीन समस्या सम्बोधन गर्न सकेको थिएन त्यसका लागि नयाँ नीति ल्याइयो। त्यस पछिका सबै कार्यक्रमहरु नीतिलाइ सम्बोधन गर्ने गरी बनाइए र बजेट पनि सोही अनुरुप विनियोजन गरिएको थियो।

६. जोखिम रहित बगर तथा उकास जग्गाको उपयोग के कसरी गर्न सकिन्छ भन्ने विषयमा कस्तो छलफल भएको थियो ? नीतिमा उल्लेख भए बमोजिम उपयोग भएको छ कि छैन ?
धेरै जसो उपभोक्ताकै जग्गा उकास भएको थियो। जसको जग्गा हो उसैले उपभोग गर्ने गर्छन नै। धेरै जसोको हकमा उपभोक्ता समितिले नै गर्छन र उनीहरुले नगरेको सरकारी जग्गाको हकमा सरकारले नै प्रयोग गर्ने बगैंचाहरु बनाउने आर्थिक क्रियाकलाप संचालन गर्ने

भन्ने योजना थियो। धेरै ठाउँमा यस्ता जग्गाहरु उकास भएका छन्। ठ्याक्कै यहाँ यस्तो काम गरिएको भन्ने अहिले मलाइ थाहा छैन।

७. जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी नीतिमा तोकिएका उद्देश्य हासिल गर्न के कस्ता कानुनी र संस्थागत सुधारहरु गरिए ? ती पर्याप्त हुन् ?
नीति बन्यो नीति सँगसँगै त्यसलाइ सम्बोधन गर्ने गरी नियम कानुन बन्नुपर्ने हो तर बनेका छैनन। उपभोक्ता नियमावली त छ तर जल उत्पन्न प्रकोप नियन्त्रणका लागि नीति अनुरुप नियम बन्न सकेन त्यो आवश्यकता महसुस त्यतिबेला गरिएको हो। त्यो बनाउने टुङ्गो नलाग्दै विभाग खारेज भयो। यो विभाग सिँचाइ विभागमा एउटा महाशाखामा परिणत भयो यत्तिकै सेलायो।

८. नीति तर्जुमा सम्बन्धमा भन्न आवश्यक ठान्नुभएका अन्य केही कुरा छ कि ?
यो नीति धेरै मेहनत गरेर बनाएको हो।हामीले भोगेका समस्यालाई लिएर सम्बोधन गर्ने गरी बनाएको हो। यो नीति अनुरुप नियम कानुन पनि बन्नुपर्छ। त्यो बनेको छैन। नीति छ तर त्यही नीति कार्यान्वयन गर्ने जिम्मेवार सक्षम निकाय छैन। पहिलाको विभाग अहिले एउटा महाशाखामा सीमित छ। त्यतिबेला बाढी र पहिरोलाइ सम्बोधन गर्न यो नीति बनाइएको हो। यसमा अझ विस्तृत रुपमा जान भए हुन्थ्यो। कुन ठाउँ बस्न योग्य छ बस्न हुन्छ, कुन ठाउमा बस्न हुँदैन थाहा हुने गरी संस्था, जनशक्ति विकास गर्न जरुरी छ। सरकारले यसलाइ कसरी हेरेको छ, यो छुट्टै निकाय हुनुपर्छ। हरेक वर्ष Disaster बढ्दै गएको छ तर यसलाइ हेर्ने Dedicated निकाय छैन। विभागबाट तलसम्म हेरेर Disaster सम्भव हुँदैन, त्यो पर्याप्त भएन प्राविधिक विषय हो।त्यसको अध्ययन गर्ने सोही तहमा जनशक्ति खटाइनु पर्छ। अरु सबै क्षेत्र हेर्ने निकाय छन् तर पहिरो विशेष हेर्ने छुट्टै निकाय छैन। पहिरो रोकथामका लागि ठूलो बजेट र जनशक्ति व्यवस्था हुनुपर्छ जस्तो लाग्छ।

**श्री कृष्ण बेलबासे, पूर्व सहसचिव**

१. नीति तर्जुमा प्रक्रिया कस्तो थियो? तर्जुमा गर्दा सरोकारवाला सबैको सहभागिता थियो कि थिएन ?
पुरानो नीतिले तत्कालीन समस्या सम्वोधन गर्न नसकेपछी नयाँ नीतिको आवश्यकता महसुस गरी यो नीति ल्याइएको हो। म त्यस समितिको coordinator थिएँ। सहभागिताको कुरा गर्दा तल्लो तहमा उपभोक्ता/लाभग्राहीलाई प्रत्यक्ष सहभागी त गराइएन तर, राजनीतिक दलका

प्रतिनिधि गगन थापा लगायत विभिन्न मन्त्रालयका प्रतिनिधि सबैलाइ राखेर छलफल गरेको हो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सचिव समक्ष एकदिन प्रस्तुतीकरण पनि गरेको हो।

२. नीति कार्यान्वयन गर्न अल्पकालीन वा दीर्घकालीन गुरुयोजना बनाउँदा कसरी सहज हुन्छ भन्ने विषयमा तर्जुमाको बेलामा छलफल भएको थियो वा थिएन ?
नीति तर्जुमाकै बेला गुरुयोजनाका विषयमा खासै छलफल भएको होइन पछि गएर ठूला नदीहरुको हकमा गुरुयोजना बनाएरै जाने भन्ने भए बमोजिम पछि गुरुयोजना बनाएर लगिएको हो।

३. जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी आवश्यक पर्ने पूर्व सूचना प्रणाली र चेतावनी प्रणालीले प्रकोप नियन्त्रणमा सहयोग पुऱ्याउने विषयमा तर्जुमाकै अवस्थामा छलफल भयो भएन ?
पूर्व सूचना प्रणालीका बारेमा त्यति बेला पनि छलफल भएको हो। DHM का प्रतिनिधि बोलाएर त्यस विषयमा छलफल पनि भएको हो।

४. नीति कार्यान्वयन योजना (साधन स्रोत, जिम्मेवार निकाय, पदाधिकारी) तोकि सरोकारवालामा प्रचार प्रसार एवं समन्वय गरी कार्यान्वयनमा लगियो लगिएन ?
नीति कार्यान्वयन योजना तोकेर सरोकारवालामा प्रचार प्रसार गरिएन।

५. नीति कार्यान्वयनका क्रममा कार्यक्रम तथा आयोजनाको तर्जुमा, साधन स्रोत विनियोजन र कार्यान्वयनमा लैजाने सम्बन्धमा के कस्ता कामहरु भए ?
नीति नै Binding Document होइन रहेछ। यसलाइ कार्यान्वयन गर्न ऐन, नियम, कानुन बन्नुपर्ने रहेछ त्यो बन्न सकेन। नीतिलाई ऐनले बाध्नुपर्ने हो, त्यो हुन नसक्दा ठ्याक्कै नीति अनुरुप बजेट विनियोजन र कार्यक्रम बन्न सकेनन। नीति एकातिर बजेट कार्यक्रम एकातिर जस्तो भयो।

६. जोखिम रहित बगर तथा उकास जग्गाको उपयोग के कसरी गर्न सकिन्छ भन्ने विषयमा कस्तो छलफल भएको थियो ? नीतिमा उल्लेख भए बमोजिम उपयोग भएको छ कि छैन ?
उकास जग्गाको विषयमा त्यही बेला छलफल भएको हो। नीतिले त बाटो देखाउने हो यसका लागि ऐन नियम कानुन बन्नुपर्ने हो त्यो भएन। जग्गा उकास धेरै भए। एकपटक

झापाको उकास जग्गा निजी ब्यक्तिलाइ दिने विषय पनि उठेको थियो पछी खै के भएर हो त्यो पनि सरकारले दिन सकेन। नीतिमै उल्लेख भए बमोजिम नै उकास जग्गाको उपयोग भएको छैन।

७. जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी नीतिमा तोकिएका उद्देश्य हासिल गर्न के कस्ता कानुनी र संस्थागत सुधारहरु गरिए ? ती पर्याप्त हुन् ?
नीति बन्यो त्यो अनुरुप ऐन कानुन नियम केही बनेनन्। ऐनका विषयमा विभागमा छलफल हुँदै थियो, मस्यौदा पनि बनिसकेको थिएन। विभाग गाभ्ने हल्ला भएपछि त्यो काम पछी हट्यो। विभाग गाभियो, राज्य संघीयतामा गयो तीन तहको सरकार बन्यो। यसले निरन्तरता पाएन।

८. नीति तर्जुमा सम्बन्धमा भन्न आवश्यक ठान्नुभएका अन्य केही कुरा छ कि ?
नीतिमा zoning जुन छ त्यो हामीले धेरे अध्ययन गरेर बनाएका हौं। त्यो कार्यान्वयनमा आएन। यदि नेपालमा नदी नियन्त्रण नै गर्ने हो भने जग्गा बर्गीकरण गरेर अगाडी बढ्यो भने मात्र सम्भव छ। नदी किनारामा रहेका बस्ती तथा क्रियाकलापलाई कडाइ गर्नुपर्छ। यति क्षेत्रफलमा कुनै पनि गतिविधि गर्न नपाइने भनेर कडाइ गर्नुपर्छ। साथसाथै राज्य संघीयतामा गएको छ। संघले माथि देखि तलसम्म साना ठूला सबै नदी हेर्छ। साँच्चिकै संघीयता लागु गर्ने हो, नदी नियन्त्रणका काम प्रभावकारी रुपमा गर्ने हो भने संघ, प्रदेश र स्थानीयलाई ठूला, मझौला र साना नदी छुट्टाउनु पर्छ। संघले ठूला नदी मात्र हेर्नुपर्छ। साना नदीहरुको हकमा स्थानीयलाई नै जिम्मेवार बनाइनुपर्छ।

**नीति कार्यान्वयनसँग सम्वन्धित प्रश्नावली (KII)**

**श्री दिनेश भट्ट, सि.डि.ई., जलस्रोत तथा सिंचाई विभाग**

१. जल उत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धी नीति र गुरुयोजनाहरुको समग्र कार्यान्वयन कसरी भैरेहेको छ ? कार्यान्वयनका लागि बजेटको पर्याप्तता छ छैन, छैन भने किन?
महाकाली, कर्णाली, नारायणी जस्ता मुख्य नदीहरुको गुरुयोजना बनाएर कार्यान्वयन गरेका छौं। विशेष गरी तराईका जिल्लालाई समेट्ने गरी ६ वटा कार्यालयबाट नदी जस्तै: तिनाउमा गुरुयोजना बनाएर DPR तयार गरी प्राथमिकताक्रम अनुसार काम गरिरहेका छौं। पूर्व निर्धारित कार्यक्रम गर्न स्रोत सुनिश्चितता त हुन्छ तर Disaster तत्काल आइपर्ने समस्या

हो, त्यस्तो Emergency कार्यक्रमका लागि बजेट कम हुन्छ। Disaster बढिरहेका छन तर बजेट नबढ्दा अलि समस्या हुन्छ। Disaster बढे सँगै Emergency कार्यक्रमका लागि बजेट बढे हुन्थ्यो।

२. जल उत्पन्न प्रकोपबाट प्रभावित क्षेत्रलाई जोखिमको आधारमा वर्गिकरण भएको छ छैन, छ भने त्यस्तो क्षेत्रमा बस्ती विकास तथा आर्थिक क्रियाकलाप अभिवृद्धि गर्ने के कस्ता कार्यक्रमहरु कार्यान्वयन भैरहेका छन् ?

जोखिम क्षेत्र बर्गीकरण गरेका छौं। WRPPF project ले अध्ययन गरेर ५,६ वटा नदीमा Flood Hazard Map तयार भएको छ। बर्गीकरण भएपनि नियमन हुन सकेको छैन। सबै निकाय र तहसँग समन्वय हुन सकेन। सिँचाइ मन्त्रालयले मात्र गरेर प्रभावकारी भएन र हुन पनि सक्दैन। यसमा नेपाल सरकारले समन्वय गरिदिएमा सफल हुन्छ। पहिला नदीजन्य प्रकोप नियन्त्रणका लागि छुट्टै विभाग थियो। संधीयता पश्चात यो एउटा महाशाखामा खुम्चिन पुग्यो। सबै जसो जिल्लामा यसका कार्यालय थिए अहिले पहाडी जिल्लामा १,२ वटा बाहेक अरु तराईका जिल्लामा छन् जसले यस कार्यक्रमको प्रभावकारिता घट्नु स्वभाविकै हो। विभागबाट देशैभरी Monitoring गर्न त्यति प्रभावकारी नहुने रहेछ।

३. तटवन्ध निर्माण पश्चात उकास हुन आएको जोखिम रहित बगर तथा उकास जग्गाको उपयोग के कसरी गरिएको छ ? यस्तो जग्गाको प्रयोगका लागि व्यक्ति, समुह तथा निजी क्षेत्रलाई दिइएको छ छैन ?

निजी क्षेत्रसँग मिलेर उकास जग्गाको उपयोग गर्ने योजनामा छौं। निजी उकास जग्गाहरु उहाँहरुले नै उपयोग गर्नुभएको छ। अहिलेसम्म हाम्रो तर्फबाट त्यस्तो काम शुरु भैसकेको छैन।

४. जल उत्पन्न प्रकोप व्यवस्थापनमा उपभोक्ता समूहलाई कसरी सहभागी गराइएको छ ? यसका लागि कार्यविधि बनेको छ छैन? यसमा लागत सहभागिता श्रमदान गर्नु भएको छ छैन?

नदी नियन्त्रणका काममा उपभोक्ताको सहभागिता बिना संभव नै हुदैन। जसको जग्गा हो उसैको समन्वयमा काम हुन्छ। जग्गा स्वेच्छाले दिनुपर्ने हुन्छ। उपभोक्ताको श्रमदान पनि भैरहेको छ। उपभोक्ता परिचालनका लागि कार्यविधि पनि बनेको छ।

५. प्रकोप व्यवस्थापनसँग सम्बन्धित कार्यमा दोहोरोपना हुन नदिन र अन्तरनिकाय बीच समन्वय गर्न नीतिमा व्यवस्था भए अनुरुप  समन्वय समितिले प्रभावकारी रुपमा काम गरेको छ छैन, छैन भने प्रभावकारी बनाउन के गर्नु पर्ला ?

दोहोरोपना छैन किनकी त्यो सम्बन्धमा एउटा कार्यविधि पनि छ त्यसैलाइ Follow गर्छौं। संघबाट संचालित कार्यक्रमको प्रदेश तथा स्थानीयलाई जानकारी गराइएको छ। प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला दैवी प्रकोप तथा विपद् समन्वय समिति छ त्यस समितिले दिएको सुझावका आधारमा हामी काम गर्छौं।

धेरैजसो ठूला नदीहरुमा पूर्व सूचना प्रणाली राखिएको छ। अहिले ADB को सहयोगमा नयाँ प्रविधियुक्त प्रणाली शुरुवात गर्न लागिरहेका छौं। यसले थप प्रभावकारीता ल्याउने विश्वास साथ अगाडी बढेका छौं।

६. नीति कार्यान्वयनका लागि आवश्यकता महशुस भएका अन्य भन्नु पर्ने केहि कुरा छ ?

विपद्सँग काम गर्न हाम्रो विभाग वा मन्त्रालय मात्र पूर्ण हुँदैन यसका लागि सबै निकाय र तहहरुको सहयोग र समन्वय चाहिन्छ। त्यो सहयोग र समन्वय प्राप्त होला भन्ने आशा छ।

**श्री कमल द्विवेदी, सि.डि.ई.जी., जोखिमयुक्त पहिरो व्यवस्थापन आयोजना**

१. जल उत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धी नीति र गुरुयोजनाहरुको समग्र कार्यान्वयन कसरी भैरेहेको छ ? कार्यान्वयनका लागि बजेटको पर्याप्तता छ छैन, छैन भने किन ?

नेपालमा जति पनि विपद् आइरहेका छन् र त्यसका लागि माग भए बमोजिम बजेट पर्याप्त त छैन। त्यस्तो बजेट विपद् व्यवस्थापनका लागि भयो तर पनि पूर्व तयारीमा गर्न पाए राम्रो हुन्थ्यो।

२. जल उत्पन्न प्रकोपबाट प्रभावित क्षेत्रलाई जोखिमको आधारमा वर्गीकरण भएको छ छैन, छ भने त्यस्तो क्षेत्रमा बस्ती विकास तथा आर्थिक क्रियाकलाप अभिवृद्धि गर्ने के कस्ता कार्यक्रमहरु कार्यान्वयन भैरहेका छन् ?

केही ठाउँमा प्रकोप प्रभावित क्षेत्रलाइ वर्गीकरण गरिएको छ। मुख्य गरी बाढीका लागि काठमाण्डौ, पोखरा जस्ता केही ठाउँमा मात्र वर्गीकरण भएको तर कार्यान्वयन भएको छैन। पहिचान भइहालेको ठाउँमा पनि सही प्रयोग भएको छैन। पहिरोको जोखिम क्षेत्र छुट्टाएको छैन। पहिरोको लागि पूर्व सूचना पनि केही छैन। पहिला पहिरो नगएको ठाउँमा बस्ने भन्ने छ। यो ठाउँ बस्न योग्य वा अयोग्य केही निर्धारण गरेको छैन।

३. तटवन्ध निर्माण पश्चात उकास हुन आएको जोखिम रहित बगर तथा उकास जग्गाको उपयोग के कसरी गरिएको छ ? यस्तो जग्गाको प्रयोगका लागि व्यक्ति, समुह तथा निजी क्षेत्रलाई दिइएको छ छैन ?

उकास हुने धेरै जसो जग्गाहरु निजी नै हुन्छन्। लालपुर्जा भएकै हुन्छन् जसको जग्गा हो उसैले नै प्रयोग गर्ने भइहाले। अरु जग्गाको हकमा जो नजिक छ उसैले उपयोग गर्ने परिपाटी पनि छ। सरकारी तवरबाट उकास जग्गा यसो गर्ने भन्ने नीति नै छ जस्तो मलाइ लाग्दैन।

४. जल उत्पन्न प्रकोप व्यवस्थापनमा उपभोक्ता समूहलाई कसरी सहभागी गराइएको छ? यसका लागि कार्यविधि बनेको छ छैन ? यसमा लागत सहभागिता श्रमदान गर्नु भएको छ छैन?

सिँचाइ र नदी नियन्त्रणका हकमा त ठिकै हो, प्रकोपको लाभग्राही हुँदैन। पीडित हुन्छ या त सम्भाव्य पीडित हुन्छ। पहिरोको हकमा लाभग्राही हुँदैन। चार प्रतिशत उपभोक्ता समितिबाट गर्नुपर्छ भन्ने नीति त छ तर पीडितबाट काम गराउन गार्हो हुदो रहेछ। प्रकोपमा परेकालाई उद्धार गर्नुपर्ने अवस्थामा रहेकालाई सहयोग गर्नुपर्नेमा योगदान गर, पैसा झिक भन्न सकिदो रहेनछ।

५. प्रकोप व्यवस्थापनसँग सम्बन्धित कार्यमा दोहोरोपना हुन नदिन र अन्तरनिकाय बीच समन्वय गर्न नीतिमा व्यवस्था भए अनुरुप समन्वय समितिले प्रभावकारी रुपमा काम गरेको छ छैन, छैन भने प्रभावकारी बनाउन के गर्नु पर्ला ?

दोहोरोपना एकदमै छ। प्रकोपका क्षेत्रमा यो अत्यन्तै ठूलो समस्या हो। त्यही काम संघबाट पनि हुन्छ प्रदेशबाट पनि हुन्छ र पालिकाहरुले पनि त्यही काम गरिरहेका छन्। यी विभिन्न निकाय/तहबाट एउटै काम भैरहेको छ, कहीं कतै समन्वय भन्ने कुरा छैन।कुन काम कुन निकाय वा तहबाट गर्ने हो स्पष्ट हुनुपर्छ।

६. नीति कार्यान्वयनका लागि आवश्यकता महशुस भएका अन्य भन्नु पर्ने केहि कुरा छ?

नीति कार्यान्वयनका लागि सर्वप्रथम प्रकोपको बर्गीकरण गर्नुपर्छ। क्षेत्रगत र प्राविधिक रुपमा क्षमता र असरका आधारमा प्रकोपको बर्गीकरण गरी कुन प्रकृतिको प्रकोपलाइ कुन तहबाट हेर्ने भनी छुट्टाएर काम अगाडी बढाउनु पर्छ।

**श्री रामकुमार शाह, खाँडो नदी नियन्त्रण आयोजना**

१. जल उत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धी नीति र गुरुयोजनाहरुको समग्र कार्यान्वयन कसरी भैरेहेको छ ? कार्यान्वयनका लागि बजेटको पर्याप्तता छ छैन, छैन भने किन ?
खाँडो नदी नियन्त्रणका लागि गुरुयोजना बनेको छ। भारतीय अनुदानमा ४ अर्व ७ करोड लागत गरी DPR तयार गरेर विभागमा पेश गरेका छौं। चालु आ.व. मा पाँच करोड पचास लाख बजेट विनियोजन भएको छ। सोह्र वटा प्याकेजमा ठेक्का लागि काम भैरहेको छ। झण्डै २४ कि. मि. लामो यो नदी नियन्त्रणबाट करिव एक लाख प्रभावित छन्। बजेटले गर्दा अलि समस्या हुन्छ। दश करोडको ठेक्का लागेको छ, काम पनि सम्पन्न हुन लागि सक्यो, भुक्तानी गर्ने सकिएको छैन। विभागमा लेखी पठाएका छौं हुन त हुन्छ समयमै नभएर अलि समस्या भएको छ।

२. जल उत्पन्न प्रकोपबाट प्रभावित क्षेत्रलाई जोखिमको आधारमा वर्गिकरण भएको छ छैन, छ भने त्यस्तो  क्षेत्रमा बस्ती विकास तथा आर्थिक क्रियाकलाप अभिवृद्धि गर्ने के कस्ता कार्यक्रमहरु  कार्यान्वयन भैरहेका छन् ?
वर्गीकरण भएको छ। बर्गीकरण अनुसार जोखिम भएकालाई क्रमश: प्राथमिकताका आधारमा काम गर्छौं। उकास जग्गामा खेती गर्ने गरेका छन् वस्ती पनि बसेको छ। अधिकांश जग्गा निजी क्षेत्रको हुन्छ, उनीहरुले खेती नै गरेका छन्। सरकारी जग्गा पनि उनीहरुले नै भोगचलन गरिरहेको अवस्था छ। सरकारी तवरबाटै वस्ती बसाल्ने काम चाहिँ भएको छैन।

३. तटवन्ध निर्माण पश्चात उकास हुन आएको जोखिम रहित बगर तथा उकास जग्गाको उपयोग के कसरी गरिएको छ ? यस्तो जग्गाको प्रयोगका लागि व्यक्ति, समुह तथा निजी क्षेत्रलाई दिइएको छ छैन ?
उकास जग्गाबाट धेरै फाइदा लिएका छन्। खेतीयोग्य जमिन बढेको छ। उत्पादन बढेको छ। कति ठाउँमा घर बनाएर पनि बसेका छन्। हाम्रो तर्फबाट कुनै plan छैन माथिबाट निर्देशन आयो भने त्यस्ता जग्गामा हामी योजना बनाउँछौं। हामी त कार्यान्वयन गर्ने हो नीति त माथि बाटै बन्नुपर्यो।

४. जल उत्पन्न प्रकोप  व्यवस्थापनमा उपभोक्ता समूहलाई कसरी सहभागी गराइएको छ? यसका लागि कार्यविधि बनेको छ छैन ? यसमा लागत सहभागिता श्रमदान गर्नु भएको छ छैन ?

जुन एरियामा काम गर्छौं त्यही एरियाका मान्छे राखेर वडास्तरको समिति बनाउँछौं र काम गर्छौं। सिँचाइ नियमावलीमा तिन प्रतिशत सम्म श्रमदान गर्ने भन्ने छ सोही अनुसार श्रमदान गर्छन। त्यस्ता काम धेरै छन् जुन उपभोक्ता बाट गराइन्छ।

५. प्रकोप व्यवस्थापनसँग सम्बन्धित कार्यमा दोहोरोपना हुन नदिन र अन्तरनिकाय बीच समन्वय गर्न नीतिमा व्यवस्था भए अनुरुप समन्वय समितिले प्रभावकारी रुपमा काम गरेको छ छैन, छैन भने प्रभावकारी बनाउन के गर्नु पर्ला ?
त्यस्तो समन्वय समिति नै त छैन। वडा कार्यालय गाउँपालिका स्थानीय तहसँग समन्वय गरेर मात्र काम गर्छैं। दोहोरोपना हुनु भएन स्थानीय तहसँग समन्वय गर्नुपर्यो।
त्यस्तो पूर्व सूचना प्रणाली विभागमा छ। ठूला नदीहरु प्रायमा छ। खाँडोमा चाहिँ छैन।

६. नीति कार्यान्वयनका लागि आवश्यकता महशुस भएका अन्य भन्नु पर्ने केहि कुरा छ?
बाँध बनाउदा निजी जग्गाबाट मुआब्जा नपाउँदा काम गर्न दिदैनन्। काम गर्न गार्हो हुन्छ। त्यसका लागि उनीहरुलाइ नै काम लगाएर समस्या हल गरिरहेका छौं। खरिद गुरुयोजना र DPR अनुसार बजेट व्यवस्थापन हुन नसक्दा ठेकेदारलाइ समयमै भुक्तानी गर्न सकिएको छैन र DPR अनुसार ठेक्का गर्न र Design अनुसार काम गर्न गार्हो भैरहेको छ।

**श्री नवीन न्यौपाने, लाभग्राही, मेची नदी नियन्त्रण आयोजना**

१. जल उत्पन्न प्रकोप व्यवस्थापनका लागि के के कार्यक्रम कार्यान्वयनमा छन्? पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली कहाँ कहाँ छन्? यसबाट कस्तो प्रभाव परेको छ सकारात्मक वा नकारात्मक?
यस आयोजनाबाट मेची नगरपालिका वडा नं. १, ४, ५ र ६ वडालाई सकारात्मक प्रभाव परेको छ। पहिला एक वाली हुनेमा अहिले तीन बाली (आलु, तोरी र मकै) हुने गरेको छ। पहिले हात्तीको समेत जोखिम रहेको बाहुनडाँगीमा अहिले तटबन्ध बनेपछी कटानको समस्या साथै हात्तीको जोखिमबाट पनि मुक्ति मिलेको छ।
आयोजनाले जनप्रतिनिधि मतहत समिति बनाएको छ। समितिले भने बमोजिम लाभग्राहीले श्रमदान गर्ने गरेका छन् र लाभग्राही अत्यन्त खुशी छन्। नदी सँगै हात्ती पनि नियन्त्रण भएको छ। यो आयोजनाले निरन्तरता पाए हुन्थ्यो। आयोजनाबाट यहाँको अनुगमन पनि समय समयमा भइरहन्छ। जग्गालाई Categorize गर्न पाए हुन्थ्यो खेती उब्जनी बढेको छ।

उकास जग्गाको उपयोग भैसकेको छैन तर उपयोग गर्ने योजनामा छौं। यो कार्यक्रमको निरन्तरता होस भन्ने हामीहरुको चाहना छ।

आ.व. २०७७/७८ देखि मोबाइलमा जिल्लाका सबै नदीको पानीको सतह जोखिम रहेका नदी क्षेत्र बारेमा म्यासेज आउने गरेको छ। यसबाट जिल्लाका सबै नदीको अवस्था बारे जानकारी प्राप्त हुन्छ।

# अनुसूची - ८
# समूह केन्द्रित छलफलमा सहभागीहरुको भनाइको टिपोट

## १.नीति तर्जुमा प्रक्रिया सहभागिता सम्बन्धमा

श्री कलानीधि पौडेल, सहसचिव, जल तथा ऊर्जा आयोग

- नीति तर्जुमा गर्दा विभिन्न छलफल भएको हो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्तुतीकरण भएको थियो। विभिन्न मन्त्रालय एवम् अन्तरनिकायमा कानुनी राय सुझाव लिइएको थियो ।

## २. गुरुयोजना सम्बन्धमा

श्री मधुकर प्रसाद राजभण्डारी, महानिर्देशक, जलस्रोत तथा सिँचाइ विभाग

- बाढीले कहाँ कहाँ क्षति गर्यो कहाँ कहाँ आपत्कालीन कार्य गर्नु पर्यो त्यही अनुसार बजेट बनाउँछौं। DPR बनाउँदा त्यसको टाइमलाइन क्षेत्र छुट्याउनु पर्छ। डिपिआर २ अर्वको बन्छ भने बजेट १० करोड मात्रै विनियोजन हुन्छ। अल्पकालीन, दीर्घकालीन गुरुयोजना बनाएर गरौं भन्दा एउटै नदीमा सीमित हुनु पर्छ। हाम्रा कार्यक्रम साना ठुला देशैभरी हेर्नुपर्ने हुँदा गुरुयोजना बनाउन सम्भव हुँदैन। दार्चुला सदरमुकाममा गुरुयोजना अनुसार कार्य भै रहेको छ। रासी नदी लगायतका लगभग संघ अन्तर्गतका सबै नदीको DPR  भइसकेको छ।

श्री बासु तिमिल्सिना, सि.डि.ई, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

- पानी सीमित स्रोत हो यसको आर्थिक मूल्य छ। यसका पोटेन्सियल प्रयोगकर्ताबीच विवाद नआओस् भन्ने सिद्धान्त हो। यसले पानीको संरक्षण र पानीबाट हुने क्षति न्यूनीकरण गर्ने एकीकृत अवधारणा भएपनि पूर्ण रुपमा लागु भएको छैन ।

श्री नारायण खतिवडा, उपसचिव, राष्ट्रिय योजना आयोग

- जल उत्पन्न प्रकोप व्यवस्थापन नीतिको मूल ध्येय जनधनको क्षति हुन नदिनु हो। जल उत्पन्न प्रकोप व्यवस्थापनलाई तेह्रौं र चौधौं योजनमा छुट्टै खण्डमा राखिएको थियो भने पन्ध्रौं योजनामा छुट्टै खण्डमा नभएपनि विभिन्न बुदाँहरुमा यसलाई समेटिएको छ । सोह्रौं योजनामा

यसलाई छुट्टै खण्डमा राख्नु पर्ने देखियो । प्रकोप न्यूनीकरणका लागि योजनाले support गरेको छ ।

श्री बिरेन्द्र कुमार यादव, सि.डि.ई., जलस्रोत तथा सिँचाइ विभाग

- ❖ केही केही नदी नियन्त्रणका कामहरु एकीकृत वेसिन अवधारणा अनुरुप भएका छन्।

श्री प्रदिप थापा, उपमहानिर्देशक, जलस्रोत तथा सिँचाइ विभाग

- ❖ हामी कार्यान्वयन गर्ने निकाय हौं। नीतिमा आएको कार्य एकीकृत रुपमा ऊर्जा आयोगबाट आउनु पर्थ्यो भन्ने हो ।

श्री कलानीधि पौडेल, सहसचिव, जल तथा उर्जा आयोग

- ❖ रणनीति र योजनामा Reflect भएका विषयलाई नीतिमा राखिएको छ। Report ले जलविद्युत Capacity ७,२०० मेगावट भन्ने आएको छ। Irrigation, Hydro, Industry, खानेपानीमा कति चाहिने भन्ने विषयमा अध्ययन भैरहेको छ। पानीको Budgeting and Auditing गर्नुपर्ने हुन्छ। एकीकृत व्यवस्थापनमा खासै काम भएको छैन ।

## ३. पूर्व सूचना प्रणाली र चेतावनी सम्बन्धमा

श्री बासु तिमिल्सिना, सि.डि.ई, उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

- ❖ यसको प्रमुख निकाय जल तथा मौसम विज्ञान विभाग हो। यसले तीन दिनको मौसम पूर्वानुमान गर्दै आएको छ जुन विगतको भन्दा विश्वसनीय छ। सुर्खेतमा राडार स्थापना भएको छ भने पाल्पा र उदयपुरमा अर्को आ.व मा गर्ने योजनामा रहेका छौं। काठमाण्डौं उपत्यकामा छुट्टै राडार राख्ने योजनामा छौं। पूर्व सूचना प्रणालीको Mass SMS System ले गर्दा धन क्षति त भयो होला तर मानविय क्षति विगतमा जस्तो छैन। जल तथा मौसम विज्ञान विभागमा टिभि स्टुडियो सञ्चालन गर्ने तयारीमा छौं। खोलानाला र मौषमको मापनको आधारमा प्रक्षेपण गर्ने गरिएको छ जुन फलदायी नै भएको मानिएको छ। नेपालमा ५०० मौसम मापन केन्द्र र २०० जलमापन केन्द्र रहेका छन्।

## ४. उकास जग्गा सम्बन्धमा

श्री मधुकर प्रसाद राजभण्डारी, महानिर्देशक, जलस्रोत तथा सिँचाइ विभाग

- ❖ जग्गा उकास कार्यक्रम कार्यान्वयन गर्न गाह्रो विषय हो, विभागले मात्र गर्न सक्दैन। जस्तै झापा, धनुषा जिल्लामा ठूलो जग्गा उकास गरिएको पनि छ । सार्वजनिक उकास जग्गाको उपयोग कसरी गर्ने भन्ने विषय स्थानीयलाई जग्गाको वर्गीकरण गरेर यसमा के गर्ने भन्ने छुट्टयाएर जिम्मा लगाउन सकियो भने उपयुक्त हुन्छ। यसैगरी भूमिहीनलाई उकास जग्गा दिएर कृषि कार्य गर्न लगाएर पनि उकास जग्गा उपयोग गर्न सकिन्छ। धनुषा जिल्लाको कमला नदीमा कृषि विभागले प्रधानमन्त्री कृषि कार्यक्रममा फलफूल खेती गर्ने तयारीमा रहेको।

श्री नुर मुहम्मद खाँ, सहसचिव, उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

- ❖ उकास जग्गालाई खेतीबारी, सरकारी घरहरु निर्माण तथा भूमिहीनहरुलाई दिई उपयोग गर्न सकिन्छ।

श्री प्रदिप थापा, उपमहानिर्देशक, जलस्रोत तथा सिँचाइ विभाग

- ❖ जति पनि काम गरेका छौ नीति अनुसार नै गरेका छौं। संघीयता आइसकेपछि संघले एउटा नदीमा कार्य गरेको छ भने सोही नदीमा अरु तहले पनि कार्य गरिरहेका छन्। दोहोरोपना हुन नदिन समन्वय सहकार्य गरी अगाडी बढ्नु पर्छ यो कुरा नीतिमा उल्लेख नभएको हुँदा नीतिमा उल्लेख हुनु पर्ने। जग्गा उकासको हकमा निजीको हकमा उसैले उपयोग गरेका छन् भने ऐलानीको हकमा कृषि खेती गर्ने कुरा उल्लेख छ। झापा औद्योगिक क्षेत्रमा केही उकास जग्गा परेको छ।

श्री दिनेश भट्ट, सि.डि.ई, जलस्रोत तथा सिँचाइ विभाग

- ❖ Flood Hazard Map तयार गरी अघि बढाउनु पर्ने हुन्छ। हालसम्म २६ वटा नदीको Flood Hazard Map तयार गरिएको छ। यसमा केही नगरिएको हैन, काम भैरहेको छ। User लाई कसरी Integrated गरेर अगाडी बढ्ने भनेर तयारी भै रहेकोछ।

श्री नारायण खतिवडा, उपसचिव, राष्ट्रिय योजना आयोग

- ❖ जुन मात्रामा यो विषयलाई ध्यान दिनुपर्थ्यो यो भएन भन्ने हो। उकास जग्गा उपयोग प्रत्यक्ष रुपमा योजनामा समावेश नभएपनि केही विषयहरु सम्बोधन गरिएका छन्। अप्रत्यक्ष रुपमा योजनामा समावेश छ, प्रत्यक्षरुपमा संलग्न गर्नुपर्ने आवश्यकता छ।

**५. कार्यान्वयन कार्ययोजना तथा प्रचार प्रसार सम्बन्धमा**

श्री नारायण खतिवडा, उपसचिव, राष्ट्रिय योजना आयोग

- ❖ Action Plan बनेर कार्यान्वयन भएको जानकारी नभएको। Action Plan बनाएर अघि बढ्दा राम्रो हुन्छ।

श्री मधुकर प्रसाद राजभण्डारी, महानिर्देशक, जलस्रोत तथा सिँचाइ विभाग

- ❖ डिपिआर त बनेको छ तर Action Plan भने छैन। नीति कार्यान्वयनमा समन्वय गरिएको तर योजना बनेको छैन।

श्री कलानीधि पौडेल, सहसचिव, जल तथा उर्जा आयोग

- ❖ बजेटको अपर्याप्तताले गर्दा कार्ययोजना बनाएर बढ्न सकिएन।

श्री विष्णु देव यादव, सि डि इ, जलस्रोत तथा सिँचाइ विभाग

- ❖ छुट्टै विभाग नहुँदा कार्ययोजना बन्न नसकेको। वार्षिक योजना भने बन्छ।

श्री जेविन ताम्राकार, सि.डि.ई., उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

IWRA को Concept महत्वपूर्ण हो जस्तो लाग्छ। यो विषय सिँचाइको मात्र नभएर खानेपानी, भवन, कृषि, उद्योग लगायत धेरै क्षेत्रसँग सम्बन्धित भएकोले सबैसँग समन्वयमा कार्य गर्नु पर्दछ। उकास बाटो बस्ती विकासको लागि IWRM Concept मा Focused हुनु पर्छ ।

## ६. उपभोक्ता सहभागिता सम्बन्धमा

श्री नुर मुहम्मद खाँ, सहसचिव, उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

- ❖ उपभोक्ता समितिबाटै कार्य गराउँछौं। उसको Contribution त्यसैबाट कटाउँछौं। पहाडमा सहभागिता हुन्छ तर तराइ कम सहभागिता हुन्छ। सानो काम छ भने उपभोक्ता समितिबाट गराउँदा ठीकै हुन्छ ।

श्री प्रदिप थापा, उपमहानिर्देशक, जलस्रोत तथा सिँचाइ विभाग

- ❖ आपत्कालीन अवस्थामा त संलग्न भइहाल्छन। नीतिले जग्गा मुआब्जा दिने भनेको छैन। जग्गा जसको पर्छ त्यसको मुआब्जा दिइएको छैन। करिब करिब एउटा सहभागिता यसलाई नै मानिएको छ। उपभोक्ताबाट कार्य गराउँदा धेरै समस्या आयो र बेरुजु पनि धेरै आएको हुँदा आज भोली कार्य Tender बाट गराउँछौं।

श्री कृष्ण प्रसाद नेपाल, उपमहानिर्देशक, जलस्रोत तथा सिँचाइ आयोग

- ❖ जोखिम नआएसम्म योगदान गर्न कोही तयार हुँदैन र वास्तविक जोखिममा परेकालाई योगदान गर भन्न गाह्रो छ।

श्री बासु तिमिल्सिना, सि.डि.ई, उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

- ❖ सहभागिताको कुरालाई समुदायले पनि फरक पार्दो रहेछ। बबई र सिक्टा सिँचाइ आयोजनामा बस्दाको अनुभव हेर्दा बबई सिँचाइ आयोजनामा नदी कटान हुँदा समुदायको सहभागिता निकै राम्रो पाएँ तर सिक्टा सिँचाइ आयोजनामा त्यही प्रकृतिको प्रकोपमा सहभागी भएनन्।

श्री मुकेश पाठक, इन्जिनीयर

- ❖ ग्रेगान बहावले धेरै नोक्सान गर्छ। ग्रेगान बहाव व्यवस्थापनलाइ पनि नीति कार्यान्वयनमा सँगै लग्नु पर्ने हुन्छ।

श्री नारायण खतिवडा, उपसचिव, राष्ट्रिय योजना आयोग

- ❖ प्राकृतिक स्रोत साधन सम्बन्धी एकीकृत नीति बनाउन उपयुक्त हुने।

**७. कानुनी तथा  संस्थागत विकास सम्बन्धमा**

श्री कलानीधि पौडेल, सहसचिव, जल तथा उर्जा आयोग

- ❖ भूमिगत जलस्रोत र सिँचाइ सम्बन्धी कानुन संसदमा पुगेको। नीति कानुन Review हुनु पर्ने। भएको संस्था काटियो। फेरी राख्न धेरै गाह्रो हुन्छ। विभाग हटाउनु नै दूर्भाग्य हो। सिँचाइ र जल उत्पन्न प्रकोपको कामको प्रकृति नै फरक हो तसर्थ छुट्टै विभाग भएको भए प्रभावकारी हुन्थ्यो ।

श्री मधुकर प्रसाद राजभण्डारी, महानिर्देशक, जलस्रोत तथा सिँचाइ विभाग

- ❖ समग्रमा Disaster को उत्पत्ति पहाड हुने। हाम्रा कार्यालय त्यहाँ नभएकोले खोल्ने भनेको तर कार्य भएको छैन हाम्रो निगरानी कम छ र ५२ जिल्लामा कार्यालय नै छैन। तराईको कार्यालय हटाएर पहाडमा खोल्नका लागि अर्थ र संघीय मामिला तथा सामान्य प्रशसन मन्त्रालयसँग माग गरेको हो, तर कार्यान्वयन भएको छैन ।समन्वय समिति क्रियाशील छैन समन्वय अहिलेसम्म भएको छैन ।

श्री नुर मुहम्मद खाँ, सहसचिव, उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

- ❖ नेपालको पहाड भनेको भिरालो जग्गाको छ। अति संवेदनशील ठाँउमा बसेका छौं। विभाग पुनस्थापना गर्न सकिन्छ भने हेरौं ।

**८. सीमा नदीको व्यवस्थापन सम्बन्धमा**

श्री मधुकर प्रसाद राजभण्डारी, महानिर्देशक, जलस्रोत तथा सिँचाइ विभाग

- ❖ छिमेकी मुलुक भई बग्ने सीमा नदीहरुमा हुने डुवान तथा कटानको समस्यालाई आपसी समन्वयमा समाधान गर्न Joint Committee on Water Resources (JCWR) र Nepal India Joint Committee on Inundation and Flood Management (JCIFM) establish भई क्रियाशील रहेको छ। कमिटिको वार्षिक बैठक बस्छ। इमर्जेन्ट वर्क र सेड्युल वर्क गरी छुट्टाइएको छ। अहिले पनि भर्चुअल मिटिङ्ग भई रहेको छ ।

## ९. नीति तथा कानुन कार्यान्वयन सम्बन्धमा

श्री कलानीधि पौडेल, सहसचिव, जल तथा उर्जा आयोग

- ❖ Jurisdiction analysis, policy analysis and Fictional analysis गरी तीनवटालाई तालमेल मिलाउन एकीकृत जलस्रोत ऐन ल्याएर आवश्यक पर्ने खण्ड समावेश गरेर समग्र अनुगमन गर्ने प्रमुख समिति भएको कानुन बनाउनु पर्छ। जल तथा उर्जा आयोगले पहल गरेको पनि हो र ड्राफ्ट पनि गरेर पठाएको हो। तर मन्त्रालयबाट आउनु पर्छ भनी फिर्ता पठाएकोमा मन्त्रालयमा यत्तिकै थन्किएको छ।

श्री नुर मुहम्मद खाँ, सहसचिव, उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

- ❖ ऐन बनेपछि सबै विषयलाई बोल्ने हुनु पर्छ। एकीकृत हुँदा सबै विषय समेट्न सकिदैन की ?

## १०. नीतिमा भन्नु पर्ने थप कुरा भएमा

श्री नुर मुहम्मद खाँ, सहसचिव, उर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय

- ❖ Appropriate निकाय तोकिनु पर्छ। यसलाई Control Mechanism पनि चाहिन्छ। वडादेखि स्थानीय तहसम्म आइपुग्दा कार्यान्वयन गर्ने निकाय धेरै भए त्यसैले एउटै Dedicated निकाय तोकिनु पर्छ।

श्री कृष्ण प्रसाद नेपाल, उपमहानिर्देशक, जलस्रोत तथा सिँचाइ आयोग

- ❖ विकास निर्माण, वस्ती विकास सम्बन्धी गतिविधि र Global warming ले विनाश निम्त्याइ रहेको छ। यसका लागि छुट्टै निकायको आवश्यकता छ।

# अनुसूची- ९

## नीतिमा उल्लिखित मुख्य विषयको र आवधिक योजना, वार्षिक नीति कार्यक्रम, बजेट वक्तव्य, कार्यक्रम तथा बजेट सम्बन्धी विवरणहरू

| क्षेत्रगत नीति (जल उत्पन्न प्रकोप व्यवस्थापन नीति,२०७२)<br>नीति १.६. | | १३ औं आवधिक योजना | वार्षिक नीति तथा कार्यक्रम ( आ.व. २०७२/७३) | बजेट बक्तव्य (आ.व. २०७२/७३) | वार्षिक बजेट तथा कार्यक्रम (आ.व.२०७२/७३) |
|---|---|---|---|---|---|
| १. | **कार्यक्रमहरु सञ्चालन गर्ने** साथै ।राष्ट्रिय तथा स्थानीयस्तरमा **गुरुयोजना** बनाई कार्यान्वयन गरिनेछ । | ✓ | ✓ | ✓ | ✓ |
| २. | गुरुयोजना अनुरुप **अल्पकालिन, मध्यकालिन र दीर्घकालिन कार्यक्रमहरु तर्जुमा** गर्ने | - | - | - | - |
| ३. | **कार्यक्रम तर्जुमा गर्दा एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तलाई** अवलम्वन गरी **बेसिनको अवधारणा** अनुरुप गरिनेछ । राष्ट्रिय महत्वका **ठूला नदी र ठूला पहिरोका** प्रकोप नियन्त्रण कार्यक्रमहरु **आन्तरिक तथा वाह्य स्रोत परिचालन गरी** निर्माण गरिनेछ । | ✓ | ✓ | ✓ | ✓ |
| ४. | **पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली** व्यवस्थापन कार्यमा जोड दिइनेछ । | ✓ | - | ✓ | - |
| ५. | जोखिमको आधारमा **अतिजोखिमपूर्ण क्षेत्र, जोखिमपूर्ण क्षेत्र, सामान्य जोखिमपूर्ण क्षेत्र र जोखिम रहित क्षेत्रमा वर्गीकरण** गर्ने ।**वस्ती विकास** तथा **आर्थिक क्रियाकलाप** गर्न प्रोत्साहित गरिनेछ । | - | ✓ | - | ✓ |
| ६. | जोखिम रहित बगर तथा **उकास जग्गाको स**मुचित उपयोग गर्न सकिनेछ । | ✓ | - | - | - |
| ७. | जोखिम रहित बगर तथा उकास जग्गा प्रयोगका लागि निजी क्षेत्रले **अनुमति अनिवार्य** रुपमा लिनुपर्ने व्यवस्था गरिनेछ । | - | - | - | - |
| ८. | **स्थानीय निकाय र प्रकोप प्रभावित उपभोक्ता समूहको प्रभावकारी संलग्नता** बढाउन जोड दिइनेछ । | ✓ | - | - | - |
| ९. | **नियन्त्रण र व्यवस्थापनमा** निजी क्षेत्र सहकारी तथा समुदायमा आधारित प्रकोप प्रभावित **उपभोक्ता समूहलाई समेत सहभागी** गराइनेछ । | ✓ | - | ✓ | ✓ |
| १०. | **सीमा नदीहरुमा हुने डुबान तथा कटानको समस्यालाई** दुवै मुलुकको आपसी समन्वय तथा समझदारीका आधारमा समाधान गरिनेछ । | - | - | - | ✓ |
| ११. | **अन्तराष्ट्रिय सन्धी सम्झौता तथा मापदण्डको पालना गर्न** विद्यमान कानुनी एवं संस्थागत व्यवस्थामा सुधार गरिनेछ । | - | - | - | - |
| १२. | **नयाँ तथा उपयुक्त प्रविधिको पहिचान विकास तथा** विस्तारमा जोड दिइनेछ । | ✓ | - | - | ✓ |
| १३. | **प्रदेश र स्थानीय निकायसँग समन्वय र सहकार्य** | ✓ | - | - | - |
| १४. | **अनुसन्धान तथा विकासको** कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । | ✓ | - | - | ✓ |
| १५. | **स्रोत साधनको दोहोरोपना तथा व्यय** हुन नदिने नीति अबलम्बन गरिनेछ । | - | - | - | - |
| १६. | अनुसार **कानुनी र संस्थागत सुधार** गरिनेछ । | ✓ | - | - | - |

| क्षेत्रगत नीति (जल उत्पन्न प्रकोप व्यवस्थापन नीति,२०७२)<br>नीति १.६. | | १४ औं आवधिक योजना | वार्षिक नीति तथा कार्यक्रम ( आ.व. २०७३/७४) | बजेट बक्तव्य (आ.व.२०७३/७४) | वार्षिक बजेट तथा कार्यक्रम (आ.व. २०७३/७४) |
|---|---|---|---|---|---|
| १. | **कार्यक्रमहरु सञ्चालन गर्ने** साथै ।राष्ट्रिय तथा स्थानीयस्तरमा **गुरुयोजना** बनाई कार्यान्वयन गरिनेछ । | ✓ | ✓ | ✓ | ✓ |
| २ | गुरुयोजना अनुरुप **अल्पकालिन, मध्यकालिन र दीर्घकालिन कार्यक्रमहरु तर्जुमा** गर्ने | - | - | ✓ | - |
| ३. | **कार्यक्रम तर्जुमा गर्दा एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तलाई** अवलम्वन गरी **बेसिनको अवधारणा** अनुरुप गरिनेछ । राष्ट्रिय महत्वका **ठूला नदी र ठूला पहिरोका** प्रकोप नियन्त्रण कार्यक्रमहरु **आन्तरिक तथा वाह्य स्रोत परिचालन गरी** निर्माण गरिनेछ । | ✓ | ✓ | ✓ | ✓ |
| ४. | **पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली** व्यवस्थापन कार्यमा जोड दिइनेछ । | ✓ | ✓ | - | - |
| ५. | जोखिमको आधारमा **अतिजोखिमपूर्ण क्षेत्र, जोखिमपूर्ण क्षेत्र, सामान्य जोखिमपूर्ण क्षेत्र र जोखिम रहित क्षेत्रमा वर्गीकरण** गर्ने ।**वस्ती विकास** तथा **आर्थिक क्रियाकलाप** गर्न प्रोत्साहित गरिनेछ । | ✓ | - | ✓ | ✓ |
| ६. | जोखिम रहित बगर तथा **उकास जग्गाको स**मुचित उपयोग गर्न सकिनेछ । | ✓ | - | - | - |
| ७. | जोखिम रहित बगर तथा उकास जग्गा प्रयोगका लागि निजी क्षेत्रले **अनुमति अनिवार्य** रुपमा लिनुपर्ने व्यवस्था गरिनेछ । | - | - | - | - |
| ८. | **स्थानीय निकाय र प्रकोप प्रभावित उपभोक्ता समूहको प्रभावकारी संलग्नता** बढाउन जोड दिइनेछ । | ✓ | ✓ | - | ✓ |
| ९. | **नियन्त्रण र व्यवस्थापनमा** निजी क्षेत्र सहकारी तथा समुदायमा आधारित प्रकोप प्रभावित **उपभोक्ता समूहलाई समेत सहभागी** गराइनेछ | ✓ | ✓ | - | ✓ |
| १०. | **सीमा नदीहरुमा हुने डुबान तथा कटानको समस्यालाई** दुबै मुलुकको आपसी समन्वय तथा समझदारीका आधारमा समाधान गरिनेछ | ✓ | - | - | ✓ |
| ११. | **अन्तराष्ट्रिय सन्धी सम्झौता तथा मापदण्डको पालना गर्न** विद्यमान कानुनी एवं संस्थागत व्यवस्थामा सुधार गरिनेछ । | - | - | - | - |
| १२. | **नयाँ तथा उपयुक्त प्रविधिको पहिचान विकास तथा** विस्तारमा जोड दिइनेछ । | ✓ | ✓ | - | ✓ |
| १३. | **प्रदेश र स्थानीय निकायसँग समन्वय र सहकार्य** | ✓ | - | - | - |
| १४. | **अनुसन्धान तथा विकासको** कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । | ✓ | - | - | - |
| १५. | **स्रोत साधनको दोहोरोपना तथा व्यय** हुन नदिने नीति अबलम्बन गरिनेछ । | - | - | - | - |
| १६. | अनुसार **कानुनी र संस्थागत सुधार** गरिनेछ । | ✓ | - | - | - |

| क्षेत्रगत नीति (जल उत्पन्न प्रकोप व्यवस्थापन नीति,२०७२)<br>नीति १.६. | | १४ औं आवधिक योजना | वार्षिक नीति तथा कार्यक्रम ( आ.व. २०७४/७५) | बजेट बक्तव्य (आ.व.२०७४/७५) | वार्षिक बजेट तथा कार्यक्रम (आ.व.२०७४/७५) |
|---|---|---|---|---|---|
| १. | **कार्यक्रमहरु सञ्चालन गर्ने** साथै ।राष्ट्रिय तथा स्थानीयस्तरमा **गुरुयोजना** बनाई कार्यान्वयन गरिनेछ । | ✓ | ✓ | ✓ | ✓ |
| २ | गुरुयोजना अनुरुप **अल्पकालिन, मध्यकालिन र दीर्घकालिन कार्यक्रमहरु तर्जुमा** गर्ने | - | - | - | - |
| ३. | **कार्यक्रम तर्जुमा गर्दा एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तलाई** अवलम्वन गरी **बेसिनको अवधारणा** अनुरुप गरिनेछ । राष्ट्रिय महत्वका **ठूला नदी र ठूला पहिरोका** प्रकोप नियन्त्रण कार्यक्रमहरु **आन्तरिक तथा वाह्य स्रोत परिचालन गरी** निर्माण गरिनेछ । | ✓ | ✓ | - | ✓ |
| ४. | **पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली** व्यवस्थापन कार्यमा जोड दिइनेछ । | ✓ | - | ✓ | - |
| ५. | जोखिमको आधारमा **अतिजोखिमपूर्ण क्षेत्र, जोखिमपूर्ण क्षेत्र, सामान्य जोखिमपूर्ण क्षेत्र र जोखिम रहित क्षेत्रमा वर्गीकरण** गर्ने ।**वस्ती विकास** तथा **आर्थिक क्रियाकलाप** गर्न प्रोत्साहित गरिनेछ । | ✓ | ✓ | - | ✓ |
| ६. | जोखिम रहित बगर तथा **उकास जग्गाको स**मुचित उपयोग गर्न सकिनेछ । | ✓ | - | - | - |
| ७. | जोखिम रहित बगर तथा उकास जग्गा प्रयोगका लागि निजी क्षेत्रले **अनुमति अनिवार्य** रुपमा लिनुपर्ने व्यवस्था गरिनेछ । | - | - | - | - |
| ८. | **स्थानीय निकाय र प्रकोप प्रभावित उपभोक्ता समूहको प्रभावकारी संलग्नता** बढाउन जोड दिइनेछ । | ✓ | - | - | - |
| ९. | **नियन्त्रण र व्यवस्थापनमा** निजी क्षेत्र सहकारी तथा समुदायमा आधारित प्रकोप प्रभावित **उपभोक्ता समूहलाई समेत सहभागी** गराइनेछ | ✓ | - | - | ✓ |
| १०. | **सीमा नदीहरुमा हुने डुबान तथा कटानको समस्यालाई** दुबै मुलुकको आपसी समन्वय तथा समझदारीका आधारमा समाधान गरिनेछ | ✓ | - | - | ✓ |
| ११. | **अन्तराष्ट्रिय सन्धी सम्झौता तथा मापदण्डको पालना गर्न** विद्यमान कानुनी एवं संस्थागत व्यवस्थामा सुधार गरिनेछ । | - | - | - | - |
| १२. | **नयाँ तथा उपयुक्त प्रविधिको पहिचान विकास तथा** विस्तारमा जोड दिइनेछ । | ✓ | - | ✓ | ✓ |
| १३. | **प्रदेश र स्थानीय निकायसँग समन्वय र सहकार्य** | ✓ | - | - | - |
| १४. | **अनुसन्धान तथा विकासको** कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । | ✓ | - | - | ✓ |
| १५. | **स्रोत साधनको दोहोरोपना तथा व्यय** हुन नदिने नीति अबलम्बन गरिनेछ । | - | - | - | - |
| १६. | अनुसार **कानुनी र संस्थागत सुधार** गरिनेछ । | ✓ | - | - | - |

| क्षेत्रगत नीति (जल उत्पन्न प्रकोप व्यवस्थापन नीति,२०७२)<br>नीति १.६. | | १४ औं आवधिक योजना | वार्षिक नीति तथा कार्यक्रम ( आ.व. २०७५/७६) | बजेट बक्तव्य (आ.व.२०७५ /७६) | वार्षिक बजेट तथा कार्यक्रम (आ.व.२०७५/७६) |
|---|---|---|---|---|---|
| १. | **कार्यक्रमहरु सञ्चालन गर्ने** साथै ।राष्ट्रिय तथा स्थानीयस्तरमा **गुरुयोजना** बनाई कार्यान्वयन गरिनेछ । | ✓ | ✓ | ✓ | ✓ |
| २ | गुरुयोजना अनुरुप **अल्पकालिन, मध्यकालिन र दीर्घकालिन कार्यक्रमहरु तर्जुमा** गर्ने | - | - | - | - |
| ३. | **कार्यक्रम तर्जुमा गर्दा एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तलाई** अवलम्वन गरी **बेसिनको अवधारणा** अनुरुप गरिनेछ । राष्ट्रिय महत्वका **ठूला नदी र ठूला पहिरोका** प्रकोप नियन्त्रण कार्यक्रमहरु **आन्तरिक तथा वाह्य स्रोत परिचालन गरी** निर्माण गरिनेछ । | ✓ | - | - | - |
| ४. | **पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली** व्यवस्थापन कार्यमा जोड दिइनेछ । | ✓ | - | ✓ | ✓ |
| ५. | जोखिमको आधारमा **अतिजोखिमपूर्ण क्षेत्र, जोखिमपूर्ण क्षेत्र, सामान्य जोखिमपूर्ण क्षेत्र र जोखिम रहित क्षेत्रमा वर्गीकरण** गर्ने ।**वस्ती विकास** तथा **आर्थिक क्रियाकलाप** गर्न प्रोत्साहित गरिनेछ । | ✓ | - | - | ✓ |
| ६. | जोखिम रहित बगर तथा **उकास जग्गाको स**मुचित उपयोग गर्न सकिनेछ । | ✓ | - | - | - |
| ७. | जोखिम रहित बगर तथा उकास जग्गा प्रयोगका लागि निजी क्षेत्रले **अनुमति अनिवार्य** रुपमा लिनुपर्ने व्यवस्था गरिनेछ । | - | - | - | - |
| ८. | **स्थानीय निकाय र प्रकोप प्रभावित उपभोक्ता समूहको प्रभावकारी संलग्नता** बढाउन जोड दिइनेछ । | ✓ | - | - | - |
| ९. | **नियन्त्रण र व्यवस्थापनमा** निजी क्षेत्र सहकारी तथा समुदायमा आधारित प्रकोप प्रभावित **उपभोक्ता समूहलाई समेत सहभागी** गराइनेछ | ✓ | ✓ | ✓ | ✓ |
| १०. | **सीमा नदीहरुमा हुने डुबान तथा कटानको समस्यालाई** दुबै मुलुकको आपसी समन्वय तथा समझदारीका आधारमा समाधान गरिनेछ | ✓ | - | - | ✓ |
| ११. | **अन्तराष्ट्रिय सन्धी सम्झौता तथा मापदण्डको पालना गर्न** विद्यमान कानुनी एवं संस्थागत व्यवस्थामा सुधार गरिनेछ । | - | - | - | - |
| १२. | **नयाँ तथा उपयुक्त प्रविधिको पहिचान विकास तथा** विस्तारमा जोड दिइनेछ । | ✓ | - | ✓ | ✓ |
| १३. | **प्रदेश र स्थानीय निकायसँग समन्वय र सहकार्य** | ✓ | - | ✓ | - |
| १४. | **अनुसन्धान तथा विकासको** कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । | ✓ | - | - | - |
| १५. | **स्रोत साधनको दोहोरोपना तथा व्यय** हुन नदिने नीति अबलम्बन गरिनेछ । | - | - | - | - |
| १६. | अनुसार **कानुनी र संस्थागत सुधार** गरिनेछ । | ✓ | - | - | - |

| क्षेत्रगत नीति (जल उत्पन्न प्रकोप व्यवस्थापन नीति,२०७२)<br>नीति १.६. | | १५ औं आवधिक योजना | वार्षिक नीति तथा कार्यक्रम ( आ.व. २०७६/७७) | बजेट बक्तव्य (आ.व.२०७६/७७) | वार्षिक बजेट तथा कार्यक्रम (आ.व.२०७६/७७) |
|---|---|---|---|---|---|
| १. | **कार्यक्रमहरु सञ्चालन गर्ने** साथै ।राष्ट्रिय तथा स्थानीयस्तरमा **गुरुयोजना** बनाई कार्यान्वयन गरिनेछ । | ✓ | ✓ | ✓ | ✓ |
| २ | गुरुयोजना अनुरुप **अल्पकालिन, मध्यकालिन र दीर्घकालिन कार्यक्रमहरु तर्जुमा** गर्ने | ✓ | - | - | - |
| ३. | **कार्यक्रम तर्जुमा गर्दा एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तलाई** अवलम्वन गरी **बेसिनको अवधारणा** अनुरुप गरिनेछ । राष्ट्रिय महत्वका **ठूला नदी र ठूला पहिरोका** प्रकोप नियन्त्रण कार्यक्रमहरु **आन्तरिक तथा वाह्य स्रोत परिचालन गरी** निर्माण गरिनेछ । | ✓ | ✓ | ✓ | - |
| ४. | **पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली** व्यवस्थापन कार्यमा जोड दिइनेछ । | ✓ | - | ✓ | - |
| ५. | जोखिमको आधारमा **अतिजोखिमपूर्ण क्षेत्र, जोखिमपूर्ण क्षेत्र, सामान्य जोखिमपूर्ण क्षेत्र र जोखिम रहित क्षेत्रमा वर्गीकरण** गर्ने ।**वस्ती विकास** तथा **आर्थिक क्रियाकलाप** गर्न प्रोत्साहित गरिनेछ । | ✓ | - | ✓ | ✓ |
| ६. | जोखिम रहित बगर तथा **उकास जग्गाको स**मुचित उपयोग गर्न सकिनेछ । | ✓ | - | - | - |
| ७. | जोखिम रहित बगर तथा उकास जग्गा प्रयोगका लागि निजी क्षेत्रले **अनुमति अनिवार्य** रुपमा लिनुपर्ने व्यवस्था गरिनेछ । | - | - | - | - |
| ८. | **स्थानीय निकाय र प्रकोप प्रभावित उपभोक्ता समूहको प्रभावकारी संलग्नता** बढाउन जोड दिइनेछ । | ✓ | - | - | - |
| ९. | **नियन्त्रण र व्यवस्थापनमा** निजी क्षेत्र सहकारी तथा समुदायमा आधारित प्रकोप प्रभावित **उपभोक्ता समूहलाई समेत सहभागी** गराइनेछ । | - | - | - | ✓ |
| १०. | **सीमा नदीहरुमा हुने डुबान तथा कटानको समस्यालाई** दुबै मुलुकको आपसी समन्वय तथा समझदारीका आधारमा समाधान गरिनेछ । | - | - | - | ✓ |
| ११. | **अन्तराष्ट्रिय सन्धी सम्झौता तथा मापदण्डको पालना गर्न** विद्यमान कानुनी एवं संस्थागत व्यवस्थामा सुधार गरिनेछ । | - | - | - | - |
| १२. | **नयाँ तथा उपयुक्त प्रविधिको पहिचान विकास तथा** विस्तारमा जोड दिइनेछ । | ✓ | - | ✓ | ✓ |
| १३. | **प्रदेश र स्थानीय निकायसँग समन्वय र सहकार्य** | - | - | ✓ | - |
| १४. | **अनुसन्धान तथा विकासको** कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । | - | - | - | ✓ |
| १५. | **स्रोत साधनको दोहोरोपना तथा व्यय** हुन नदिने नीति अबलम्बन गरिनेछ । | - | - | - | - |
| १६. | अनुसार **कानुनी र संस्थागत सुधार** गरिनेछ । | - | - | - | - |

| क्षेत्रगत नीति (जल उत्पन्न प्रकोप व्यवस्थापन नीति,२०७२)<br>नीति १.६. | | १५ औं आवधिक योजना | वार्षिक नीति तथा कार्यक्रम ( आ.व. २०७७/७८) | बजेट बक्तव्य (आ.व.२०७७ /७८) | वार्षिक बजेट तथा कार्यक्रम (आ.व.२०७ ७/७८) |
|---|---|---|---|---|---|
| १. | **कार्यक्रमहरु सञ्चालन गर्ने** साथै ।राष्ट्रिय तथा स्थानीयस्तरमा **गुरुयोजना** बनाई कार्यान्वयन गरिनेछ । | ✓ | ✓ | ✓ | ✓ |
| २ | गुरुयोजना अनुरुप **अल्पकालिन, मध्यकालिन र दीर्घकालिन कार्यक्रमहरु तर्जुमा** गर्ने | ✓ | - | - | - |
| ३. | **कार्यक्रम तर्जुमा गर्दा एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तलाई** अवलम्वन गरी **बेसिनको अवधारणा** अनुरुप गरिनेछ । राष्ट्रिय महत्वका **ठूला नदी र ठूला पहिरोका** प्रकोप नियन्त्रण कार्यक्रमहरु **आन्तरिक तथा वाह्य स्रोत परिचालन गरी** निर्माण गरिनेछ । | ✓ | - | ✓ | - |
| ४. | **पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली** व्यवस्थापन कार्यमा जोड दिइनेछ । | ✓ | - | - | - |
| ५. | जोखिमको आधारमा **अतिजोखिमपूर्ण क्षेत्र, जोखिमपूर्ण क्षेत्र, सामान्य जोखिमपूर्ण क्षेत्र र जोखिम रहित क्षेत्रमा वर्गीकरण** गर्ने ।**वस्ती विकास** तथा **आर्थिक क्रियाकलाप** गर्न प्रोत्साहित गरिनेछ । | ✓ | ✓ | - | ✓ |
| ६. | जोखिम रहित बगर तथा **उकास जग्गाको स**मुचित उपयोग गर्न सकिनेछ । | ✓ | ✓ | - | - |
| ७. | जोखिम रहित बगर तथा उकास जग्गा प्रयोगका लागि निजी क्षेत्रले **अनुमति अनिवार्य** रुपमा लिनुपर्ने व्यवस्था गरिनेछ । | - | - | - | - |
| ८. | **स्थानीय निकाय र प्रकोप प्रभावित उपभोक्ता समूहको प्रभावकारी संलग्नता** बढाउन जोड दिइनेछ । | ✓ | - | - | - |
| ९. | **नियन्त्रण र व्यवस्थापनमा** निजी क्षेत्र सहकारी तथा समुदायमा आधारित प्रकोप प्रभावित **उपभोक्ता समूहलाई समेत सहभागी** गराइनेछ । | - | - | - | ✓ |
| १०. | **सीमा नदीहरुमा हुने डुबान तथा कटानको समस्यालाई** दुबै मुलुकको आपसी समन्वय तथा समझदारीका आधारमा समाधान गरिनेछ । | - | - | ✓ | ✓ |
| ११. | **अन्तराष्ट्रिय सन्धी सम्झौता तथा मापदण्डको पालना गर्न** विद्यमान कानुनी एवं संस्थागत व्यवस्थामा सुधार गरिनेछ । | - | - | - | - |
| १२. | **नयाँ तथा उपयुक्त प्रविधिको पहिचान विकास तथा** विस्तारमा जोड दिइनेछ । | ✓ | ✓ | ✓ | ✓ |
| १३. | **प्रदेश र स्थानीय निकायसँग समन्वय र सहकार्य** | - | - | - | - |
| १४. | **अनुसन्धान तथा विकासको** कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । | - | - | - | ✓ |
| १५. | **स्रोत साधनको दोहोरोपना तथा व्यय** हुन नदिने नीति अबलम्बन गरिनेछ । | - | - | - | - |
| १६. | अनुसार **कानुनी र संस्थागत सुधार** गरिनेछ । | - | - | - | - |

## अनुसूची- १०

### नीतिमा उल्लिखित मुख्य विषयको र आवधिक योजना, वार्षिक नीति कार्यक्रम, बजेट वक्तव्य, कार्यक्रम तथा बजेट सम्बन्धी संख्यात्मक विवरणहरू

| आ.व. | जल उत्पन्न प्रकोप व्यवस्थापन नीति बुँदा | आवधिक योजना | | वार्षिक नीति तथा कार्यक्रम | | बजेट बक्तव्य | | वार्षिक बजेट तथा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | उल्लेख भएका | उल्लेख नभएका | उल्लेख भएका | उल्लेख नभएका | उल्लेख भएका | उल्लेख नभएका | बजेट व्यवस्था भएका | बजेट व्यवस्था नभएका |
| २०७२-७३ | १६ | १० | ६ | ३ | १३ | ४ | १२ | ८ | ८ |
| २०७३-७४ | १६ | १२ | ४ | ७ | ९ | ४ | १२ | ७ | ९ |
| २०७४-७५ | १६ | १२ | ४ | ३ | १३ | ३ | १३ | ७ | ९ |
| २०७५-७६ | १६ | १२ | ४ | २ | १४ | ५ | ११ | ६ | १० |
| २०७६-७७ | १६ | ८ | ८ | २ | १४ | ६ | १० | ६ | १० |
| २०७७-७८ | १६ | ८ | ८ | ४ | १२ | ४ | १२ | ६ | १० |

# अनुसूची- ११

# जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२

## जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२

### १.१ पृष्ठभूमिः

नेपालको भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी वर्षा र जलवायु परिवर्तन आदिका कारणबाट नेपालका विभिन्न नदी नालाहरूका जलाधार क्षेत्रमा पहिरो र भूक्षय बढ्न गई हरेक वर्ष ठूलो जनधनको क्षति हुने गरेको छ । एकातर्फ तराईमा जलाधार क्षेत्रबाट बगेर आएको बालुवा तथा गेग्रान थुप्रिनाले वस्ती र कृषियोग्य जमिन नष्ट भइरहेका छन् भने अर्कोतर्फ पहाडका वेसी, भित्री मधेश तथा तराई क्षेत्रका नदी किनारा कटान तथा डुवानका समस्याहरूदिन प्रतिदिन बढ्दै गइरहेका छन् । नदीकोजल प्रवाह मार्गमा अतिक्रमण र बाढी प्रभावित तथा जलाधार क्षेत्रमा भूमिको अव्यवस्थितउपयोगले गर्दा यस्ता समस्याहरूथप जटिल बन्दै गइरहेका छन् । बाढी, पहिरोका कारण व्यापक जनधनको क्षति हुनुका साथै कैयौं परिवार विस्थापित हुन पुगेका छन् । यस्ता समस्याबाट प्रभावित परिवारमा रहेको भूमिको उर्वरा शक्ति क्रमशः क्षय हुनुका साथै प्रकोपको जोखिम बढ्दै जानाले आर्थिक उत्पादन दिनानुदिन घट्दै गइरहेको छ ।

नेपाल सरकारले बाढी, पहिरो रोकथामका प्रयास विभिन्न निकायहरू मार्फत गरिरहेकै छ। मूलतः यसै कार्यका लागि स्थापित जल उत्पन्न प्रकोप नियन्त्रण विभाग बाहेक अन्य पूर्वाधार विकासमा संलग्न सरकारी निकायहरूबाट पनि आफूद्वारा निर्मित संरचनाको संरक्षणको निमित्त बाढी, पहिरो रोकथामसम्बन्धी केही कार्य हुने गरेका छन् । त्यस्तै, स्थानीय निकाय तथा प्रभावित समुदाय एवम् व्यक्तिहरूबाट पनि केही रोकथामका प्रयास हुने गरेका छन् । तथापि विस्थापित परिवारको पुनर्वास; बाढी, पहिरोबाट नष्ट भएको जमिनको उकास; बाढी,पहिरो प्रभावित क्षेत्रको जोखिमको आधारमा गरिने विवेकशील उपयोग; त्यस्ता क्षेत्रमा बाढी, पहिरो पूर्व दिइनु पर्ने चेतावनी; सरकारी एवम् गैरसरकारी निकाय, स्थानीय निकाय, स्थानीय बासिन्दा आदिको बाढी, पहिरो विरूद्ध लड्न सक्ने क्षमतामा अभिवृद्धि लगायतका बाढी, पहिरो प्रभावित क्षेत्र व्यवस्थापन सम्बन्धी विविध पक्षमा अझधैरै ठोस कार्य गर्न जरूरी देखिएको छ ।

विशेष गरी सीमित स्रोत साधनका कारण बाढी, पहिरो रोकथाम एवम् बाढी क्षेत्र व्यवस्थापन र बाढी तथा पहिरो प्रभावित क्षेत्रको वर्गीकरणसम्बन्धी कार्यमा सरकारी प्रयास मात्रपर्याप्त र दिगो हुँदैन । नेपाल सरकारले अङ्गिकार गरेको एकिकृत जलस्रोत विकास एवम् व्यवस्थापन रणनीति अनुरूप जल उत्पन्न प्रकोप व्यवस्थापनलाई समग्र नदी बेसिनको विकास तथा व्यवस्थापन कार्यको एक अंशको रूपमा पर्यावरणीय दृष्टिकोणका अतिरिक्त आर्थिक दृष्टिकोणले पनि सम्भाव्य र दिगो बनाउँदै यसमा नेपाल सरकारका केन्द्रीय एवम् स्थानीय निकाय, गैरसरकारी संस्था, स्थानीय समुदाय आदिका अतिरिक्त निजी क्षेत्रलाई पनि सहभागी गराउन वाञ्छनीय देखिएको छ । यसरी विभिन्न सार्वजनिक, सामुदायिक तथा निजी क्षेत्रको संलग्नता र समन्वयबाट गरिनु पर्ने जल उत्पन्न प्रकोप व्यवस्थापन कार्य राष्ट्रिय

जलश्रोत रणनीति तथा राष्ट्रिय जल योजनाले जल उत्पन्न प्रकोप क्षेत्रमा अंगिकार गरेका उद्देश्य समेत समेटेर **"जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२"** तर्जुमा गरिएको छ ।

## १.२ परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा;

**क) "नदी"** भन्नाले जमिनको सतहमा पानीको निकासको क्रममा प्राकृतिक रूपमा प्रभावित हुने नदी, गाड, खोला, खोल्सी र नाला समेतलाई सम्झनु पर्छ र सो शब्दले जल प्रवाह अंशलाई समेत जनाउँछ ।

**ख) "जल प्रवाह मार्ग"** भन्नाले सामान्य बाढीको समयमासमेत जलप्रवाह हुने नदीका दुवै किनारा वीचको क्षेत्रलाई सम्झनु पर्दछ ।

**ग) "सामान्य बाढीको समय"** भन्नाले दुई दुई वर्षमा पुनरावृति हुने (Two Year Return PeriodFlood) बाढीको समयलाई सम्झनु पर्दछ ।

**घ) "जल उत्पन्न प्रकोप"** भन्नाले बाढी, पहिरो, डुवान, पटान, हिम पहिरो आदि कारणले उत्पन्न हुने प्रकोपलाई सम्झनु पर्दछ ।

**ङ) "बाढी प्रभावित क्षेत्र"** भन्नाले बाढीको समयमा नदीको पानीले एक वा दुवै स्थायी किनारा नाघी जलमग्न हुने वा हुन सक्ने बस्ती, कृषि भूमि, जङ्गल, आदि भू-भाग र बाढीले छोडेको समयमा बगरको रूपमा परिणत भएको भू-भाग समेतलाई सम्झनु पर्दछ ।

**च) "बगर"** भन्नाले दुई वर्ष पुनरावृतिकालकोबाढीले (Two Year Return Period Flood) ढाक्ने वा ढाक्न सक्ने जमिन र सामान्यतया कृषिउत्पादनमा प्रयोग गर्न नसकिने भूमिलाई सम्झनु पर्दछ ।

**छ) "उकास"** भन्नाले नदी किनाराका जमिनलाई जलविज्ञानको प्रविधि अनुसार निर्धारित नदीलाई आवश्यक पर्ने जलप्रवाह मार्ग छोडेर उपयुक्त प्रविधि प्रयोग गरी कृषि, बसोबास वा अन्य आर्थिक, सामाजिक, धार्मिक एवम् सांस्कृतिक प्रयोजनको निमित्त त्यस्तो बगरलाई उपयोगमा ल्याउन गरिने व्यवस्थालाई सम्झनु पर्दछ ।

**ज) "तटबन्ध"** भन्नाले नदीमा आउने बाढीको पानीलाई किनारा नाघेर आसपासका जमिनमा पस्नबाट रोक्न तथा किनार कटान रोक्न नदीको किनारमा निर्माण गरिने संरचनालाई सम्झनु पर्दछ।

**झ) "जल उत्पन्न प्रकोप प्रभावित उपभोक्ता समूह"** भन्नाले बाढी, पहिरो, नदी कटान तथा जल उत्पन्न प्रकोपबाट प्रभावित उक्त क्षेत्रमा बसोबास गर्ने समूह/समुदायलाई सम्झनु पर्दछ र सो शब्दले प्रकोप प्रभावित उपभोक्ता समूह समेतलाई जनाउँछ ।

ञ) **"स्थानीय निकाय"** भन्नाले प्रचलित कानुन बमोजिम गठन भएको गाउँ पालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका तथा जिल्ला विकास समितिलाइ सम्झनु पर्दछ ।

ट) **"पहिरो"** भन्नाले प्राकृतिक तथा मानव सिर्जित कार्यमा मुख्यतया जल तथा भूकम्पको कारणले गुरूत्वाकर्षण भई कुनै पिण्ड (Mass) को तलतिर चलायमान हुने प्रकृया लाइ सम्झनु पर्दछ ।

ठ) **"आपतकालिन नदी नियन्त्रण"** भन्नाले खास गरी वर्षादको समयमा आउने बाढी तथा पहिरोबाट हुने जनधन तथा भौतिक संरचनाहरूको क्षतिलाई तत्काल रोकथाम गरी नदी तथा पहिरो नियन्त्रण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

ड) **"साना नदी नियन्त्रण कार्य"** भन्नाले साना प्रकृतिका खोलानाला, खोल्सी, गल्छी तथा गाडमा स्पर, स्टुड, चेक डयाम, तटबन्ध तथा अन्य प्रविधअपनाई गरिने नियन्त्रण कार्यलाई सम्झनु पर्दछ ।

ढ) **"मझौला नदी नियन्त्रण कार्य"** भन्नाले नदीको दुवै किनारामा गरी बढीमा दश कि. मि. लम्बाई सम्म तटबन्ध, स्पर, स्टुड तथा अन्य प्रविधि अपनाई गरिने नदी नियन्त्रण कार्यलाई सम्झनु पर्दछ ।

ण) **"ठूला नदी नियन्त्रण कार्य"** भन्नाले नदीको दुवै किनारामा गरी दश कि.मि. भन्दा बढीलम्बाई तटबन्ध, स्पर, स्टुड तथा अन्य प्रविधि अपनाई गरिने नदी नियन्त्रण कार्यलाई सम्झनु पर्दछ ।

ट) **"साना पहिरो नियन्त्रण कार्य"** भन्नाले पहिरोको फेदको चौडाइबढीमा ५० मि. सम्म, लम्वाई बढीमा १०० मि. र क्षेत्रफल (Area) ५००० वर्ग मिटर भएको पहिरो नियन्त्रण कार्यलाई सम्झनु पर्दछ ।

ठ) **"मझौला पहिरो नियन्त्रण कार्य"** भन्नाले पहिरोको फेदको चौडाइ ५०-१०० मि. सम्म, लम्वाई १००-२०० मि. र क्षेत्रफल (Area) ५०००-२०००० वर्ग मिटर भएको पहिरो नियन्त्रण कार्यलाई सम्झनु पर्दछ ।

ड) **"ठुला पहिरो नियन्त्रण कार्य"** भन्नाले पहिरोको फेदको चौडाइ १०० मि. भन्दा बढी, लम्वाई २०० मि. भन्दा बढी र क्षेत्रफल (Area) २०००० वर्ग मिटरभन्दा बढी भएको पहिरो नियन्त्रण कार्यलाई सम्झनु पर्दछ ।

## १.३ दृष्टिकोण

मुलुकमा जल उत्पन्न प्रकोपबाट सिर्जित मानवीय, भौतिक तथा आर्थिक हानी नोक्सानीलाई उपयुक्त प्रविधिको माध्यमबाट जोखिम न्यूनीकरण गर्दै जाने यस नीतिको दृष्टिकोण (Vision) रहेको छ ।

## १.४ अवधारणा

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति देहाय बमोजिमको अवधारणामा आधारित रहेको छः

१.४.१ जल उत्पन्न प्रकोपबाट सिर्जित भौतिक तथा आर्थिक हानी नोक्सानीलाई तटबन्ध, स्पर, चेकड्याम,वायोइन्जिनियरिङ्ग तथा अन्य उपयुक्त प्रविधिको माध्यमबाट जनसहभागितामूलक पद्धति अपनाई न्यूनीकरण गर्दै जाने ।

१.४.२ जल उत्पन्न प्रकोपन्यूनीकरणका लागि निर्माण भएका संरचनाहरूको आवश्यकता अनुसार मर्मत संभार तथा पुनर्स्थापना गर्ने ।

१.४.३ जनसंख्या बृद्धि, आप्रवासन, जलवायु परिवर्तन, अबैज्ञानिक भू-उपयोग तथा जलजन्य प्रकोपका कारण जलाधार, वस्तीटार, ठुला पूर्वाधारहरू (राजमार्ग) र अन्य समुदाय वसोवास गर्ने क्षेत्रमा परेको प्रतिकूल प्रभावको अध्ययन गरी अनुकुलन सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने ।

१.४.४ विकेन्द्रीकरणको अवधारणा अनुरूप आपतकालीन नदी तथा पहिरो नियन्त्रण कार्यक्रम र व्यवस्थापनमा उपयुक्त प्रविधिको अवलम्बन गरी त्यसमा स्थानीय निकायको संलग्नता बृद्धि गर्ने।

१.४.५ नदी तथा पहिरो नियन्त्रण/व्यवस्थापनमा प्रभावकारीता अभिबृद्धि गर्न संस्थागत सुदृढीकरण तथा जनशक्तिको विकास र परिचालन गर्ने ।

## १.५ उद्देश्य

जल उत्पन्न प्रकोप व्यवस्थापन नीतिको उद्देश्य देहाय बमोजिम हुनेछन्:

१.५.१ बाढी, पहिरो जस्ता जल उत्पन्न प्रकोपहरूको संरचनागत तथा गैरसंरचनागत प्रविधिबाट रोकथाम गरी सो बाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्नु र नदी, जलाधार क्षेत्र तथा जलजन्य पर्यावरणको संरक्षण गरी प्राकृतिक स्रोत साधन एवम् खानेपानी, जलपरिवहन, सिंचाइ, स्थल यातायात आदि जस्ता पूर्वाधारका उपयोगितालाई दिगो बनाउने ।

१.५.२. बाढी, पहिरो तथा डुवानबाट प्रभावित हुने क्षेत्रको वर्गीकरण गरी सो अनुरूप वस्ती विकास, आर्थिक क्रियाकलाप र कृषि प्रयोजनको क्षेत्र निर्धारण गर्ने ।

१.५.३. बाढी तथा डुवानबाट जोखिम रहित उकास जग्गाको समुचित उपयोग गर्ने ।

१.५.४ जल उत्पन्न प्रकोपबाट प्रभावित क्षेत्र व्यवस्थापनको लागि संस्थागत विकास गर्ने ।

१.५.५ नदी तथा पहिरो व्यवस्थापन कार्यमा संलग्न सरकारी केन्द्रीय तथा स्थानीय निकाय, गैरसरकारी एवम् सामुदायिक संघ, संस्थाका साथै निजी क्षेत्रको पनि भूमिका स्पष्ट पारी समन्वयात्मढंगले कार्य गर्दै जाने ।

१.५.६ सीमा नदीहरूमा हुने डुवान तथा कटानको समस्या न्यूनीकरण गरी सो क्षेत्रका जनसमुदायमा सुरक्षा र सचेतनाको भावना अभिबृद्धि गर्ने ।

१.५.७ जल उत्पन्न प्रकोप नियन्त्रणका लागि निर्मित संरचनाहरूको उचित मर्मत संभार गरी दीगो र भरपर्दो बनाउने ।

## १.६ नीति

माथिका उद्देश्य प्राप्तिको लागि देहायका नीति अवलम्वन गरिनेछ:

१.६.१ बाढी, पहिरो जस्ता जल उत्पन्न प्रकोपहरूको चुनौतीलाई सम्बोधन गर्न नियन्त्रणका कार्यक्रमहरू संचालन गर्नुका साथै नदीको जलाधार क्षेत्रको एकिकृत संरक्षणको कार्यक्रम संचालन गर्नको लागि राष्ट्रिय तथा स्थानीयस्तरमा गुरूयोजना बनाई कार्यान्वियन गरिनेछ ।

१.६.२ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यहरू प्राथमिकताको आधारमा गुरू योजना अनुरूप अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्यक्रमहरू तर्जुमा गरी सम्वन्धित प्रकोप प्रभावित उपभोक्ता समूह समेतको सहभागितामा संचालन गरिनेछ ।

१.६.३ जल उत्पन्न प्रकोप नियन्त्रण सम्वन्धी कार्यक्रम तर्जुमा गर्दा एकिकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तलाई अवलम्बन गरी बेसिनको अवधारणा अनुरूप गरिनेछ । राष्ट्रिय महत्वका ठुला नदी र ठुला पहिरोका प्रकोप नियन्त्रण कार्यक्रमहरू आन्तरिक तथा बाह्नय स्रोत परिचालन गरी निर्माण गरिनेछ ।

१.६.४ जल उत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धी आवश्यक पर्ने पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली व्यवस्थापन कार्यमा जोड दिइनेछ ।

१.६.५ जल उत्पन्न प्रकोपबाट प्रभावित क्षेत्रलाई जोखिमको आधारमा अति जोखिमपूर्ण क्षेत्र, जोखिमपूर्ण क्षेत्र, सामान्य जोखिमपूर्ण क्षेत्र र जोखिम रहित क्षेत्रमा वर्गीकरण गरी सोहि अनुसार प्राथमिकताको आधारमा क्षेत्र निर्धारण गरिनेछ । वर्गीकरण गरिएको क्षेत्रमा सोहि अनुरूप वस्ती विकास तथा आर्थिक क्रियाकलापका कार्यहरू गर्न प्रोत्साहित गरिनेछ ।

१.६.६ जोखिम रहित बगर तथा उकास जग्गाकोसमुचित उपयोग गर्न सकिनेछ ।

१.६.७ जोखिम रहित बगर तथा उकास जग्गा प्रयोगका लागि निजी क्षेत्रले चाहेमा सो को उपयोग गर्नु पूर्व नेपाल सरकारको अनुमति अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था गरिनेछ ।

१.६.८ प्रकोप न्यूनीकरण र नियन्त्रण कार्यक्रमको तर्जुमा, निर्माण तथा व्यवस्थापनमा स्थानीय निकाय र प्रकोप प्रभावित उपभोक्ता समूहको प्रभावकारी संलग्नता बढाउन जोड दिइनेछ ।

१.६.९ जल उत्पन्न प्रकोप नियन्त्रण तथा व्यवस्थापनमा निजी क्षेत्र, सहकारी तथा समुदायमा आधारित प्रकोप प्रभावित उपभोक्ता समूहलाई समेत सहभागी गराइनेछ ।

१.६.१० छिमेकी मुलुक भई बग्ने सीमा नदीहरूमा हुने डुवान तथा कटानको समस्यालाई दुवै मुलुकको आपसी समन्वय तथा समझदारीका आधारमा समाधान गरिनेछ ।

१.६.११ जल उत्पन्न प्रकोपसँग सम्बन्धित अन्तराष्ट्रिय सन्धी सम्झौता तथा मापदण्डको पालना गर्न विद्यमान कानुनी एवं संस्थागत व्यवस्थामा सुधार गरिनेछ ।

१.६.१२ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यको प्रभावकारिताका लागि नयाँ तथा उपयुक्त प्रविधिको पहिचान, विकास तथा विस्तारमा जोड दिइनेछ ।

१.६.१३ प्रदेश र स्थानीय निकासंग समन्वय र सहकार्य गरी ती निकायलाई जोखिम न्यूनीकरणमा परिचालन गराउन सकिनेछ ।

१.६.१४ जल उत्पन्न प्रकोप व्यवस्थापन क्षेत्रमा अनुसन्धान तथा विकासको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।

१.६.१५ जल उत्पन्न प्रकोप नियन्त्रण तथा व्यवस्थापनमा स्रोत, साधनको दोहोरोपना तथा व्यय हुन नदिने नीति अबलम्बन गरिनेछ ।

१.६.१६ यस नीतिमा उल्लेखित उद्देश्य हासिल गर्न आवश्यकता अनुसार कानुनी र संस्थागत सुधार गरिनेछ ।

## १.७ कार्यनीति :

### (क) आपत्कालीन बचाउ कार्य

१.७.१ जल उत्पन्न प्रकोपबाट हुने क्षतिको आपतकालीन रोकथाम तथा उद्धार कार्य प्रभावकारी बनाउन नदी, जलाधार क्षेत्र र त्यसमा अवस्थित पहिरोको जोखिमपूर्ण तथा बाढी प्रभावित क्षेत्र सम्बन्धी गुणस्तरयुक्त तथ्याङ्क एवम् सूचनाको व्यवस्थापन गरी त्यसलाई मौसम सम्बन्धी तथ्याङ्क एवम् सूचनासँग आवद्ध गरी सम्भावित जल उत्पन्न प्रकोपको पूर्वसूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ । हिमताल विष्फोटन वा तीव्र गतिमा बाढीसँगै हुने गेग्रान वहाव (Debris Flow) र तिनबाट हुन सक्ने क्षति त्यस्ता तथ्याङ्क र सूचनामा समावेश गरिनेछ ।

१.७.२ स्थानीय रूपमा जनस्तरबाट जल उत्पन्न प्रकोपको कारण आपतकालीन समयमा अपनाउनु पर्ने उपायका सम्बन्धमा जनचेतना अभिवृद्धि गरिनुका साथै आपतकालीन उद्धार अभ्यास गरिने छ । त्यस्तो अभ्यास कार्यमा र वास्तविक आपतकालीन अवस्थामा पनि जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वयमा स्थानीय प्रशासन, सेना, प्रहरी,स्थानीय निकाय, जनसमुदाय तथा अन्य स्वयंसेवी सामाजिक संस्थाहरू समन्वयात्मक ढङ्गबाट परिचालन गरिनेछ ।

१.७.३ जल उत्पन्न प्रकोपको रोकथाम र त्यस्तो प्रकोपबाट गरिने आकस्मिक उद्धार तथा राहतका लागि देशका विभिन्न ठाउँहरूमा निर्माण सामाग्री, उपकरण लगायतका उद्धार तथा राहत सामाग्रीहरूको व्यवस्था गर्न उद्धार तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ ।

**(ख) जल उत्पन्न प्रकोप नियन्त्रण कार्य**

१.७.४ मझौला र ठुला प्रकृतिका प्रकोप नियन्त्रण कार्यहरूको अध्ययन, अनुसन्धान, डिजाइन एवं कार्यान्वयन गर्दा वातावरण मैत्री, जलवायु परिवर्तन अनुकुलित र रोजगारी बृद्धि हुने गरी गुरु योजना बनाई मध्यकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरिनेछ ।

१.७.५ पहिरो नियन्त्रण कार्यक्रम, जनताको तटबन्ध कार्यक्रम, गुरू योजनामा आधारित नदी नियन्त्रण कार्यक्रम, पहाडी तथा उच्च पहाडी नदी नियन्त्रण कार्यक्रम,सदरमुकाम बचाउ जस्ता कार्यक्रमहरूको बिस्तार तथा विकास गरिनेछ ।

१.७.६ जलप्रवाह मार्ग र बाढी प्रभावित क्षेत्रमा निर्माण गरिने विशेष गरी प्रकोप नियन्त्रण गर्ने भौतिक संरचनाहरूको लागि निश्चित मापदण्डहरू निर्धारण गरिनेछ । प्रकोप नियन्त्रणको लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रूपमा बायोइन्जिनियरिङ्ग सहितका उचित संरचनात्मक तथा जनचेतनामूलक उपायहरू अवलम्बन गरिनेछ ।

१.७.७ मझौला र ठुला प्रकृतिका प्रकोप नियन्त्रण कार्यहरू बाढी जोखिम नक्सा (Flood Hazard Map) र पहिरो जोखिम नक्सा (Land Slide Hazard Map) अनुरूप मध्यकालीन तथा दीर्घकालीन योजना तयार गरी संचालन गरिनेछ ।

१.७.८ मझौला र ठुला प्रकृतिका प्रकोप नियन्त्रण कार्यहरू संचालन गर्दा उपलब्ध श्रोत साधनको अधिकतम उपयोग हुने गरी प्राथमिकताको आधारमा जनसहभागिता समेत परिचालन गरी गरिनेछ ।

१.७.९ ठुला प्रकृतिका प्रकोप नियन्त्रण आयोजनाहरूमा सम्भव भए सम्म वैदेशिक सहयोग तथा अनुदान प्राप्त गरी सम्पन्न गर्न पहल गरिनेछ ।

१.७.१० साना प्रकतिका प्रकोप नियन्त्रण कार्यहरूमा सम्वन्धित प्रकोप प्रभावित उपभोक्ता समूहबाट जनसहभागिता समेत परिचालन गरी गर्न सकिनेछ ।

**(ग) जल उत्पन्न प्रकोप न्यूनीकरण कार्य**

१.७.११ जल उत्पन्न प्रकोपबाट प्रभावित क्षेत्रलाई जोखिमको आधारमा वर्गीकरण गरी मापदण्डका आधारमा प्रकोप न्यूनीकरण गरिनेछ ।

१.७.१२ बाढीको प्रकोपको सम्भावना भएका प्रत्येक नदीमा जलप्रवाह मार्ग तथा बाढीको पानी अस्थायी रूपमा रोक्न आवश्यक क्षेत्र (Detention basin) तोकिने छ। बाढी, पहिरोबाट प्रभावित क्षेत्रमा जोखिमको आधारमा बसोबास, खेतीपाती तथा अन्य आर्थिक र सामाजिक क्रियाकलापको निमित्त क्षेत्र निर्धारण गरिनेछ र निषेधित क्षेत्रमा आर्थिक र सामाजिक क्रियाकलाप संचालन हुन नदिन एवं भइरहेका क्रियाकलापलाई सुरक्षित ठाउँमा स्थानान्तरण गर्न आवश्यक ऐन, नियम तर्जुमा गरी लागू गरिने छ ।

१.७.१३ विस्तारै सर्ने पहिरो (Landslide), भीर पाखा भत्किने पहिरो (Slope failure) तथा गेग्रान वहाव (Debrisflow) जस्ता विभिन्न प्रकारका पहिरोहरूको अध्ययन गरी अद्यावधिकतथ्याङ्क (Inventory)राखिनेछ र सो अनुसार प्रत्येक पहिरो जोखिम क्षेत्रको सिमाङ्कन (Zoning) सहितको नक्साङ्कन तयार गरिनेछ । जोखिमयुक्त पहिरोबाट हुने क्षतिको न्यूनीकरण गर्न स्थानीयवासीको सहयोगमा जोखिम न्यूनीकरणका कार्यक्रमहरू संचालन गरिनेछ ।

१.७.१४ विस्तारै सर्ने पहिरो (Landslide), भीर भाखा भत्किने पहिरो (Slope failure) तथा गेग्रान वहाव (Debris flow) जस्ता पिण्ड चलायमान (Mass movement) को न्यूनीकरण प्रकृया अलग अलग हुने भएको हुदा सो को सम्वोधन हुने गरी नयां प्रविधिहरूको समय सापेक्ष रूपले विकास गरिनुको साथै सरोकारवालालाई अद्यावधिक तालीम तथा सूचना प्रणालीमा सहभागी गराइनेछ ।

१.७.१५ पहिरो प्रकोप जोखिम नक्साङ्कनको आधारमा स्थानीयबासीको सुरक्षाको लागि पूर्व सूचना प्रणालीको विकासको साथै जोखिम रहित स्थानको पहिचान गरी क्षति न्यूनीकरण गरिनेछ ।

**(घ) पहिरो, बाढी क्षेत्रको वर्गीकरण**

१.७.१६ पहिरो, बाढी क्षेत्र तथा जाखिम क्षेत्रको देहाय बमोजिम वर्गीकरण गरिएको छ ।

१.७.१६.१ पहिरोकोवर्गीकरणदेहाय बमोजिम हुनेछ र यस सम्वन्धी विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ ।

अ) बिस्तारै सर्ने पहिरो(Landslide)
आ) भीर पाखा भत्किनेपहिरो (Slope Failure)
इ) गेग्रान बहाव(Debris flow)

१.७.१६.२ पहिरो जोखिम क्षेत्रकोवर्गीकरणदेहाय बमोजिम हुनेछ र यस सम्वन्धी विस्तृत विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।

अ) अति जोखिम क्षेत्र (Zone 1)

आ) सामान्य जोखिम क्षेत्र (Zone 2)

इ) न्यून जोखिम क्षेत्र (Zone 3)

१.७.१६.३ भिरालो जमिनको वर्गीकरण देहाय बमोजिम हुनेछ यस सम्वन्धी विस्तृत विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

अ) ३०° वा सो भन्दा कम भिरालो जमिन

आ) ३०° र ४५° बीचको मध्यम भिरालो जमिन
इ) ४५° भन्दा बढी अति भिरालो जमिन
ई) चुरे (सिवालिक) क्षेत्र

१.७.१६.४ बाढी तथा डुवानबाट हुने जोखिम क्षेत्रको वर्गीकरण देहाय बमोजिम हुनेछ र यस सम्वन्धी विस्तृत विवरण अनुसूची ४ र ५ मा उल्लेख गरिएको छ ।

अ) बगर क्षेत्र
आ) अति जोखिमपूर्ण क्षेत्र
इ) जोखिमपूर्ण क्षेत्र
ई) सामान्य जोखिमपूर्ण क्षेत्र
उ) जोखिमरहित क्षेत्र

१.७.१७ बाढीको पुनरावृति काल (Return Period) को आधारमा बाढी तथा डुवानबाट हुने जोखिम क्षेत्रको वर्गीकरण गरिनेछ । सो अनुरूप जोखिम क्षेत्रको सिमाङ्कन गर्ने कार्य निरन्तररूपमा सबै नदीहरूको गरिदै जानेछ । बाढीको पुनरावृति काल (Return Period) अनुरूप बाढी अनुमान गर्दा जलवायु पविर्तन (Climate Change) लाई समेत मध्यनजर गरी गरिनेछ ।

१.७.१८ बाढी तथा डुवानबाट हुने जोखिम क्षेत्रको मापदण्ड अनुरूपको वर्गीकरण शुरू गर्दा जनताको तटबन्ध कार्यक्रम, पहाडी तथा उच्च पहाडी नदी नियन्त्रण कार्यक्रम र गुरू योजनामा आधारित नदी नियन्त्रण कार्यक्रमका नदीहरूको साथै सिंचाइ मन्त्रालयको निर्णय अनुरुप अन्य नदीहरूको समेत क्रमश: वर्गीकरण गर्दै लगिनेछ ।

१.७.१९ हाल अवस्थित बसोबास, पुरातात्विक, ऐतिहासिक तथा साँस्कृतिक महत्वका संरचनाहरूको संरक्षण गर्दै जाने र नयाँ वस्ती विकास गर्दा नीतिमा उल्लेखित मापदण्ड अनुरूप गरिनेछ ।

१.७.२० बाढी क्षेत्रको सिमांकन (Zoning) र भू उपयोग नीति, २०६९  अनुरूप जमिनको उपयोग नगर्नेलाई सरकारी स्तरबाटप्रदान गरिने सबै सेवा, सुबिधाबाट बन्चित गराउनुका साथै सो क्षेत्रमा बाढी, पहिरो वा डुवानबाट व्यक्तिगत सम्पतिको क्षति हुन गएमा सरकारले क्षतिपूति उपलब्ध नगराउने नीति अवलम्बन गरिनेछ।

१.७.२१ जल उत्पन्न प्रकोपबाटहुने क्षतिलाई सम्बोधन गर्न बिमा गर्ने व्यवस्था क्रमिक रूपमा गर्ने र बिमा गर्दा न्यून आय भएकालाई सरकारले अनुदान दिने कानुनी व्यवस्था गरिनेछ ।

**(ङ) जल उत्पन्न प्रकोप प्रभावित उपभोक्ता समूह (ज.उ.प्र.प्र.उ.स.)**

१.७.२२ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यमा प्रकोप प्रभावित उपभोक्ता समूहलाई प्रकोप नियन्त्रण सम्बन्धी कार्यको लागि संगठित गराइनेछ । संगठित समूहलाई जल उत्पन्न प्रकोप नियन्त्रण कार्यमा आवश्यकता अनुसार सहभागी गराइनेछ ।

१.७.२३ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यको व्यवस्थापनलाई बढी प्रभावकारी बनाउन प्रकोप न्यूनीकरण कार्यको शुरुदेखि नै प्रकोप प्रभावित उपभोक्ता समूह गठन र तिनको क्षमता अभिबृद्धिका लागि कार्यक्रम संचालन गरिनेछ ।

१.७.२४ प्रकोप प्रभावित उपभोक्ता समूह गठन गर्दा सम्भव भएसम्म महिला, दलित, उत्पिडित, पिछडिएका वर्ग र जनजातिको समेत उचित प्रतिनिधित्व हुने व्यवस्था मिलाइनेछ ।

१.७.२५ प्रभावित उपभोक्ता समूहलाई प्रचलित कानून बमोजिम दर्ता एवं नवीकरण गर्ने व्यवस्था गरिनेछ।

१.७.२६ कानून बमोजिम दर्ता भई नवीकरण भएका प्रकोप प्रभावित उपभोक्ता समूहद्वारा जल उत्पन्न प्रकोप नियन्त्रण कार्य गराउदा प्रचलित कानूनको परिधि भित्र रहि तयार गरिने कार्यविधिको पालना हुने गरी गराइनेछ ।

**(च) जनसहभागिता**

१.७.२७ साना प्रकृतिका जल उत्पन्न प्रकोप नियन्त्रणसम्बन्धी निर्माण कार्य निजी जग्गामा गर्नु पर्दा सो कार्य सम्भव भए सम्म प्रत्यक्ष फाइदा हुने वा फाइदा पुग्ने सक्नेहरूबाट प्रकोप प्रभावित उपभोक्ता समुह गठन गरी सोही समुहबाट जल उत्पन्न प्रकोप नियन्त्रण कार्य गर्न प्राथमिकता दिइनेछ ।

१.७.२८ मझौला तथा ठूला प्रकृतिका जल उत्पन्न प्रकोप नियन्त्रणसम्बन्धी निर्माण कार्यमा आवश्यक पर्ने जग्गा उपलब्ध गराउने जिम्मेवारी/दायित्व सोही क्षेत्रको प्रभावित उपभोक्तासमुहको हुनेछ।

१.७.२९ जल उत्पन्न प्रकोप नियन्त्रणको लागि निर्माण कार्यमा स्थानीय रूपमा आइपर्ने बाधा अड्चन फुकाउने दायित्व प्रभावित उपभोक्ता समूहको हुनेछ । सम्बन्धित निकायले प्रभावित उपभोक्ता समूहलाई आवश्यक सहयोग गर्न सक्नेछ ।

१.७.३० प्रकोप प्रभावित उपभोक्ता समूहले कार्यविधिमा तोके अनुसारको जनसहभागिता वापतको अंश व्यहोर्नु पर्नेछ ।

**(छ) बगर तथा बाढी प्रभावित क्षेत्रको उपयोग**

१.७.३१ भू-उपयोग नीति २०६९ अनुसार बढी जोखिमपूर्ण क्षेत्रमा पार्क, कृषि, बन जस्ता आर्थिक क्रियाकलाप र कम जोखिमपूर्ण क्षेत्रमा आवास, उद्योग, विद्यालय जस्ता आर्थिक तथा सामाजिक क्रियाकलापको निमित्त बाढी प्रभावित क्षेत्रको उपयोग गरिनेछ ।

१.७.३२ नदी नियन्त्रण योजना तयार गर्दा जग्गा उकास/विकास कार्य समेत समावेश गरिनेछ ।

१.७.३३ उकास जमीनमा कृषि, वृक्षारोपण, आमोदप्रमोद लगायत अन्य आर्थिक, सामाजिक तथा सांस्कृतिक उपयोगको लागि नेपाल सरकार, स्थानीय निकाय, अनुमति प्राप्त सरकारी तथा गैरसरकारी संस्था वा निजी क्षेत्रले विकास कार्यहरू सञ्चालन गर्न सक्नेछन् ।

१.७.३४ सार्वजनिक क्षेत्र जस्तै निजी क्षेत्रद्वारा पनि उकास/विकास आयोजनाको प्रतिफल स्थानीय समुदायले पनि प्राप्त गर्न सक्ने गरी संचालन गराइने छ । सार्वजनिक क्षेत्रबाट उकास गरिएका जग्गामा भूमिहिनहरूलाई पुनर्स्थापना गरी रोजगारीमूलक आर्थिक क्रियाकलाप सञ्चालन गर्न सकिनेछ ।

१.७.३५ निजी क्षेत्रले आयोजना सञ्चालन गर्दा नेपाल सरकारको स्वामित्वमा रहेको उकास जग्गा एवं आसपासको आवश्यक जग्गा लिज बापतको शुल्क तिरेर प्रयोग गर्न पाउनेछन् । कुनै संघसंस्थाको वा व्यक्तिको निजी स्वामित्वमा भएको जग्गाको हकमा आयोजना सञ्चालन गर्नेले सम्बन्धित व्यक्ति, संघसंस्थासँग सम्झौता गरी जग्गा प्राप्त गर्नुपर्नेछ । यसको लागि नेपाल सरकारबाट अवलम्वन गरिएको सार्वजनिक निजी साझेदारी ढाँचा (PPP model) अनुरूप ठूला तथा मझौला नदीहरूमा नदी नियन्त्रण कार्य गरिनेछ ।

१.७.३६ उकास जग्गामा विकास सम्बन्धी आयोजनाहरू सञ्चालन गर्दा नेपाल सरकारद्वारा संचालित आयोजनाको हकमा प्रचलित कानून बमोजिम मुआब्जा दिई जग्गा प्राप्त गर्न सकिनेछ र निजी क्षेत्रले सञ्चालन गरेको आयोजनाको हकमा सम्बन्धित प्रबर्द्धनकर्ताले जग्गाधनीसँग किनबेच वा अन्य सम्झौता गरी उक्त जग्गा प्राप्त गर्न सक्नेछ । आवश्यकता अनुसार यस कार्यमा नेपाल सरकारले सहयोग गर्नेछ ।

**(ज) संस्थागत व्यवस्था र विकास**

१.७.३७ जल उत्पन्न प्रकोप व्यवस्थापनको लागि आवश्यक पर्ने सम्पूर्ण संरचना प्रणाली र पूर्व चेतावनी प्रणाली व्यवस्थापन, मापदण्ड निर्धारण तथा निर्देशिका तयारी, पहिरो तथा बाढीसम्बन्धी जोखिम नक्साहरू तयारी, नदीका आकार प्रकार अनुसार केन्द्रीय र स्थानीय निकायको क्षेत्राधिकार निर्धारण, उकास विकासको लागि अनुमतिपत्र जारी गर्ने कार्यविधि र तत्सम्बन्धी व्यवस्था, आदि कार्य गर्ने प्रमुख जिम्मेवारी जल उत्पन्न प्रकोप नियन्त्रण विभागको हुनेछ । उक्त विभागले यस्ता कार्य सम्बन्धित सबै मन्त्रालय, विभाग, स्थानीय निकाय, अनुसन्धानमूलक एवम् शैक्षिक संस्था, गैरसरकारी संस्था, निजी

क्षेत्र, आदिसँग समन्वय गरी गर्नेछ । सिंचाइ मन्त्रालय र जल तथा ऊर्जा आयोगले त्यस्ता कार्यको सुपरिवेक्षण र अनुगमन तथा मुल्याङ्कन गर्नेछन् ।

१.७.३८ जल उत्पन्न प्रकोप नियन्त्रणको लागि उपयुक्त प्रविधि विकासको निमित्त अध्ययन, अनुसन्धान कार्य गरिनेछन् । यस्ता कार्यमा जल उत्पन्न प्रकोप नियन्त्रण विभागले सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका अनुसन्धानमूलक संस्थाहरू, विश्वविद्यालयहरू आदिलाई संलग्न गराउन सक्नेछ ।

१.७.३९ जल उत्पन्न प्रकोप व्यवस्थापनको निमित्त सम्बन्धित सरकारी निकाय, स्थानीय निकाय, गैरसरकारी निकाय र निजी क्षेत्रको समेत क्षमता वृद्धि गरिनेछ । बाढी प्रभावित क्षेत्रका स्थानीय समुदायको प्रकोप व्यवस्थापनको लागि आवश्यक क्षमता वृद्धि कार्यमा विशेष जोड दिइनेछ ।

**(झ) जवाफदेहीता र जिम्मेवारी**

१.७.४० जल उत्पन्न प्रकोप नियन्त्रण कार्य तथा व्यवस्थापन सम्वन्धमा पारदर्शिता अपनाई जल उत्पन्न प्रकोप नियन्त्रण विभाग र प्रकोप प्रभावित उपभोक्ता समूहको काम, कर्तव्य र अधिकार स्पष्ट हुने गरी सम्झौता भए पछि सो को आधारमा नेपाल सरकारले बाढी तथा पहिरो नियन्त्रण कार्यमा लगानी गर्नेछ ।

१.७.४१ यस नीति अन्तर्गत प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिकोणले उपयुक्त ठहरिएका ठुला तथा मझौला खालका नदी नियन्त्रण कार्य गर्ने जिम्मेवारी जल उत्पन्न प्रकोप नियन्त्रण विभागको हुनेछ । साना प्रकृतिका नदी नियन्त्रण गर्ने कार्य प्रभावित उपभोक्ता समूह वा प्रचलित कानून बमोजिम अन्य सरकारी निकायको हुनेछ । त्यसै गरी ठूला तथा मझौला पहिरो (Deep-seated landslide) तथा गेग्रान वहावका न्यूनीकरण गर्ने जिम्मेवारी जल उत्पन्न प्रकोप नियन्त्रण विभागको हुनेछ । साना पहिरो (Shallow-seated landslide) हरूको न्यूनीकरणका हकमा अन्य सरकारी निकायद्वारा हुनेछ तर अतिबृष्टि भई ठुलो जनधनको क्षति हुन गई स्थानीय निकायबाट नियन्त्रण कार्य हुन सम्भव नभएमा जल उत्पन्न प्रकोप विभागले नियन्त्रण कार्य गर्नेछ ।

**(ञ) वातावरण संरक्षण**

१.७.४२ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यबाट पर्न सक्ने वातावरणीय नकारात्मक प्रभाव न्यून हुने गरी नियन्त्रण कार्य सम्पन्न गरिनेछ । यसका लागि सरकारी, गैरसरकारी र स्थानीय स्तरमा आवश्यक जनचेतना अभिबृद्धि गरिनेछ ।

१.७.४३ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यबाट वातावरणमा पर्न सक्ने नकारात्मक असरका सम्वन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षणलाई मुख्य आधार बनाई प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्याकंन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरिनेछ । वातावरणीय

प्रभाव मूल्याकंन (EIA) वा प्रारम्भिक वातावरणीय परीक्षणले सिफारिस गरेका प्रमुख सुझावहरूलाई नियन्त्रण कार्यसँग आवद्ध गरी संचालन गरिनेछ ।

**(ट) प्रविधि विकास तथा प्राविधिक जनशक्ति व्यवस्थापन**

१.७.४४ उपलब्ध स्रोत र प्रविधिको प्रभावकारी उपयोग गरी जल उत्पन्न प्रकोप नियन्त्रण कार्य गरिनेछ ।

१.७.४५ देशमा विद्यमान जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी अनुभव र सीपलाई जनचेतना प्रवाह गर्न विद्यालयस्तर देखि नै औपचारिक शिक्षा प्रणालीमा समावेश गर्न सम्बन्धित निकायसंग समन्वय गरिनेछ । साथै सरकारी, सामुदायिक तथा निजी क्षेत्रमा तालिम, अनुसन्धान र कार्यक्षमताको संस्थागत विकासमा सहयोग पुऱ्याइनेछ ।

१.७.४६ सबै किसिमका जल उत्पन्न प्रकोप नियन्त्रण कार्यमा नयाँ प्रविधिको विकास, प्रयोग र जनशक्तिको क्षमता विकास (Capacity Building) समेतलाई विशेष महत्व दिई कार्यान्वयन गरिनेछ ।

१.७.४७ जिल्लास्तर तथा आयोजनाहरूबाट प्राप्त सूचना तथा तथ्यांकलाई केन्द्रीय स्तरमा एकीकृत गरी उपयुक्त माध्यमबाट सार्वजनिकीकरण गरिनेछ ।

१.७.४८ नयां प्रविधि विकास तथा मानव संसाधन विकासको लागि प्राविधिक तालिम सूचना तथा कार्यान्वयन प्रयोजनका लागि विभिन्न प्रकारका जल जन्य प्रकोपहरूको अध्ययन तथा अनुसन्धानको लागि साइट निमार्ण तथा प्रयोगशालाको अध्यावधिक गरिनेछ ।

**(ठ) समन्वय र सामन्जस्यता**

१.७.४९ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यले चर्चेको क्षेत्रमा भएका रूख विरूवा तथा अन्य जायजेथा माथिको स्वामित्व, दायित्व र त्यसको उपयोग र जवाफदेहीता प्रचलित कानून बमोजिम हुनेछ । नदीको दायाँ बायाँ बनेको तटबन्धको डिलमा बृक्षारोपणको सन्दर्भमा सम्बन्धित प्रभावित उपभोक्ता समुहले सम्बन्धित जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय र वन कार्यालयको समन्वयमा काम गर्नेछन् ।

१.७.५० जल उत्पन्न प्रकोप नियन्त्रण कार्यको दिगो विकासको निमित्त आवश्यक अनुसन्धान, अध्ययन तथा तालिमको काममा स्थानीय गैर सरकारी क्षेत्रको संलग्नता बढाउदै प्रभावित उपभोक्ता समूह तथा निजी क्षेत्रको संस्थागत विकासमा सहयोग पुचाइनेछ ।

१.७.५१ विभिन्न नदी घाटीहरूको जल बहाउ क्षमताको तथ्याङ्कलाई जल तथा मौसम विज्ञान विभागसँगको समन्वय र सहकार्यमा अद्यावधिक गरिनेछ ।

१.७.५२ जल उत्पन्न प्रकोपव्यवस्थापनसंग सम्बन्धित कार्य विभिन्न विभाग, क्षेत्रीय तथा जिल्ला स्तरका कार्यालयहरूसँग समन्वय र सहकार्य गरी नदी तथा पहिरो नियन्त्रण कार्यहरू गरिनेछ ।

१.७.५३ जल उत्पन्न प्रकोप व्यवस्थापनसंग सम्बन्धित कार्य विभिन्न विभाग, क्षेत्रीय तथा जिल्ला स्तरका कार्यालयहरूबाट समेत सम्पादन हुने गरेकोले सो कार्यमा दोहोरोपना हुन नदिन र अन्तरनिकाय बीच समन्वय गर्नका लागि देहाय अनुसारको एक समन्वय समिति रहने छः

| | |
|---|---|
| (क) सचिव, सिंचाइ मन्त्रालय | संयोजक |
| (ख) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक तथा पूर्वाधार महाशाखा) | सदस्य |
| (ग) सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| (घ) सहसचिव, विज्ञान तथा वातावरण मन्त्रालय | सदस्य |
| (ङ) सहसचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| (च) महानिर्देशक, भू तथा जलाधार संरक्षण विभाग | सदस्य |
| (छ) महानिर्देशक, जलउत्पन्न प्रकोप नियन्त्रण विभाग | सदस्य सचिव |

**(ड) अनुगमन तथा मूल्याङ्कन**

१.७.५४ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यको गुणस्तर र प्रभावकारिताको लागि मापदण्ड सहितको केन्द्रीयस्तरमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ ।

१.७.५५ अनुगमन तथा मूल्याङ्कनबाट निर्दिष्ट गरिएका विषयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

१.७.५६ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यले पुऱ्याएको सेवाको अनुगमन गर्दा जग्गा उकास, तटबन्ध निमार्णबाट जोगिएको जनधनको विवरण, तटबन्ध निमार्णबाट पुग्न गएको यातायातको सुविधा र त्यसको प्रतिफल, प्रभावित समूहको आर्थिक स्थिति जस्ता परिवर्तनलाई हेरिनेछ ।

१.७.५७ जल उत्पन्न प्रकोप नियन्त्रण तथा कार्यक्रम कार्यान्वयनका प्रत्येक तहमा आवश्यकता अनुसार भौगोलिक र व्यवस्थापकीय सूचना प्रणाली (GMIS) अद्यावधिक गरी अनुगमन र मूल्याङ्कन गरिनेछ ।

१.७.५८ जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी सम्पूर्ण विवरण वार्षिक रूपमा अद्यावधिक गरी प्रकाशन गरिनेछ ।

## १.८ नीति पुनरावलोकन

यो नीतिलाई हरेक पाँच वर्षमा पुनरावलोकन गरिनेछ तर आवश्यक परेको अवस्थामा सो भन्दा अगावै पनि परिमार्जन गर्न सकिनेछ ।

## १.९ नीतिको कार्यान्वयन व्यवस्था

यस नीतिको कार्यान्वयनका लागि देहाय बमोजिम उपाय अवलम्वन गरिने छ:

१.९.१ यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि विशिष्टीकृत र बिषयगत कार्ययोजना (Plan of Action) तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१.९.२ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम तर्जुमा एवं कार्यान्वयनगर्दा यस नीतिलाइ आधारभुत मार्गदर्शनका रूपमा लिइनेछ । जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी आयोजना तथा कार्यक्रमको निरन्तर कार्यान्वयनका लागि प्राथमिकताका आधारमा बहुवर्षीय कार्यक्रम र वजेटको तर्जुमा गरी श्रोत व्यवस्थापन गरिनेछ ।

१.९.३ कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना तथा व्यवस्थापन पद्धतिमा सुधार गर्नका लागि संगठन तथा व्यवस्थापन अध्ययन गरी सो को प्रतिवेदन अनुसार सुदृढीकरण गरिनेछ ।

१.९.४ यस नीतिको कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन एवं निर्णय पद्धतिलाई बैज्ञानिक, पारदर्शी र व्यवस्थित गर्नका लागि आवश्यक सूचना प्रणालीको ब्यवस्था गरिनेछ ।

१.९.५ यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षबाट आउनेवाधा अवरोधको व्यवस्थापन गर्दै आपसी संवादबाट समस्याको समाधान गरिनेछ ।

१.९.६ कार्यान्वयनमा सार्वजनिक जवाफदेहीता र नागरिक उन्मुखता अभिवृद्धि गर्न नागरिक प्रति उत्तरदायी र सक्षम सेवा प्रवाह गर्ने तथा विकासात्मक अनुपोषण (Developmental Feedback) प्रणालीलाइ सुदृढ तुल्याइनेछ र गुनासो व्यवस्थापन प्रणालीमा आवश्यक सुधार गरिनेछ ।


१.९.७ केन्द्रीय तथा जिल्लास्तरमा गरिने कार्यान्वयन समिक्षा गोष्ठी तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा यस नीतिको कार्यान्वयनको अनुगमन तथा समिक्षा गरिनेछ ।

## १.१० आवश्यक कानून बनाइने

यो नीति कार्यान्वयनको लागि आवश्यक कानुनहरू बनाईने छ ।

## १.११ खारेजी र बचाउ

जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २०६२ खारेज गरिएको छ । उक्त नीति बमोजिम भए गरेका काम कारवाहीहरू यसै नीति बमाजिम भए गरेको मानिनेछ ।




चित्र १: पहिरो तथा जोखिम क्षेत्रको वर्गिकरण

**अनुसूची-२**

पहिरो जोखिम क्षेत्रको वर्गीकरण

(१.७.१६.२ संग सम्बन्धित)

| सि. नं. | पहिरो जोखिम क्षेत्रको वर्गीकरण | जमिनको प्रयोग | कैफियत |
|---|---|---|---|
| १ | अति जोखिम क्षेत्र (Zone 1)<br>(चित्र १A,B,C) | नयाँ वस्ती विकास नगर्ने । | पूर्व सूचनाको आधारमा अति सतर्कता अपनाउनु पर्ने |
| २ | सामान्य **जोखिम** क्षेत्र (Zone 2)<br>(चित्र १ A,B,C) | नया वस्ती विकास नगर्ने । | पूर्व सूचनाको आधारमा सतर्कता अपनाउनु पर्ने |
| ३ | न्यून **जोखिम** क्षेत्र (Zone 3)<br>(चित्र १ A,B,C) | सतर्कता साथ वस्ती विकास, आर्थिक क्रियाकलाप तथा कृषि विकास गर्ने | पूर्व सूचनाको आधारमा सतर्कता अपनाउनु पर्ने |

**अनुसूची-३**

भिरालो जमिनको वर्गीकरण

(१.७.१६.३ संग सम्बन्धित)

| सि.नं. | भिरालो जमिनको वर्गीकरण | जमिनको उपयोग | कैफियत |
|---|---|---|---|
| १ | ३०° वासोभन्दा कम भिरालो जमिन | कृषि विकास, वस्ती विकास तथा आर्थिक क्रियाकलापका कार्यहरू गर्न सकिने । | |
| २ | ३०° र ४५° बिचको मध्यम भिरालो जमिन | कृषि तथा पशु पालन प्रयोजनको लागि मात्र उपयुक्त हुने । | |
| ३ | ४५° भन्दा बढी अति भिरालो जमिन | वन क्षेत्रको लागि उपयुक्त । | |
| ४ | सिवालिक क्षेत्र (चुरे क्षेत्र) | वस्ती विकास तथा आर्थिक क्रियाकलापका कार्यहरू नियन्त्रण गर्ने । | |

**अनुसूची-५**

बाढी तथा डुवान क्षेत्रको जमिनको उपयोग

(१.७.१६.४ संग सम्बन्धित)

| सि नं. | क्षेत्रको नामाकरण | जमिनको उपयोग | कैफियत |
|---|---|---|---|
| १ | Z0 | बगर क्षेत्र | नदी वहावका लागी सुरक्षित क्षेत्र । |
| २ | Z1 | कृषि, वन, सवारी साधन पार्किङ्ग, मनोरंजन क्षेत्र (Recreational park) आदि । | निजि तथा बस्ती विकास निर्माण निषेधित क्षेत्र |
| ३ | Z2 | Z1 का सबै क्रियाकलाप र उच्च plinth मा आवास क्षेत्र बनाउन पाउने । | २५ वर्षमा हुने पुनरावृत्ति कालको बाढी (25year return period flood) + ५० से. मि. |
| ४ | Z3 | Z1 र Z2 का सबै क्रियाकलापको साथै वस्ति विकास, सार्वजनिक भवन, स्कुल, अस्पताल, आपतकालीन केन्द्र आदि । | स्कूल, अस्पताल, र आपतकालीन केन्द्र आदि ५० वर्षमा हुने पुनरावृत्ति कालको बाढी (50 year return period flood) + ५० से.मि. |
| ५ | Z4 | यथा योग्य उपयोग गर्न सकिने | रणनैतिक संरचनाहरू जस्तै: प्रकोपमा प्रयोग हुने आवास (Shelter), ऊर्जा, ठूला उद्योग आदि । |

**नोट:**

क) बाढी सिमांकन निर्धारण गर्न नसकिने क्षेत्रमा नदीको किनारबाट न्युनतम १० मि. छोडनु पर्नेछ ।

ख) तटबन्ध निर्माण भएका क्षेत्रमा पनि सिमांकनलाई निषेधित गरिने छैन ।